## बिस्फोटमा ३६० को मृत्यु

काठमाडौं । श्रीलङ्काको राजधानी कोलम्बोबाट पूर्वतर्फको बाहिरी इलाकामा बिहीबार पुनः बम बिस्फोट भएको प्रहरीले जानकारी दिएको छ । स्थानीय समयानुसार बिहीबार भएको उक्त बम आक्रमणबाट कुनै मानवीय हताहतको खबर प्राप्त नभएको पनि प्रहरीले बताएको छ ।

गत आइतबार तीन वटा पाँचतारे होटल र तीन वटा चर्चमा भएको शृंखलाबद्ध बम बिस्फोटमा मृत्यु हुनेको संख्या बिहीबार मध्यान्हसम्म ३६० जना पुगेको छ । मृत्यु हुनेमा भारतीय, अमेरिकी, बेलायती, जापानी बाँकी ८ पेजमा

जननी जन्मभूमिश्च स्वर्गादपि गरियसी
(Mother And Motherland Are Greater Than Heaven)

# ग्रेटर नेपाल

(देशभक्ति, पर्यावरण र सामाजिक विकासमा समर्पित) साप्ताहिक

## मालेको समवेदना

काठमाठौं । श्रृंखलाबद्ध बम विस्टोमा परी मृत्यु हुनेहरुप्रति नेकपा मालेले एक विज्ञप्ति प्रकाशित गरी भावपूर्ण श्रद्धाञ्जली तथा समवेदना प्रकट गरेको छ । पार्टीका महासचिव सीपी मैनालीद्वारा हस्ताक्षरित वक्तव्यमा भनिएको छ- 'हालै श्रीलङ्काको कोलम्बो, नोगोम्बो र बट्टिकलोआ शहरका विभिन्न ८ स्थानमा भएको श्रृङ्खलाबद्ध बम विस्फोटमा परी २९० भन्दा बढीको मृत्यु र ५०० जना भन्दा बढी घाइते भएको समाचारले हामीलाई स्तब्ध बनाएको छ । सर्वसाधारणको ज्यान जानेगरी गरिएको उक्त नृशंस आक्रमण बाँकी ८ पेजमा

वर्ष ८ अंक २, २०७६ साल वैशाख १३ गते शुक्रबार, नेपाल संवत् ११३९ (April 26, 2019) Website : www .greaternepal .com .np मूल्य रु. १० ।-

# बिआरआई : के हो चिनियाँ चाहना ?

यही वैशाख १३ र १४ गते चीनको राजधानी बेइजिङमा दोस्रो बिआरआई अन्तर्राष्ट्रिय शिखर मञ्चमा भाग लिन विश्वका ६५ मुलुक र क्षेत्रका २ हजारभन्दा बढी प्रतिनिधि सहभागी भएका छन् । सन् २०१९ को मार्चसम्ममा बिआरआईमा १२६ मुलुक र २९ अन्तर्राष्ट्रिय संगठन सहभागी भइसकेका छन् । अहिले बिआरआईमा एसिया, युरोपदेखि अफ्रिका, ल्याटिन अमेरिका दक्षिण प्रशान्त क्षेत्रसम्म आबद्ध छन् । दोस्रो बिआरआई अन्तर्राष्ट्रिय सहयोग शिखर मञ्चमा नेपालबाट पनि राष्ट्रपति विद्यादेवी भण्डारीको नेतृत्वमा प्रतिनिधिमण्डल सहभागी भइरहेको छ ।

बिआरआई अन्तर्राष्ट्रिय सहयोग मञ्च विश्वमा आयोजना हुने मञ्चभन्दा भिन्न छ । अन्य सम्मेलनहरु आफ्नो देशमा लगानी भित्र्याउनका लागि गरिन्छ । नेपालले पनि केहीअघि लगानी सम्मेलन गऱ्यो । यसको अर्थ हो हाम्रो देशमा लगानी गरिदिनोस् भनेर अल्प देशहरुसँग याचना गर्नु । तर बिआरआई सम्मेलनमार्फत चीनले भनिरहेको छ- ' हामी तपाईंहरुको देशमा लगानी गर्छौं, परियोजना ल्याउनोस् । चीनले माग्नलाई होइन, दिनलाई बिआरआई सम्मेलन गरिरहेको छ । बिआरआईले अन्तर ाष्ट्रिय आर्थिक साझेदारी कोरिडोरको अवधारणालाई बृहत परियोजनाका रुपमा अघि सारेको छ । जसमा नयाँ एसिया युरोप कन्टिनेटल पुल, चीन-मंगोलिया-रुस, चीन केन्द्रीय एसिया पश्चिम एसिया, चीन इन्डोचाइना प्रायद्विप, चीन पाकिस्तान र बंगलादेश चीन म्यानमार गरी ६ ठूला अन्तर्राष्ट्रिय कोरिडर छन् ।

यी कोरिडरले एसियाली अर्थतन्त्रको सञ्जाललाई युरोपियन अर्थतन्त्रको सञ्जालसँग जोड्नेछन् । बिआरआईमा भारतले प्रवेश गरेको छैन । पछि भारत सहभागी भए चीन-नेपाल-भारत आर्थिक कोरिडोर निर्माण हुने चीनले पहिल्यै बताइसकेको छ । बिआरआईले अँगालेका मूलभूत सिद्धान्तमध्ये विकास निर्माण र साझेदार पहिलो हो । विकास निर्माणभित्र शान्तिपूर्ण साझेदारी, खुलापन, सहनशीलता, आपसी छलफल तथा हित र साझा जित छन् । आपसी छलफल र संवादबाट स्थिर व्यापार र आर्थिक गतिविधिमा रहेर जनस्तरको सम्बन्ध अवधारणा कार्यमा तथा दृष्टिकोण यथार्थमा परिवर्तन र स्थानीय स्तरबाट



विश्वव्यापी स्तरमा गरिने विकास यसका मुख्य नारा हुन् । इशापूर्व १३०, हान वंशको पालाको रेशम मार्ग पुनः ब्युँताउँदै आधुनिक युगमा व्यापार तथा पूर्वाधार सञ्चालमार्फत एसियालाई युरोप र अफ्रिकासँग जोड्ने चीनको आर्थिक कार्यक्रम हो बिआरआई । यो कुनै भूराजनीतिक तथा सैन्य गठबन्धन होइन, खुला सहभागितामूलक र साझा विकास कार्यक्रम हो । बिआरआईको घोषणा सन् २०१३ मा चिनियाँ राष्ट्रपति सि जिन पिङले गरेका थिए । बिआरआई सुरु भएपछि सन् २०१३ देखि २०१८ सम्म चिनियाँ कम्पनीहरुले यसमा आबद्ध मुलुकमा ९० अर्ब डलर लगानी गरिसकेका छन । चार खर्ब डलर लगानीका परियोजनाहरुमा सम्झौता भइसकेका छन् । सन् २०१८ मा मात्र चिनियाँ कम्पनीहरुले बिआरआई मुलुकहरुमा १५ अर्ब ६० करोड डलर गैरआर्थिक लगानी गरेका छन् । विश्व बैंकको अध्ययन अनुसार बिआरआईले पूर्वी एसिया तथा प्रशान्त क्षेत्रका विकासोन्मुख मुलुकको कुल गार्हस्थ उत्पादनमा ३.९ प्रतिशतले योगदान दिएको छ ।

सन् २०१७ मेमा सम्पन्न बिआरआई अन्तर्राष्ट्रिय शिखर मञ्चमा २९ देशका राष्ट्र प्रमुख तथा सरकार प्रमुख सहभागी भएका थिए । नेपालले पनि अर्थमन्त्रीको नेतृत्वमा सानो प्रतिनिधि मण्डल पठाएको थियो । सम्मेलन हुनुभन्दा केही अघि मात्र बिआरआईमा नेपालले हस्ताक्षर गरेकाले परियोजनाहरु लान भ्याएन । यसपटक राष्ट्रपति भण्डारीको नेतृत्वमा गएको नेपाली प्रतिनिधिमण्डलले परियोजनाका ९ सूची बोकेर गएको छ । तीमध्ये मदन भण्डारी पोलिटेक्निक इन्स्टिच्युट, हुम्ला जोडिनृ हिल्सा नाका, मुस्ताङसँग जोडिएको केरला नाका खोल्न, गल्छीदेखि केरुङसम्मको बाटो स्तरोन्नति गर्ने, केरुङ काठमाडौंको रेल मार्गको विस्तृत अध्ययन लगायत प्रस्ताव राख्दैछ । चीन र नेपालबीच व्यापार तथा पारवहन सन्धिको प्रोटोकलमा हस्ताक्षर हुँदैछ ।

बेल्ट एन्ड रोड इनिसिएटिभ एउटा सिक्ने-सिकाउने मोडल हो । यो कुनै चिनियाँ मोडल अर्को देशमाथि थोपर्ने प्रक्रिया होइन । यतिबेला आएर यो अझ प्रस्ट भइसकेको छ ।

चीनको पछिल्ला केही वर्षदेखि प्रशिक्षार्थीबाट शिक्षक बन्ने एउटा माध्यम बनेको छ- एसियाली पूर्वाधार लगानी बैंक । मानव जातिको इतिहासमा कुनै पनि अरू शक्तिले भन्दा बढी पूर्वाधारको सफलतापूर्वक निर्माण गरिसकेको देश हुनुको नाताले चीन आज आफ्ना अनुभव अरू देशसँग साट्न सक्ने हैसियतमा पुगेको छ । सन् २०१४ मा चीन सरकारले एसियाली पूर्वाधार लगानी बैंक स्थापना गऱ्यो । त्यसले धेरै प्रकारका विरोध र आलोचना पनि सामना गर्नुपऱ्यो । तर, चीनका आफ्नै विशिष्ट विकासका अनुभव अन्य देशले पनि उपयोग गर्नसक्ने वास्तविकता भने विवादरहित छ ।

बेल्ट एन्ड रोड इनिसिएटिभ चीनको सुधार र खुलापनको दशकौं लामो प्रक्रियाको दोस्रो ठूलो फड्को हो । यो परियोजनाअन्तर्गत बाँकी ८ पेजमा

## घाटाको व्यापार

काठमाडौं । आर्थिक वर्ष २०७५।७६ को आठ महिनामा व्यापार घाटा साढे ८ अर्ब नाघेको छ । आव २०७५।७६ को आठ महिनामा राष्ट्र बैंकको तथ्यांकअनुसार नेपालले वैदेशिक व्यापारघाटा ८ खर्ब ८७ अर्ब ८८ करोड रुपैयाँ व्यहोरेको छ ।

आव २०७४।७५ को तुलनामा चालु आव २०७५।७६ मा नेपालको वैदेशिक व्यापारघाटा २४ दशमलव ५ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो आयात २२ प्रतिशतले बढेको थियो । कुल वस्तु आयात २३ दशमलव ८ प्रतिशतले बढेको हो । भारतबाट २२ प्रतिशत आयात भएको छ भने बाँकी ८ पेजमा

## कति आउँछ रेमिट्यान्स ?

काठमाडौं । केही महिनाअघि लगातार रेमिट्यान्सको आप्रवाह घटे पनि पछिल्लो समयमा भने विस्तारै सुध्रिँदै आएको छ । विदेश जाने नेपाली कामदारको संख्या लगातार रुपमा घटे पनि नेपाल भित्रिने रेमिट्यान्स बढेको छ । फागुनबाट डलरको भाउ बढेकाले रेमिट्यान्स वृद्धि भएको हो । तर अहिले भने डलरको भाउमा केही गिरावट आएको छ । बाँकी ८ पेजमा

## मालेको अन्तर्क्रिया

काठमाडौं । नेकपाको ७१ औं स्थापना दिवस तथा १५० औं लेनिन जयन्तीको उपलक्ष्यमा नेकपा मालेले पार्टी कार्यालयमै अन्तर्क्रियाको आयोजना गरी नेकपाको ७० वर्षको सिंहावलोकन र नेकपा मालेको कार्यदिशाबारे छलफल गरेको छ । वैशाख १० गते आयोजित अन्तर्क्रियामा महासचिव सीपी मैनालीले स्वदेश तथा विदेशमा रहेका नेपाली तथा मालेका सुभेच्छुकहरुमा सन्देश प्रवाह गर्दै समसामयिक राजनीतिमा देखिएका जल्दाबल्दा प्रश्नहरुको राष्ट्रियतालाई केन्द्रमा राखेर हल गर्दै जानका लागि सम्पूर्ण देशभक्ति, वामपन्थी राष्ट्रवादी शक्तिहरु एक हुनुपर्ने र मार्क्सवादको रक्षा गर्दै नेपाली क्रान्तिलाई नयाँ उचाइमा पुऱ्याउन बाँकी ८ पेजमा

## प्रदेश स्थापना दिवसमा सार्वजनिक विदा

काठमाडौं । प्रदेश सरकारले २०७६ सालमा ६ दिन सार्वजनिक विदा दिने निर्णय गरेको छ ।

बिहीबार बसेको मन्त्रिपरिषदको बैठकले प्रदेश सरकारले ४ दिन प्रदेशका सबै जिल्लामा र २ दिन जातजाति तथा समुदाय अनुसार बिदा दिने निर्णय गरेको हो । बकर इद, माघी र माघे सक्रान्तिमा माघ १ र २ गते, प्रदेश स्थापना दिवशमा फागुन ३ गते प्रदेश सरकारले विदा दिनेछ । यस्तै स्थानीय चाडपर्वलाई मध्यनजर गरी स्थानीय तहको निर्णयअनुसार एक दिन र रमजानमा विदा दिइनेछ ।

बैठकले प्रदेश नम्बर ५ सरकारले विभिन्न प्रकृतिक विपदमा ज्यान गुमाएका ५१ जनाका हकवालालाई १ लाखका दरले राहत उपलब्ध गराउने भएको छ ।

बाढी डुवान, करेन्ट, आगालागी, खोलाले बगाएको, पहिरो, चट्टयाङ लगायतका विपतमा परी ज्यान गुमाएका परिवारका सदस्यहरुलाई राहत दिइनेसरकारका प्रबक्त्ता तथा भैतिक पूर्वाधार विकास मन्त्री वैजनाथ चौधरीले बताए । बैठकले राप्ती गाँउपालिका वडा नम्बर ७ बसन्तपुरमा अन्तर्राष्ट्रिय स्तरको रङ्गशाला निर्माण, बुटवल उपमहानगरपालिका वडा नम्बर १३ जवइ खोला मैदानमा उजिर सिंह रंगशाला निर्माण गर्ने र घोराही उपमहानगर पालीमा

## नेकपाको ७० बर्षे इतिहासबाट लिनुपर्ने शिक्षा

**–सी.पी.मैनाली**
*महासचिव, नेकपा (माले)*



**प्रिय सहयोद्धा कमरेडहरू !**
**क्रान्तिकारी अभिवादन ! लाल सलाम !!**

१. आज २०७६ सालको बैशाख १० गते विक्रमी पात्रो अनुसार नेकपाको ७१ औं स्थापना दिवस हो । तर लेनिन जन्मजयन्तिको आधारमा यसलाई अप्रेल २२ मा नै मानिदै आएको छ । हामी पनि यसलाई नै मान्दछौं । तर प्राविधिक कारणले हामी आज अप्रेल २३ तारिखमा लेनिनको १५५ औं जन्मजयन्ति तथा पार्टीको स्थापना दिवसको कार्यक्रम गरिरहेका छौं ।

२.यस अवसरमा म नेकपा (माले) को केन्द्रीय कमिटीको तथा आफ्नै तर्फबाट समेत सम्पूर्ण नेपाली कम्युनिष्ट, समर्थक तथा सहयोगीहरु र आम नेपाली जनतामा शुभकामना र वधाइ ज्ञापन गर्दछु र महान लेनिनप्रति सम्मान तथा कृतज्ञता प्रकट गर्दछु । यी दुवै सन्दर्भले हामी नेपाली कम्युनिष्टहरुलाई नेपाली वस्तुस्थिति र विशिष्टताहरुमा मार्क्सवाद-लेनिनवादलाई नवप्रवर्तनकारी ढंगले लागू गर्ने चेतना र उर्जा थपिदिउन भनी कामना समेत गर्दछु ।

३.विगत ७० बर्षमा हाम्रो देशमा तीनवटा राजनीतिक परिवर्तन वा राजनीतिक क्रान्ति सम्पन्न भएका छन् । व्यापक रुपमा भुई तहका जनसमुदायहरु समेत राजनीति-जागरुक बनेका छन् । प्रत्येक पटक केही महत्वपूर्ण प्रगतिशील, विशेष गरी अग्रगामी राजनीतिक परिवर्तन भएका छन् । प्रत्येक परिवर्तनमा छिमेकी भारतका प्रशासकहरु हाम्रो राजनीतिक क्रान्तिमा मध्यस्थ बनेका छन् वा तिनले बन्ने कोशिस गरेका छन् । परिणामस्वरुप प्रत्येक राजनीतिक परिवर्तन सँगसँगै भारतीय हस्तक्षेप वढेका छन् ।

४. यसको आधारमा हामीले नेपाली कम्युनिष्ट आन्दोलन (नेकआ) को ७० बर्षको समीक्षा गरी यसको आगामी कार्यदिशाबारे स्पष्ट हुनुपर्दछ । किन यस्तो हुन्छ ? प्रत्येक राजनीतिक परिवर्तनमा ब्रिटिश-औपनिवेशिक कालदेखि आजसम्म नेपालप्रति विस्तारवादी नीति अपनाइरहेको भारतलाई नै हामी किन हाम्रो राजनीतिक क्रान्तिको मध्यस्थकर्त्ताबनाउँछौं? किन प्रत्येक पटक सम्झौतामा टुङ्गिने हाम्रो राजनीतिक क्रान्तिले हाम्रो निम्ति केही अग्रगामी राजनीतिक परिवर्तन बाँकी ८ पेजमा


## सीमानाकाबाट हतियार बरामद

काठमाडौं । नेपाल प्रहरीले बुधवार मध्यरातमा सीमानाकाबाट हतियारसहित गोली बरामद गरेको छ । जिल्ला प्रहरी कार्यालय रौतहटबाट प्रहरी निरीक्षक पप्पु नायकको कमाण्डमा खटिएको एम्बुस टोलीले एक थान कटुवा पेस्तोल र एक थान गोली बरामद गरेको हो ।

जिल्लाको परोहा नगरपालिका ८ नेपाल - भारत सीमा दशगजा क्षेत्रमा एम्बुस बसेको बेला भारततिरबाट दुई संकास्पद अवस्थामा नेपाल पस्न खोजेका थिए । मध्यरातमा दुवैजनालाई चेकजाँच गर्न खोज्दा बोकेको गमछा छोडी भारततर्फ भाग्न सफल भएका थिए । अध्यारोको फाइदा उठाएर भाग्न सफल भए पनि भूइँमा फालेको गमछालाई चेकजाँच गर्दा त्यसभित्र बेरिराखेको अवस्थामा बाँकी ८ पेजमा

## उर्जा मेला र अन्तर्क्रिया






काठमाडौं । नेपालस्थित जर्मन दूतावासले नेपाली विद्यार्थीको लागि अन्तरक्रिया कार्यक्रम राखेको छ । पुलचोकस्थित इन्जिनियरिङ क्याम्पसमा भइरहेको उक्त सम्मेलनमा विद्यार्थीको घुईंचो लागेका छ । स्नातक, स्नातकोत्तर र पिएचडी गर्न जर्मनी जानेहरुका लागि यो निकै महत्वपूर्ण सम्मेलन भएको नेपालका लागि जर्मन राजदूत रोनाल्ड साफरले बताए । बाँकी ८ पेजमा

**समय-सन्दर्भ**

## राष्ट्रवादको रहस्य

**युवराज गौतम**

टर्कीमा 'उलेमा' भनिने धर्माधिकारीकाहरूको शासक समूह थियो, कुनैबेला । मुसलमान (इस्लाम) धर्मका ग्रन्थ हेरेर दण्ड दिन्थे उनीहरू । धर्म संस्कृति जोगाउँदै राष्ट्र बलियो बनाउने उद्देश्य भए पनि शैली कठोर थियो । त्यसैले शासकहरूको विरोध भइरह्यो ।

बौद्धमार्गी राष्ट्र भुटानमा आज पनि दुई राजा छन्- धर्मराजा र देवराजा । धर्म र राजकाज हेर्छन्, उनीहरू । 'एक नम्बर' प्लेट भएका गाडी चढ्छन् । दुई राजाबीच सुमधुर सम्बन्ध छ । राष्ट्राध्यक्षले धर्मराजालाई अभिभावक मान्छन् । सम्मान गर्छन् । धर्म-संस्कृति संरक्षण, सम्पोषण, संवर्द्धन र सदाचार कायम राख्न सकियो भने मात्र नयाँ पुस्ता मातृभूमिप्रति इमान्दार, समर्पित र निष्ठावान् बन्नसक्छ भन्ने उनीहरूको अटुट विश्वास छ ।

'उलेमा' कट्टरपनको परिचय हो । त्यो जमाना अब छैन । नेपालमा हजारौं वर्ष अघिदेखि सबै बाँचौं, सबै हाँसौं भन्ने उदार चिन्तन विकास भयो । नेपाली-नेपालीलाई आपसमा जुधाउने कुत्सित अभिप्रायले केही पश्चिमा लेखकले हावादारी कुरा लेखे । अंग्रेजी पढेका केही टपरटुइयाँले त्यसैलाई आधार बनाए ।

नेपाल र नेपालीबारे विदेशीले गरेका दुष्प्रचारलाई नेपालका 'सुशिक्षित तथा दीक्षित' समुदायले मलजल गरे । गरिरहेकै छन् । विदेशीका कथन (न्यारेटिभ) अमरवाणी मान्नेहरू धेरै भेटिन्छन् । १२-१५ सय जनसंख्या भएको त्यसबेलाको कीर्तिपुर डाँडामा 'सत्र धार्नी नाक काटेको' किंवदन्ती सुनाएर मनोरञ्जन गराउनेहरू पनि छन् । गुरुङहरू मंगोलिया र पश्चिम चीनका मूलवासी हुन् भन्ने पश्चिमा लेखकहरूको कुतर्क गुरुङ समुदाय नै स्वीकार्दैनन् तर त्यही समुदायमा युरो-डलर चाट्ने केही पराधीन, पराश्रित र दम्भीहरू आफ्नो जातीय गाथामा गर्व गर्नुको साटो आफूलाई विदेशी भूमिबाट आएको भन्दै रमाएका छन् । दास भएरै कमाएका छन् । पार्टीलाई राष्ट्रवादको सुन्दर बर्को ओढाएर त्यहाँभित्र चीन, भारत, युरोप र अमेरिकाका चल्ला कोरल्ने गरिएको छ ।

डा. हर्क गुरुङ, प्राध्यापक जगमान गुरुङ, होमा गुरुङ (थकाली) आदि बाहेक गुरुङको भाषा, साहित्य र संस्कृतिबारे अरूले पनि लेखेका छन् । गहिरो खोजी गरेका छन् । तामाङ, थारू, किराती, मगर, थकाली, नेवार, मैथिली आदिका विषयमा धेरै नेपालीले अध्ययन/अनुसन्धान गरेका छन् । किरातीहरू बोलीवचनमा कुनै भद्रता देखाउँदैनन् भनेर गोराहरूले लेखे (स्रोतः ब्रेकिङ नेपाल पुस्तक) तर आफ्नै जातिलाई अपमान गर्नेहरूका पछिपछि दगुरेर धर्म-संस्कृति त्याग्नेहरू कति विवेकशील होलान् ? पृथ्वीनारायण शाहले नेपालीका प्राचीन धर्म-संस्कृति एवं 'कुलाधर्म' मास्न चाहने इसाई धर्म प्रचारकहरूलाई देश निकाला गरेर सही काम गरेका थिए कि गलत ? युवा पुस्ताले सोच्नुपर्छ ।

प्रथम विश्वयुद्ध (सन् १८१४-१८) तथा द्वितीय महायुद्ध (सन् १९३९-४४) दुवैमा नेपाली सेना संलग्न भयो, ब्रिटेनको फौजमा मिसिएर । एकछिन कल्पना गरौं, चीन र अमेरिकाकै कारण तेस्रो विश्वयुद्ध भयो भने नेपाल कुन देशको फौजमा मिसिएला ? चीन र भारतबीच भाले-भिडन्त भयो भने नेपालको भूमिका के हुन्छ ? युरोप, अमेरिका, चीन, भारत आदिले नेपाललाई गद्दाघर वा सिलखाना बनाए भने हाम्रो भविष्य के हुन्छ ? सिंहदरबार, गृह मन्त्रालय, परराष्ट्र मन्त्रालय, रक्षा मन्त्रालयलगायत जतातत्तैबाट विदेशीको हितमा मात्र निर्णय हुन थाले भने नेपाल र नेपालीको भविष्य के हुन्छ ?

अपराध अनुसन्धानमा उल्लखेनीय र असल काम गरेर नेपाल प्रहरीको उच्च सम्मान पायो, कुशल नामको कुकुरले । एउटै चारखुट्टेले हजारौं दुईखुट्टेलाई लज्जित बनायो । ७-८ जनालाई अनुसन्धानबेगर 'इन्काउन्टर' गरेर मारेको भन्दै गत वर्ष प्रहरीको धेरै आलोचना भयो । निर्मला पन्त काण्डमा प्रहरीको क्षमता, तालिम, दक्षता सबै निर्वस्त्र भयो । रहस्यमय हत्याको छानबिन नहुँदै सहिद घोषणा गरेर १०-१० लाख रुपैयाँ दिने सरकारको निर्णयजस्तै बजारमा दाल/चामल किन्न आएका मानिसको 'डिएनए' परीक्षण गऱ्यो प्रहरीले । अन्तराष्ट्रिय विमानस्थलबाट अर्बौं रुपैयाँको सुन तस्करी हुँदा प्रहरी र गुप्तचरहरू निदाइरहेका थिए । एउटै गोरे उप्रेतीले कालो दलिदिए ।

सन् १९३४ मा पर्सियाको नाम बदलेर इरान भन्न थालियो । बाँकी ८ पेजमा




सुरेन्द्र ढकाल प्रतिष्ठानको लागि
सम्पादक/प्रकाशक
सुरेन्द्रप्रसाद ढकाल

कार्यकारी सम्पादक
तेजेन्द्र प्रसाईं

प्रबन्ध सम्पादक
कृष्णराज दुलाल

प्रबन्ध निर्देशक
किरण थापा

अतिथि सम्पादक
विष्णु भट्टराई

सहसम्पादक
घनश्याम ओली

सम्पादन सहयोगी : गोविन्द विक

बजार व्यवस्थापन
रामशरण रिमाल

आजीवन सल्लाहकार
योगाचार्य वासुदेव ढकाल, डा.द्वारिकानाथ ढुंगेल

मुद्रक : अन्नपूर्ण अफसेट प्रिन्टर्स, असन, काठमाडौं
कार्यालय : नयाँ बानेश्वर, फोन ४१०५०४८ पोस्टबक्स ४२६५, फ्याक्स ४१०४४८७,
इमेल : greaternepal2012@gmail .com, www .greaternepal .com .np
*Visit : www .youtube .com Surendra Dhakal Social Activist*

## सम्पादकीय

# नेता मोटाउने लोकतन्त्र

राष्ट्रनिर्माता पृथ्वीनारायण शाहले 'प्रजा मोटा भया देश बलियो बन्या छ' भनेर बलिया, निरोगी, मोटाघाटा जनताको खाँचो महसुस गरेका थिए । एकीकरण अभियानकै दौरान पृथ्वीनारायण शाहले मृत्युवरण गरेपछि उदाएका शासकहरूले निरोगी प्रजाको कहिल्यै कल्पना गरेनन् । १०४ वर्षे राणा शासन, २३८ वर्षे राजाको शासनमा जनता चुसेर दरबारिया भाइ भारदार मोटाउने, विलासी राजमहल र दरबार ठड्याउने काम मात्र भए । राजाको प्रत्यक्ष शासनको चुलिँदो अलोकप्रियतालाई राजनीतिक दलहरूले जनता उचाल्ने हतियार बनाएर जनताको बलमा भएको जनआन्दोलनबाट २०४६ सालमा प्रजातन्त्रको बहाली भयो । २०४६ देखि २०६२/६३ सम्म चलेको प्रजातान्त्रिक शासनकालमा (ज्ञानेन्द्रको प्रत्यक्ष शासनको अवधिबाहेक) राजाको भूमिका कमजोर भए पनि खड्डदका कमेज सुरूवाल र हवई चप्पल लगाएर काठमाडौं भित्रिएका नेताहरू नवधनाढ्य र सामन्तको रूपमा उदाउन पुगे । बिना कुनै पेसा, व्यवसाय नेताहरूले करोडौंको सम्पत्ति हासिल गरेर उपत्यकामा विलासितापूर्ण जीवन बिताउन थाले । उता प्रजातन्त्रपछि मुलुक र व्यक्तिगत समृद्धिको कामना गर्ने जनता झन् कंगाल भएर खाडीको गर्मीमा कडा श्रम गरेर पसिना चुहाउन विवश बने ।

प्रजातन्त्रको ढ्याङ्रो बजाएर देश लुट्नेहरूको तमासालाई भजाएर माओवादीले जनयुद्धलाई शिखरमा पुऱ्यायो । प्रजातन्त्रवादीहरूसमेत माओवादीले अघि सारेका एजेन्डाहरूमा त्वं शरणम् बन्दै ज्ञानेन्द्रको प्रत्यक्ष शासनविरूद्ध खनिन पुगे । ०६२/६३ को संयुक्त जनआन्दोलनले राजाको नाम निशान नामेट पारिदियो । प्रजातन्त्रको नाममा लोकतान्त्रिक गणतन्त्र आयो । तर विडम्बना साम्यवादी सपनाको व्यापार गर्ने माओवादी प्रजातान्त्रिक नेताभन्दा भ्रष्ट र विलासी भएर निस्किए । अर्बौंको सम्पत्तिमा माओवादी नेताको स्वामित्व गाँसिएका तथ्य प्रमाणहरू विभिन्न ठाउँमा सार्वजनिक हुँदा समेत यिनीहरूको रौंसम्म झार्ने काम कहीँ कतैदेखि हुन सकेको छैन । माओवादी लडाकुका शिविरमा भएको अर्बौं भ्रष्टाचारको कतै खोजी नीति भएको छैन । अहिले प्रजातान्त्रिक कालका खेलाडी र माओवादीबीचको तालमेलले मुलुक पूर्ण रूपमा सेटिङ्मा सञ्चालन हुन थालेको छ । सेना, पुलिस, अदालतदेखि लिएर स्थानीय निकायहरूसम्म फैलिएको भ्रष्टाचारको जालो र भ्रष्टाचारदेखि आर्जित कालो धनको कमिसनमा रमाएका नेताहरूलाई लोकतन्त्र साँच्चीकै फलिफाप सिद्ध भएको छ । नेता र कर्मचारी मोटाउने लोकतन्त्रले आम जनतालाई अनावश्यक चर्को करको बोझमा पारेर जुकाले रगत चुसे जसरी चुलिरहेको छ ।

लोकतन्त्रले शासन सत्तामा आमूल फेरबदल ल्याएर राजाको ठाउँमा जनताका छोराछोरी त्यसमा पनि मधेसी र महिला पहिलो र दोस्रो राष्ट्रपति बने । राज्यका निकाय र सबै तहका निर्वाचित पदहरू समावेशी बनाइए अवश्य पनि यो सकारात्मक पक्ष हो । तर लोकतान्त्रिक परिपाटी लागू गराउने ठाउँमा बस्नेको चरित्र विल्कुलै अलोकतान्त्रिक र 'मै खाउँ मै लाउँ' को सिद्धान्तले ओतप्रोत भएका कारण आम जनतालाई निराशा र कुण्ठाको पानी खन्याउने काम मात्र गरियो । राजाको पालामा भाइभारदार समेत खर्चको अभावमा गाँजा बेच्न र मूर्ति चोर्न लाग्नु परेका घटना सार्वजनिक हुने गरेका थिए । अहिले जनताका छोरा लोकतान्त्रिक नेताहरूलाई खर्चको जोहो गर्न एउटा सिक्नेचर काफी छ । वाइडबडी काण्डमा भएको अर्बौं घोटाला, आयल निगमको घोटाला, एनसेलको कर छली प्रकरणको घोटाला, मेलम्चीमा भएका घोटाला, पुल, सडक, सिंचाइ, विद्युत आयोजना निर्माणमा भएका दर्जनौं घोटालाबाट नेताहरूले सात पुस्ता पुग्ने सम्पत्ति आर्जन गरिसकेका छन् । तुलनात्मक रूपमा स्वच्छ नेताको छवि बनाएका विष्णु पौडेल त ललिता निवासभित्रको करोडौं मूल्यको घडेरी जोड्न सफल बने भने अरू थोरै मात्र हलचल गर्ने नेताको सम्पत्तिको लेखाजोखा सामान्य ढंगले गर्न सम्भव छैन ।

मुलुकमा शिक्षा, स्वास्थ्य, महँगो बनाएर आफ्ना छोराछोरी विदेश पढाउने र आफू विदेशमा राष्ट्रिय ढिकुटीको पैसादेखि उपचार गराउने लोकतान्त्रिक नेताको आम चरित्र बनेको छ । मुलुकको उद्योगधन्दा बन्द गराउने अनि जनताका छोराछोरीले रगत, पसिना बगाएर आर्जेको रेमिट्यान्सले विलासिताका वस्तु आयात गरेर लोकतन्त्र चलाउने नेताहरूका लागि निश्चय पनि लोकतन्त्रले खुदो पल्टाउने काम गरेको छ । गरिब जनता, किसान, मजदुर कंगालीकरणतर्फ उन्मुख छन् । रेल र पानीजहाजको भाषण गर्न नथाक्नेहरू गाउँघरका स्वास्थ्यचौकीमा औषधि पुऱ्याउन र विद्यालयहरूमा शौचालय र खानेपानीको व्यवस्था गर्न सकिरहेका छैनन् । भन्सार नाकाहरूबाट खर्बौंको सुन तस्करी गराउनेहरू जनताका छोराछोरीले ल्याएको कोसेलीपात खोसेर स्टण्डबाजी गरिरहेका छन् । यसरी नै लोकतन्त्र केवल नेताहरूको देश लुट्ने साधन मात्र बन्ने हो भने फेरि पनि जनता सडकमा ओर्लन विवश हुनेछन् । सबैको लागि लोकतन्त्र र सबैका लागि न्याय समानताका लागि जनता फेरि एकपटक लड्नुपर्ने अवस्था स्पष्ट देखिन थालेको छ ।

लोकतान्त्रिक नेताहरूले सबैभन्दा ठूलो फटाइँ राष्ट्रघातबाट समेत गरिरहेका छन् । नक्कली नागरिकताको छानबिन नगरी जन्मसिद्धका छोराछोरीलाई वंशजको नागरिकता वितरण गर्ने गृहमन्त्रालयको सर्कुलरलाई गम्भीर राष्ट्रघातका रूपमा लिनुपर्ने हुन्छ । नेपाललाई फिजीकरण र सिक्किमीकरण गर्न कम्मर कसेर लागेका नेताहरू कसको निर्देशनमा कहाँबाट सञ्चालित छन् स्पष्ट भइसकेको छ । त्यसैगरी प्रेसलाई घाँटी निमोठेर संविधानले दिएको वाक, प्रकाशन स्वतन्त्रतामा अंकुश लगाउनेतर्फ भइरहेको सरकारको कार्य पनि निरंकुशतातर्फ सोझिएको छ । सबैखाले भेदभावको अन्त्य स्वच्छ प्रशासन, भ्रष्टाचारमुक्त राजनीतिको बहाली नभएसम्म आम नागरिकले लोकतन्त्रको अनुभूति गर्न सक्दैनन् ।

# कसैले भन्नु पर्दैन प्रमाण आफैं बोल्छन्

**सुरेन्द्र ढकाल**



अहिलेको डबल नेकपाको दुईतिहाई सरकारले आफूलाई जतिकै विकासप्रेमी, सुशासक, पारदर्शी र लोकतान्त्रिक भने तापनि राज्यकै अंगहरुले प्रस्तुत गरेका तलका तथ्यांक र सूचनाहरुले सरकारको त्यो दाबीलाई मिथ्यांक प्रमाणित गरेको छ । तथ्यपूर्ण उदाहरणहरु निम्नानुसार छन् :

**१) सक्षमताको कुरा** : सरकारले आफ्नो अर्थमन्त्रीमार्फत हरेक वर्ष बजेट संसद्बाट अनुमोदन गरी योजनाअनुरुप बेलैमा बजेट विनियोजन गरी खर्च आर्थिक वर्षभित्रै गर्नुपर्ने हुन्छ । सरकार सक्षम छ कि छैन भन्ने कुरा उसले प्रस्तुत बजेटअनुरुप खर्च गर्न सक्छ सक्तैन त्यसैले देखाउँछ । आर्थिक वर्ष २०१८/१९ को लागि भनेर सरकारले १३.१ खरबको बजेट पेस गरेको थियो जबकी त्यसको २३.७१ प्रतिशत रु ३.११ खरबमात्रै खर्च गर्न सक्यो भने यस सरकारलाई सक्षम भन्न मिल्छ ? त्यो खर्च पनि साँच्चैको विकास भएर होइन, हतारमा आषाढ महिनाभित्रै विकास बजेट खर्च गरी सिध्याइटोपली नेतादेखि कार्यकर्तासम्मले कमाइ खाने भाँडो बनाएको मात्रै हो ।

**२) भ्रष्टाचारको कुरा** : सरकारका प्रधानमन्त्री भ्रष्टाचारमा शून्य सहनशीलता भन्दै कुर्लन्छन् तर उनी आफैंले राजनीति गरेकै भरमा कहाँबाट त्यत्रो सम्पत्ति आर्जन गरे भन्ने कुरा जनसमक्ष राख्न चाहँदैनन् । न सम्पत्ति शुद्धीकरण विभाग, न अख्तियार, न सतर्कता केन्द्र कसैले पनि प्रधानमन्त्रीको सम्पत्तिको स्रोत बारेमा प्रश्न उठाउँदैनन् भने कसरी हुन्छ भ्रष्टाचार उन्मूलन ? राष्ट्रपतिलाई आफ्नो वार्षिक प्रतिवेदन बुझाइसकेपछि आयोजना भएको प्रेस कन्फरेन्समा महालेखा परीक्षकले पनि एक त सरकार बजेट अनुरुपको खर्च गर्न असक्षम रहेको र भएको खर्चको ५० प्रतिशतभन्दा बढी प्रक्रिया नमिलाई खर्च गरेको कारण बेरुजु देखिएको र त्यसमा पनि ३५ अरब रुपैयाँ त गम्भीर प्रकृतिको अनियमित खर्च देखाउनुले सरकार कति भ्रष्ट छ भन्ने कुरा स्पष्टै हुँदैन र ? झन् त्यसमाथि वाइडबडी घोटाला, एनसेल कर प्रकरण, बालुवाटारको जग्गा प्रकरणमा डबल नेकपाकै नेताहरुको संलग्नता आदि कुरा सम्झने हो भने यो सरकारलाई भ्रष्टाचारमा शून्य सहनशीलता भन्न मिल्छ ? कदापि मिल्दैन । यो भ्रष्टहरुको सरकार हो र यिनीहरुले भ्रष्टाचार गरी दिनदहाडै देश लुट्दैछन् भन्दा हुन्छ ।


**३) पूर्वाधार विकासको क्षमताको कुरा** : २०४७ सालको चुनावमा कांग्रेसलाई जिताए मेलम्चीको पानी ल्याएर काठमाडौंको सडक पखालिदिने गुड्डी तत्कालिन प्रधानमन्त्री कृष्णप्रसाद भट्टराईले हाँकेका थिए । त्यो गुड्डी हाँकेको झण्डै ३ दशक पुग्दैछ । जुन अवधिमा कांग्रेस, एमाले, पूर्वपञ्च, माओवादी सबैले सरकारको नेतृत्व गरे । अहिले आएर मेलम्ची धराशायी बन्यो कसको कारण ? सिक्टा सिचाइ आयोजना निर्माण सम्पन्न नहुँदै मर्मत गर्नुपर्ने गरी अगुणस्तरीय कार्य भएको छ, कसको कारणले ? निर्माणाधीन पुलहरु धमाधम भाँचिदै छन् अनि त्यही ठेकेदारले नयाँ योजनाको पनि ठेक्का पाउँछ, किन ? राष्ट्रिय गौरवका भनिएका आयोजनाहरु किन कछुवाको गतिमा अगाडि बढिरहेछन् ? जवाफ कसले दिने ? दूरदराजको कुरा छाडौं राजधानी काठमाडौंकै मुख्य नाका मानिएका सडक आयोजना समयमै सम्पन्न हुन नसक्दा राजधानी वायु र धूवाँको प्रदूषणको चपेटामा परेको छ, कसको कारणले ?

**४) सुखी नेपाली र समृद्धि नेपालको कुरा** : आजको विश्व ब्यापारको युगमा आर्थिक समृद्धि त्यस देशले मात्रै हासिल गर्न सक्छ जसले आयात प्रतिस्थापन गर्दै निर्यात प्रवर्द्धन गर्न सक्दछ । आयात प्रतिस्थापन गर्न देशमा वस्तु तथा सेवा उद्योगहरुको स्थापना र विकास हुनु पर्दछ भने निर्यात प्रवर्द्धन गर्न विश्व बजारमा प्रतिस्पर्धात्मक मूल्यमा गुणस्तरीय वस्तु प्रस्तुत गर्न सक्नु पर्दछ । हिजो चामल निर्यात गर्ने हाम्रो देश अहिले चामल आयात गरी खाने देशमा दर्ज हुन पुगेको छ । हिजो वर्षको ३३ लाख वर्गमिटर गलैंचा निर्यात गर्ने देश अहिले ५ लाख वर्गमिटरको हाराहारीमा खुम्चिएको छ । पश्मिना र अन्य निर्यातयोग्य वस्तुहरुको नियति पनि त्यही छ । नयाँ उद्योगहरुको स्थापना गर्ने कुरै छाडौं मित्र राष्ट्रहरुले बनाइदिएका उद्योगहरु निजीकरणको नाममा कौडीको मूल्यमा बिक्री गरिसकिएकै कारण अहिले नेपालले निर्यात गर्ने भनेको युवायुवतीहरुको रगत र पसिना मात्रै भएको छ । यही कारण नेपाल विश्वकै सबैभन्दा ठूलो ब्यापारघाटा भएको देशमा दर्ज हुन पुगेको छ भने कहाँबाट आउँछ समृद्धि ? समृद्धिको उदाहरण खोज्न नेपालीहरुलाई टाढा जानु पर्दैन उत्तरको छिमेकी चीनलाई हेर्दा पुग्छ । किन आएन नेपालमा समृद्धिभन्दा नेताहरु असक्षम र भ्रष्ट भएको कारण भनेर अब दुधेवालकले पनि भन्न सक्ने अवस्था आएको छ ।

**५) सुशासन र सामाजिक न्यायको कुरा** : हिजो राजतन्त्रकालमा राजा र उनका परिवार देशको संविधान र कानुनभन्दा माथि थिए । यही कारण उनीहरु जनताका छोरीहरुलाई बलात्कार गर्दै हत्या गरी खोलामा फाल्थे । नमिता सुमिता निरा बलात्कार तथा हत्याकाण्ड त्यसैको उपज थियो । तर देश गणतन्त्रमा गएपछि अब एक राजाको ठाउँमा थुप्रै नयाँ राजा बनेका र यिनीहरु पनि कानुनभन्दा माथि रहेछन् भन्ने कुरा निर्मला बलात्कार तथा हत्याकाण्डले पुष्टि गरेको छ । गणतान्त्रिक देशमा दण्डहीनता हुनु, मानव अधिकारको खुलेआम उल्लंघन हुनु अनि महिला हिंसाका घटनाहरु दिन दुई गुणा र रात चौगुणाले बढ्दै जानुले सुशासन र सामाजिक न्याय कहाँ छ भनेर सर्वसाधारण जनताले मात्रै नभई स्वयं संवैधानिक अंगको रुपमा रहेको मानव अधिकार आयोगको प्रमुख आयुक्तले समेत प्रश्न गर्नुपर्ने दिन आउनु भनेको सामान्य कुरा होइन । मानव अधिकारसम्बन्धी ऐन र आयोग सम्बन्धी विधेयक सरकारबाट बनिराख्दा आयोगको परामर्श नलिनुले लोकतान्त्रिक भनिने सरकार तानाशाहीमा परिणत हुँदै गइरहेको देखिएको छ भने खोइ कहाँ छ यहाँ सुशासन र सामाजिक न्यायको कुरा ?

माथिका ५ बुँदाहरुले के चाहीँ स्पष्ट गर्छ भने सरकार असक्षम, भ्रष्ट, प्रतिगामी र तानाशाही छ । अरु कसैले नभई राज्यकै संवैधानिक अंग तथा विभागहरुले सो कुरा पुष्टि गरिराखेका छन् । जुन तालमा प्रधानमन्त्री ओली सक्षमता, समृद्धि, विकास, पारदर्शिता, सामाजिक न्याय र सुशासनको कुरा गरिराखेका छन् काममा उनी १८० डिग्री उल्टो छन् । कसैले भन्नु पर्दैन प्रमाण आफैं बोलिरहेका छन् ।

# असफलै असफलताका ताँतीबाट



**जगदीश लामिछाने**
रौतहट, पौराई

मान्छेहरु राजनीतितिर मात्रै दृष्टि दिन्छन् । हुन पनि हो अकबर वीरवल 'विलास' मा वीरवललाई सफल र अकवरलाई असफल पारिन्छ । के त्यहाँ दिल्लीमा मुसलमानी राज्य घट्यो त ? अवश्यै घटेन । बरु त्यस भेगका अहिले हिन्दी आदि भाषाहरुमा फारसी अरबी आदि भाषाका शब्दहरु, उखान टुक्का र थेगाहरु थपिदै गए । त्यसपछि पनि दिल्लीले अंग्रेजलाई स्वागत गऱ्यो ।

सन् १९४७ मा भारत पाएँ भने पनि अंग्रेजले एउटै गराएको पूर्व बंगाल र पश्चिम लाहोर बेलुचिस्तान अर्कै देश भयो । त्यहाँ जवाहरलाल नेहरुले हारेकै हुन् । बरु महात्मा गान्धीले जिते किनभने उनी यसै पीरमा १९४८ नाथुराम गोड्सेको हातमा परी अमर भए । उनको प्रत्येक दिनको प्रिय भजन अझ ज्यूँदै छ । 'ईश्वर अल्लाह तेरे नाम सबको सम्मति दे भगवान ।'

हामी नेपालीले जित्यौं त ? हामीले पनि यसै समयमा इन्साफ आदि फारसी, अरबी आदि शब्द यसै समय कम भित्र्यायौं । त्यही बेला शुद्ध नेपाली ठकुरी राजाका थरमा शाह थपी के के न गऱ्यौं भन्दै थियौं । तैपनि चीन तिब्बतसँग र अंग्रेज बहादुरसँग बेलाबेलामा लडाइँ गरेरै पनि मेची-काली र राजधानी काठमाडौं जोगायौं । जति प्रयास गर्दा पनि केही नलागेर अहिले केही कुरामा सन १९४७ देखि थकित र चिन्तित छौं । हाम्रा बाटामा तगारो लिएर के के न गरे भन्दै जवाहरलालकै विभाग विभागहरुले हामीलाई दुःख दिन अघि सरेकै छन् जस्तो भयो ।

यसै बेला हाम्रै नेपाली विद्यार्थीहरु आफ्नै प्रख्यात श्री ५ पृथ्वी र महेन्द्र पनि पढ्दा पढ्दै एक जोर युवा नामका बूढाहरु तराईतिर अर्को जोर त्यस्तै युवा बूढाहरु जातीय गन्धर्व गीततिर, तेस्रो जोर हाम्रै नेपाली चेलीहरु के के हो के के अर्कैले गाएको गीत गाएर फुरुंग परिरहेछन् । अनि श्री ५ पृथ्वी र महेन्द्र पनि हेरौंला ।

**१) तराईतिर** : 'राई घटेन तिल बढे', उही मुसाइसँग सापटी लिएर गीत गाउनेहरु आफ्नै भात खाइरहेका थाल टुक्रा टुक्रा पारौं है भनी केटाकेटी खेलमा रमाएर गीत गाइरहेछन् । त्यो एउटा थाल टुक्रा टुक्रा पार्नु त के थियो कुनै कुनै देउतालाई चढाएर आफू धन्य हुन खोजिरहेछन् । मानौं यो हिमवत्खण्ड नेपाल नै टुक्राटुक्रा पारौं भन्दा हुन् र पुरस्कारमा आफैं लेण्डुप दोर्जे भएर शरणार्थीका हुलकाहुल विदेशतिर जाउँ भन्दा हुन् । शरणार्थी भएर कहाँ जाने ? महाभारत पर्वतको सिमाना लगाएर उत्तर हिमालपारिको ह्वाङ्हो किनार कहिले ओर्लु भन्दैछ । यो त यादै होला ।

**२) जातीय गन्धर्व गीत गाउनेहरू** : उहिले हिमालयका कुनाकुनामा ३६ देश मिलेर खम्पा नामका चरा पालेका थिए । रु १ सयको नेपाली नोट हिमालमा फालाफाल थियो । हेलिकोप्टरबाट पिठो चिनी आदि जे पनि वर्षेको सबैले देखेकै हुन् । हाम्रै दक्षिणी मित्रले बाटो नदिए कसले दियो त ? यी चराहरुलाई हिमालमा रगत नबगाउ है भन्दाभन्दै महेन्द्र आफैं बिते । उनैका छोरा श्री ५ वीरेन्द्रले 'जे वाङग्दी' नामको मूल चरो हिमालमै मारी काठमाडौं ल्याए । हो यिनी ३६ सैका शिक्षादीक्षामा धर्म जाति आदि जाल बुन्दा आफ्नै के गति होला है भनी यी गीत गाउनेले होस गर्नैपर्छ ।

**३) एक जोर नेपाली चेलीहरू** : सर्प, बाघ, बिराला आदि र चरा प्राणी समेतले आफ्नो वंश विनाश हुन रोक्छु भनेरै दुःख गरेरै आमाले आफ्ना बच्चा हुर्काउँछन् । मानव महिलाले विशेष बुद्धि प्रयोग गरेर साम दामको उपायले बच्चाको बाबुलाई समेत लालनपालन गर्न सरकारकै समेत सहयोग लिएकै छन् । अहिले केवल आमाकै मात्र नामले नेपाली नागरिकताको प्रमाणपत्र बच्चाकै पाउँ भनी एकजोर नेपाली चेली कराउँदा यो हिमवत खण्ड नेपाल करोडौं विदेशीले नै भरिन बेर छैन किनभने चेलीको नागरिकता मात्र नेपाली भए पुग्छ भनी धेरै विदेशीले भन्न लागेकै छन् । यसैले आफैं नेपाली शरणार्थी भएर विदेशमा थालमा भात माक्न नपरोस् भन्ने होस् । ती एकजोर चेलीले पनि गर्नैपर्छ । आफैं महिलाले सुरु गरेको आत्मप्रयास नेपाली चेलीले पनि छोड्नु हुँदैन ।

**(४) श्री ५ पृथ्वी र श्री ५ महेन्द्र वीरविक्रम** : श्री ५ पृथ्वी नरभूपाल शाहका छोरा र महेन्द्र श्री ५ त्रिभुवनका छोरा हुन् । यी दुवै पनि मान्छे नै हुन् । यिनले काम गर्दा धेरै काम पट्याए । केही काम बाँकी पनि रहे । यी दुवैलाई कहिले एउटा कहिले अर्को अत्तो थापेर पहिला दुवै नाङलामा राखेर निफनिन्छ । उनका बियाँ कनिका र झारपात समेत उचालेर कोकोहोलो नेताहरु नै गर्छन् । अझै दोस्रो यस्तै गरिँदैछन् । यिनका पालाका कर्मचारीतन्त्रको अधकल्चो अवस्थाको दुःख अज्ञानता र संगतहरुको दुःख बाटाघाटाको अभाव आदि पनि कारण हुन सक्छन् । वास्मती धानकै पनि सुवास आदि पन्छाउँदा न्याय हुँदैन । आफैंले टेकेको धर्ती छामेर आफैंले के कति भूल गरियो भन्ने नहेरेर टीका टिप्पणी गरेको देखेर आफैं छक्क पर्नुपर्थ्यो र पर्छु पनि ।

## स्टालिन र माओको जीवनमा दृष्टि नपुगेका केही दूरगामी सवालहरू

- मनसुन

# जोसेफ स्टालिन–३६

आममाताहरू समुद्री छालझैँ उर्लन्थे र विश्वमा उनीहरूको दिग्विजय हुन्थ्यो । तब यो सुन्दरतम संसारमा महान् साम्यवादी समाज (मातृसत्ता)स्थापनाका लागि ढोका खुल्थ्यो ।हुन त त्यो अवसर अझैसम्म गुमेको छैन, जीवन्त छ ।

३.लेनिनी विश्वक्रान्तिको रणनीतिलाई आलोचनात्मक रूपले नलिनु

लेनिनले विश्वमा साम्यवादीहरू कसरी विजयी हुने भनेर बिसौं शताब्दीको सुरूताका यस्तो बाटो देखाएको छ–

"साम्राज्यवादीहरूले अविकसित मुलुकका कच्चा पदार्थ सस्तोमा लिन्छन् र आफ्ना तयारी माल तिनै मुलुकहरूमा महँगोमा बिक्री गरी निर्मम शोषण गर्छन् । यसरी शोषण गरेको एक अंश मात्र आफ्ना मुलुकका मजदुर हरूलाई बाँड्छन् र उनान्सय अंश लुट्छन् । आफ्नो भौतिक आवश्यकता पूर्ति भएकाले ती मजदुरहरूपनि क्रान्तिमा उठ्तैनन् । त्यसैले विश्वका साम्यवादीहरूले पहिला अविकसित मुलुकहरूमा क्रान्ति सम्पन्न गर्नुपर्छ । त्यसो भएपछि विश्वका साम्राज्यवादी र पुँजीवादी मुलुकहरू घेरिनेछन् । यिनीहरू अन्य मुलुकका जनतालाई शोषण गर्न पाउने छैनन् र आफ्ना मुलुकका मजदुर हरूलाई पनि आवश्यक वस्तुहरू दिन सक्ने छैनन् । अनि ती मजदुरहरू क्रान्तिमा उठी त्यहाँको राज्यसत्ता कब्जा गर्नेछन् । यसरी विश्वमा सर्वहारावर्गको विजय हुनेछ र साम्यवादकानिम्ति ढोका खुल्नेछ ।" (साम्राज्यवाद र पुँजीवादको अन्तिम रूप)

विश्वकम्युनिस्टआन्दोलनका महान् नेता लेनिनले भनेका यी शब्दहरू सर्वहारावादी क्रान्तिको सिद्धान्तअनुसार सत्य थिए । तर रूस र चीनमा क्रान्ति सम्पन्न भएपछि लेनिनका उक्त कुराहरू विश्वको वास्तविकतासँग मेल खाने थिएनन् । यसका ऐतिहासिक कारणहरू निम्न थिए–

पहिलो– पृथ्वीको एकतिहाइ आवादीमा समाजवाद स्थापित भएको थियो ।कम्युनिस्ट सत्ता मजबुत शक्तिको रूपमा खडा थियो ।

दोस्रो– साम्राज्यवादी र पुँजीवादी मुलुकका मजदुरवर्ग ऐस आराममय जीवन बिताइरहेका थिए तर तिनै मुलुकका नारी वर्गचाहिँ सबभन्दा शोषित र उत्पीडित थिए ।

तेस्रो– विश्व आणविक युगमा प्रवेश गरेको थियो । महाशक्ति राष्ट्रहरूआणविक बम, हाइड्रोजनबमले सुसज्जित थिए । *(क्रमशः)*

# मैले देखेको त्रियानब्बेऔं विश्व सम्पदा:
# न्यूयनवेर्गको पुरानो शहर

सुरेन्द्र ढकाल



बम आक्रमणपछि ध्वस्त भएको न्यूयनवेर्ग



नाजीहरूलाई झुण्ड्याई मारिएपछिको अवस्था



न्यूयनवेर्गमा तत्कालीन महिला मित्र तथा पूर्वपत्नी मोनिकाको साथ सुरेन्द्र सन् १९८९ मा

न्यूयनवेर्गको सम्राटको दरबार (इम्पेरियल क्यासल) अवलोकन गरिसक्दा मध्यान्ह भइसकेको थियो । त्यसपछि हामीलाई अवलोकन गराउन बाँकी त्यहाँको मध्यकालिन शहर थियो । सो शहर अवलोकन शुरू गर्नुअघि शहरको मुटुमा रहेको एक रेष्टुराँमा हामीलाई दिवा खाना खुवाइयो । तत्पश्चात हामी त्यहाँको मध्यकालीन शहर अवलोकन गर्नतर्फ लाग्यौं ।

## न्यूयनवेर्गको मध्यकालीन शहर

सन् १०५० प्रामाणिक अभिलेखअनुसार यस शहर जर्मनीको फ्रान्कोनियन र बभेरियन क्षेत्रको बीचमा अवस्थित रहेको र सन् १०५० देखि १५७१ को बीचमा यस शहरको नाटकीय रूपमा विकास भएको र सो हुनुको मुख्य कारण यही शहर भएर उत्तरी इटली र उत्तरी युरोपबीच व्यापार वृद्धि हुनु हो भनिंदो रहेछ ।

१२ औं शताब्दीको अन्तमा पवित्र रोमन साम्राज्य अन्तर्गत गाभिन पुगेको रहेछ । पछि १४औं शताब्दिको अन्त्य र १५औं शताब्दिको शुरूमा यस शहरलाई आफ्नो नियन्त्रणमा लिन बुरग्रेभ्स र कास्टेलानबीच ठूलो द्वन्द्व भएको रहेछ जसको कारण बढेको खुला शत्रुताले गर्दा यो शहरको प्रशासनलाई रोमन साम्राज्यले इम्पेरियल मेयरको जिम्मामा दिएको रहेछ ।

यो शहर प्रख्यात हुनुको अर्को कारण भनेको सन १२ ९८ मा त्यहाँ रहेका जर्मन यहुदीहरूलाई विनाआधारको आरोप लगाई आमरूपमा हत्या गरिएकोले पनि रहेछ । जुन घटनामा ६९८



पुनर्निर्माणपछिको न्यूयनवेर्ग

जर्मन यहुदीहरूको हत्या गरिएको रहेछ । जुन हत्याकाण्डलाई त्यहाँ शहरको इतिहासमा रिन्टफ्लाइस मासाकर नामबाट जानिदो रहेछ । यस काण्डपश्चात पेगनिट्ज नदीको उत्तरी र दक्षिणी भागमा विभाजित यस शहरको एकीकरण हुन पुगेको रहेछ । त्यसपछि फेरि सन् १३४९ बाँकिरहेका अरू जर्मन यहुदीहरूलाई त्यहाँबाट लखेट्ने क्रममा ज्यूँदै जलाइएको र उनीहरू त्यहाँबाट भागेपछि त्यस क्षेत्रमा खुला बजार बनाइएको रहेछ ।

१४औं शताब्दितिर आएर यस शहरले ठूलो आर्थिक समृद्धि हासिल गरेको कारण तत्कालिन रोमन सम्राट चाल्स चौथोले यस शहरमा आफ्नो पहिलो राजपरिषद (डाइट) को सभाको आयोजना गरेका रहेछन् । त्यही बेलामा शहरको मुटुमा उनले इम्पेरियल लेडी चर्च (फ्राउन किर्ख) निर्माण गर्न लगाएका रहेछन् । यस चर्च सम्राट र उनको परिवारको पूजाका लागि मात्रै भनेर बनाइएको रहेछ । मध्यकालिन समयमा नै आर्थिक रूपमा समृद्ध हुन गएको कारण सांस्कृतिक र साहित्यिक रूपबाट पनि समृद्ध मानिएको रहेछ ।

१५औं तथा १६औं शताब्दिमा जर्मन पुनर्जागरणको केन्द्र बन्न पुगेको यो शहरले पवित्र रोमन साम्राज्यविरूद्ध क्रान्ति गरी आफूलाई प्रोटेस्टेन्ट घोषित गरेको रहेछ । सन १६१८ मा शुरू भई १६४८ मा अन्त्य भएको ३० वर्षे धार्मिक युद्धको चपेटामा पर्न जाँदा ब्यापार ब्यवशाय मात्रै ठप्प नभै यस शहरको सांस्कृतिक सम्पदा पनि प्राय ध्वस्त हुन पुगेको रहेछ ।

युद्धको अन्त्यपछि प्रोटेस्टेन्ट सन्त एगिडियनको अगुवाइमा शहरको जिर्णोद्धार र पुनरनिर्माण प्रोटेस्टेन्ट




न्यूयनवेर्गको चर्चको भित्री भाग

बारोक वास्तुशैलीमा भएको रहेछ । यही समयमा नै शहरको पर्खाल बाहिरपट्टि नागरिक बगैंचा बनाइएको रहेछ । पछि १८औं शताब्दिको शुरूमै भएको आगलागिको कारण ध्वस्त भएको भए तापनि यहाँको चर्चको बारोक शैलीको बास्तुकलाले पुरै फ्रान्कोनियन क्षेत्रमा प्रभाव जमाएको रहेछ । १९ औ शताब्दिमा जर्मनीमा हिटलर र नाजीहरू सत्तामा आएपछि उनीहरूले यस शहरलाई आफ्नो नाजी विचारधाराको केन्द्रको रूपमा विकास गरेका रहेछन् ।

नाजीहरूको राजनीतिक विचारधारात्मक विचारको विजय अभियान (ट्रिअम्फ डेस भिल्लेन्स) यही शहरबाट शुरू भएको कारण पनि जर्मनीको इतिहासमा यस शहरको बारेमा बढी उल्लेख भएको छ भनिदो रहेछ । सन १९३५ मा यही शहरमा नाजीहरूले आयोजना गरेको विशाल न्यालीपश्चात हिटलरले जर्मनीमा रहेका यहुदी र गैरआर्यनहरूलाई दिइएको जर्मन नागरिकता अवैध घोषित गरेको कारणले गर्दा यस शहरलाई नाजीहरूको गृहनगर पनि भनिदो रहेछ ।

यही कारण दोस्रो विश्व युद्धताका शत्रुपक्षले धेरै बमहरू यस शहरमा खसालेको कारण ठूलो मात्रामा नाजीहरू वेपत्ता हुन पुगेको र बाँकी रहेकाहरू युद्धबन्दी हुन पुगेका रहेछन् । सन १९४५ को १७ देखि २१ अप्रिलसम्म भएको उक्त अमेरिकी बम आक्रमणबाट न्यूएनवेर्गको मध्यकालीन शहर ८० प्रतिशत ध्वस्त भएको, ६००० स्थानीय वासिन्दा मारिएका, १ लाख जनसंख्या विस्थापित हुन पुगेका रहेछन् । युद्धपश्चात बृहतरूपमा यस मध्यकालिन शहरको जिर्णोद्धार र पुनरनिर्माण भए तापनि ५० प्रतिशत अपुरणीय क्षति नै भएको रहेछ । १६ अक्टोवर १९४६ को दिन हिटलरको नाजी दल १० जना सैनिक र राजनीतिक नेताहरूलाई सार्वजनिकरूपमा झुण्डाइ मारिएको रहेछ ।

# १२ बीपी कोइरालासँगको मेरो पहिलो भेट




■ शम्भुराम श्रेष्ठ


दिल्ली सम्झौता बमोजिम २००७ साल फागुन ७ गतेका दिन पहिलेकै राणा प्रधानमन्त्री मोहनशमशेरकै प्रधानमन्त्रित्वमा राणा कांग्रेस अन्तरिम मन्त्रिपरिषद् गठन भयो । दिल्ली सम्झौता भएदेखि नै नेपाल कम्युनिस्ट पार्टीले 'त्यो धोका हो' भन्दै विरोध गर्दै आएको थियो । सम्झौताबमोजिम राणा परिवारबाट मोहनशमशेर नै प्रधानमन्त्री बने भने नेपाली कांग्रेसका तर्फबाट बीपी कोइराला गृहमन्त्री बनेका थिए । अन्तरिम सरकार बनेको केही समयपछि नै पश्चिम नेपालको भ्रमण गर्ने सिलसिलामा गृहमन्त्रीको हैसियतले बीपी कोइराला पाल्पा (तानसेन) पुगे । तानसेन बजार पुगेदेखि नै कम्युनिस्ट पार्टीको नेतृत्वमा उनलाई कालो झन्डाले 'दिल्ली सम्झौता धोका हो' भन्ने नाराका साथ ठूलो विरोधको स्वागत गरियो ।


त्यस समय कमलराज रेग्मी पाल्पा जिल्लाका सबभन्दा सक्रिय र प्रभावशाली कार्यकर्ता थिए । आफूलाई गरिएको उक्त विरोधकै कारण गृहमन्त्री बीपी कोइराला रिसले चुर भए । ठाडो आदेश जारी गरी कमलराज रेग्मीलाई पक्राउ गरी पैदल जुम्ला, हुम्ला घुमाएर काठमाडौं ल्याई 'गोर्खा दल' (पछि गोर्खा परिषद्) का नाइके भरतशमशेर हरुलाई ससम्मान थुनिएको श्रीमहलमा कोठा बाहिरको भऱ्याङमा थचारी थुनिदिए । यो खबर कम्युनिस्ट पार्टीको हेड क्वार्टरमा पुगेपछि पार्टीले मलाई गृहमन्त्री कोइरालासँग भेटी कमलराज रेग्मीलाई छुटाउने जिम्मा दियो । त्यस समय केशर महलको कम्पाउन्डभित्रै रहेको 'रंगशाला' नाउँ गरेको बंगलामा गृहमन्त्रीको हैसियतले बीपी कोइराला बस्नहुन्थ्यो । एक दिन बिहान ९ बजेतिर त्यहीबारे कुरा गर्न रंगशाला पुगेँ । म त्यहाँ पुग्दा भऱ्याङनेरको भुइतला कोठामा १२-१५ जना जति नेपाली कांग्रेसका कार्यकर्ताहरु बसिरहेका थिए । मलाई देख्नासाथ उनीहरुले 'शम्भुरामजी, के कति कारणले पाल्नुभएको' भनी सोध्न थाले । 'एउटा जरुरी कामले बीपी बाबुसँग भेट्न भनी आएको' भनी जवाफ दिँदै 'म आएको छ भनेर उहाँकहाँ खबर पुऱ्याइदिनोस् ।' भनी मैले भनेँ । उनीहरुमध्ये एकजना तुरुन्त दगुर्दै माथि गयो र २-४ मिनेटमै फर्केर आई मलाई 'तपाईं माथि जनोस् ।'भनी भने । त्यस समयसम्म बीपी कोइरालासँग मेरो कहिल्यै भेट भएको थिएन । त्यसैले हाम्रो बीचमा प्रत्यक्ष चिनाजानी थिएन । तर उहाँलाई मेरो बारेमा राम्ररी थाहा रहेछ । त्यही कारणले उहाँले मलाई नेपाली राष्ट्रिय कांग्रेसको कलकत्तामा आयोजित पार्टी स्थापना सम्मेलनमा सहभागी हुन निम्तो पठाउनुभएको थियो र त्यस बेला टाइफाइडको ज्वरोले म थला परिरहेको हुनाले मैले सम्मेलनमा भाग लिन जान सकेको थिइनँ र मेरो सट्टा सम्मेलनमा भाग लिन सूर्यबहादुर भारद्वाजलाई कलकत्ता पठाएको थिएँ । यसबारे माथि उल्लेख गरिसकेको छु । म बीपी कोइराला बसेको कोठाभित्र पुग्ने बित्तिकै कुर्सीबाट उठेर 'शम्भुरामजी, आउनोस् । के हालचाल छ, तपाईंको स्वास्थ्य कस्तो छ ?' भनी भन्न थाल्नुभयो । अनि मैले 'ठीकै छ । तपाईंको कस्तो छ ?' भनी सोध्दै भने । अनि मैले कुर्सीमा बस्दै भने- खास त्यस्तो सिरियस कुरा त होइन । पाल्पाको कमलराज रेग्मीलाई पक्राउ गरी काठमाडौं ल्याइएको रहेछ । त्यसकै सम्बन्धमा तपाईंलाई दु:ख दिउँ भनी आएको' भनी मैले भनेँ । कमलराजको नाउँ सुन्नेबित्तिकै एकाएक उनको अनुहार एकदमै रातो भएर आयो । एक क्षण बोल्नु भएन । अनि चर्केर भन्न थाल्नुभयो- 'त्यो कमलराज, उसको बारेमा त म कुनै पनि कुरा सुन्न चाहन्न ।' उनको यो कुराले मलाई पनि रिस उठ्न थाल्यो र अनि बीपी बाबु भन्नै छोडेर मैले उनलाई गृहमन्त्री भनी सम्बोधन गर्दै भनें- तपाईं देशको गृहमन्त्री । तपाईं जस्तोले यस्तो रिस इवीको कुरा गर्नु मनासिब छैन । प्रजातन्त्रमा आफूलाई चित्त नबुझेको कुरामा जसले पनि विरोध गर्न पाइन्छ । आफूलाई विरोध गऱ्यो भन्दैमा तपाईंले आफूलाई मार्न आउने खुकुरी दलका नेताहरुलाई एकदमै इज्जतसाथ सुविधायुक्त कोठामा राख्ने र एउटा कम्युनिस्ट कार्यकर्तालाई श्रीमहलको भऱ्याङमा राख्नु हुन्छ ? के यो दुर्व्यवहार होइन ?' यति भनिसकेपछि मैले फेरि नरम भएर भनें- कृपया उनलाई छाडिदिनोस्, 'उनले फरि झोक्किँदै भने- 'म उसलाई छाडदिन । तपाईं के गर्न सक्नुहुन्छ गर्नोस् ।' अनि मैले पनि चर्को स्वरमा भनें- उनलाई कसरी छाड्नुहुन्न, नछाडेको हेरौंला ।' उनले फेरि रिसाउँदै भने- 'अहिले नै म तपाईंलाई अरेस्ट गर्न सक्छु ।,' 'हेरौंला तपाईंको तागत' भनी मैले जवाफ दिएँ । उनी रिसले चुर भएर जुरुक्क कुर्सीबाट उठे । अनि म पनि कुर्सीबाट उठिहालेँ । भनाभन मात्रै भएन । हामी दुईजनाको बीचमा हात हालाहाल होला जस्तो भयो । ठीक त्यही बेला गणेशमान सिंह टुप्लुक्क त्यहाँ आइपुग्नुभयो । हामीहरु त्यसरी झगडा गरिरहेको देखेर उहाँ खित्का छाडेर हाँस्नुभयो र भन्न थाल्नुभयो- ' तपाईंहरु जस्तोले पनि यसरी झगडा गर्ने ? तपाईंहरु दुवैजना चुप लाग्नोस । यसरी किन झगडा गर्नुभएको ?' अनि मैले उहाँलाई भएको सबै कुरा बताएँ । अनि गणेशमानजीले अलि सिरियस भएर भन्नुभयो- 'यति सानो कुरामा पनि यसरी झगडा गर्नु तपाईंहरु जस्तो जिम्मेवार साथीहरुलाई सुझाउँछ र ? कमलराज भोलि छुट्छन् । यो मेरो जिम्मा भयो । तपाईंहरु दुवैजना हात मिलाउनोस् ।' त्यसपछि बीपी कोइरालाको र मेरो रिस सेलायो । चिया मगाइयो । हामी तीनै जनाले चिया खायौं र उहाँहरुसँग बिदावारी भई म घर फर्कें । भोलिपल्ट कमलराज रेग्मी छुटेर पार्टी कार्यालयमा आए ।

# सोल : सर्पको मासु जहाँ लोकप्रिय छ-४

नियात्रा संस्मरण

**घनश्याम राजकर्णिकार**





भियतनाम युद्धमा अमेरिकी सैनिकका लागि यौनतृप्तिको स्थल बैङ्कक र युरोपीय सहरहरूमा सहज सम्भोगस्थल पेरिस तथा कोपेनहेगन भनेझैँ जापानीहरूका लागि नजिकको यौनतृप्तिस्थल सोल रहेछ। नेपाल र जापानमा यौनस्वच्छन्दता छैन । त्यसैले होला नेपाली केटीहरूजस्तै जापानी युवतीहरूमा पनि त्यो हेरिरहूँ जस्तो हिसीलाग्दो लज्जालु गुण विद्यमान देखिन्छ । कोरियामा जाने पर्यटकहरूमा धेरैजसो जापानीहरू हुँदा रहेछन् र तिनीहरूको मुख्य आकाङ्क्षा कोरियाली केटीहरूसँगको रमाइलो रात्रिजीवन बिताउनु हुँदो रहेछ ।

एक चोटि साँझतिर म आफ्नो होटेलको मटानमा भएको बारमा कफी पिउँदै थिएँ, अचानक एक जना परिचित नेपाली दाजुसँग भेट भयो । उनले कताबाट हो कुन्नि म आएको थाहा पाई मलाई नै भेट्न आएको भनेको सुन्दा एकातिर गौरवको अनुभव भयो त अर्कोतिर उल्लासले आनन्दित पनि भएँ । सञ्चार-प्रणालीसम्बन्धी तालिम प्राप्त गर्न उनी सोलमा एक वर्षजति अघिदेखि बसिरहेका रहेछन् । उनीसँग कुराकानी गर्दा विदेशमा जतिसुकै आधुनिकता तथा झकिझकाउ भए तापनि आखिर आफ्नो देश नै प्यारो हुने र आफ्नो घर नै रमाइलो हुने हुँदा 'जननी जन्मभूमिश्च स्वार्गादपि गरीयसी' भन्ने आर्षवाणीको अर्थ र मर्म स्पष्ट भयो । कोरियन भाषामा राम्ररी बोलचाल गर्न जानिसकेका उनीसँग घुम्न त्यस साँझ बाहिर निस्कें ।

विदेशमा एक जना नेपालीले अर्को नेपालीलाई लगोस् कहाँ ? सोलको रङ्गीन रात्रिजीवन कस्तो हुन्छ त्यसको झझल्को देखाउन विभिन्न बार, रेस्टुराँ आदि केही ठाउँको दर्शनार्थ लगे । एउटा रेस्टुराँमा कफी पिइरहँदा हिसीलाग्दा केटीहरू हाँस्दै 'हामी पनि सँगै पिऊँ है' भन्दै सँगै बस्न आए । त्यस्तै अर्को बारमा बियर पिउन लाग्दा एक जना अर्धनग्न तरुनी आएर 'अहो, तपाईं त स्वास्नीमानिसजस्तै लाज मान्नुहुँदो रहेछ' भन्दै मलाई अक्क न बक्क पारी । एउटा नाचघरमा टिकट किनेर भित्र पसी हलजस्तो ठाउँमा विविध नायिका केटीहरूले आफ्ना गुप्ताङ्गहरू विभिन्न हाउभाउ गरी प्रदर्शित गरेको देख्दा म अचम्मित भएँ ।

**टुप्पोबाट पलाएको देश**

सोलको थोरै दिनको बसाइमा म धेरै व्यस्त भएँ तथा मैले धेरै कुरा देखें भन्नुपर्छ । व्यस्ततापूर्ण ती थोरै दिनमा जेजति विविध कुराहरूको अनुभव गरेँ त्यसलाई सम्झँदा मलाई लाग्छ, व्यस्तता नै सफलताको मङ्गल सूचक हो, जीवनको सार्थकता हो । मेरो विचारमा संसारका विशिष्ट व्यक्तिहरू अक्सर आफ्ना कार्यावधिमा त्यस्तै हुँदा हुन् जसरी म सोलमा व्यस्त भएथेँ । हुन त त्यस छोटो अवधिभित्र आफूले गरेको अनुभवबाट दक्षिण कोरियाको विषयमा सही निष्कर्ष निकाल्न नसकिएला किन्तु मेरो धारणा यही छ कि यो देशले निश्चय नै तेत्तीस-चौंतीस वर्षको अवधि (१९४५-७९) भित्र अभूतपूर्व उन्नति गरेको छ। यो उन्नति जापानको जस्तो आफ्नै बाहुबल, बुद्धि-बर्कतको प्रतिफल होइन, बरु हो त अमेरिकाबाट प्राप्त ठूलो धनराशि र विविध सहयोगको नतिजा । त्यसैले म जापान र जापानीहरूलाई फेदबाट पलाएको देश र जाति ठान्दछु भने दक्षिण कोरियालाई टुप्पोबाट पलाएको मान्दछु ।

विकासको पाङ्ग्रोलाई दरिलो तरिकाले गुडाउँदै लगिरहेको यो दक्षिण कोरियाका अधिकांश जनताको बौद्धिक स्तर तथा चरित्रनिर्माणमा खास परिवर्तन हुन सकेको छैन भन्ने तथ्य मेरो आफ्नो केही अनुभवबाट पुष्टि भएको ठान्दछु ।

सोलमा प्रेसिडेन्ट होटेलजस्ता भव्य महँगा होटेलमा बसे तापनि म अक्सर आफ्ना खाना-चमेना बाहिर साना-सस्ता रेस्टुराँहरूमा गर्थें, जसबाट म अनावश्यक खर्चबाट जोगिन्थेँ । त्यस्ता साना रेस्टुराँहरूमा चहार्दा त्यहाँ आउने ग्राहकहरू र रेस्टुराँका कामदार तथा मालिकका हाउभाउ, व्यवहार आदि देख्दा कोरियनहरू विधिव्यवहार, शिष्टाचार आदि क्षेत्रमा हामी नेपालीभन्दा पनि झन धेरै मुनि भएको लाग्यो । कुनै पनि देशले भौतिक क्षेत्रमा जतिसुकै उन्नति गरे तापनि जबसम्म त्यहाँका देशबासी मानसिक रूपबाट परिपक्व हुँदैनन् तबसम्म त्यो राष्ट्र सही अर्थमा उन्नत मानिँदैन र मान्न सकिँदैन पनि ।

**सर्पको मासु जहाँ लोकप्रिय छ**

काठमाडौँका अधिकांश निवासीहरू सर्पदेखि डराउँछन् । म पनि यसको अपवाद छैन । मलाई सम्झना छ, एक दिन काठमाडौँ, नयाँसडकको एउटा पसलमा म किनमेल गर्दै थिएँ । एक्कासि त्यहाँभित्र एउटा सर्प पसेछ । त्यसैले 'सर्प सर्प' भनी अरू कराउन थालेका मात्र के थिए म तीन हात उफ्रिएर एकै सासमा बाहिर निस्केको थिएँ । साँच्चै त्यस बेला मेरो होसहवासै गुम भएको थियो । अरू के भनौं, विष निकालिएको वा दाँत फुकालिएको निमुखा सर्पलाई समेत छुन वा त्यसको नजिक जान म डराउँछु । सर्पको मासु खाने मुलुकमा छु भन्ने थाहा पाउँदा मजस्तो सर्पको भूत लागेको मानिसको जीउ सिरिङ्ग हुनु स्वाभाविकै हो ।

दक्षिण कोरियामा सर्पको मासु अत्यन्त लोकप्रिय रहेछ । सोलका रेस्टुराँ-पसलहरूमा प्रतिदिन पच्चीस-तीस हजार सर्पको मासु पकाइन्छ । सर्पको सूप (सुरुवा) ले शरीरको शक्ति र स्फूर्ति बढ्दछ भन्ने यहाँ आमधारणा रहेछ । क्षयरोग तथा बाथका बिरामीका लागि पनि सर्पको मासु महाऔषधी हो भन्ने पनि विश्वास रहेछ । एक सरकारी प्रतिवेदनअनुसार सोल सहरमा मात्र छ सय जना व्यक्तिहरू सर्पको मासु वा त्यसको रसको नियमित सेवन गर्छन् । दस दिन लगातार रोजको एक प्लेटको दरले सर्पको मासु खानाले पनि शरीरको शक्ति र फुर्ती बढ्छ भन्ने कुरा कोरियाको चिकित्साशास्त्रले साबित गरेको छ । कसैकसैको भनाइअनुसार सर्पको मासु खानाले पुरुषमा यौनशक्तिको वृद्धि हुन्छ । एक चोटि सोलको वरिपरि पैदलै घुम्दै थिएँ, त्यस बेला मेरो विचार सरसामान किन्ने नभई सोल सहरलाई भ्याएसम्म नजिकैबाट राम्ररी नियालेर हेर्ने थियो । यसमा आफ्नै किसिमको अपरिमित आनन्द हुन्छ । त्यसबेला मेरो अवस्था पहिलोपटक काठमाडौँ आई नयाँसडक तथा शुक्रपथको विशाल बजारतिर घुमिरहेको नेपाली दाजुको जस्तै भयो होला । त्यसरी सोलमा एक्लै पैदल यात्रा गर्दै थिएँ । अचानक एक ठाउँमा एउटा कुरा देख्दा आश्चर्यको सीमा रहेन । एउटा पसलमा किसिमकिसिमका ठूला-साना जिउँदा सर्पहरू सोकेसमा प्रदर्शित गरी राखिएका र नजिकै खुला भाँडाहरूमा बाह्र-पन्ध्रओटा किसिमकिसिमका सर्पहरू उसिनिरहेको देखें । ती उसिनिएका सर्पहरू ग्राहकहरू आई खरिद गरेर लगेका र कसैले जिउँदो सर्प पनि छानीछानी उसिन्न लगाई खरिद गरेको देख्दा मलाई हुनसम्म आश्चर्य लाग्यो ।

*(क्रमश:)*

# शैक्षिक अभियन्ता गणेशबहादुर राई

**लक्ष्मी उप्रेती**

जीवनभर शिक्षाको उज्यालो बाँढेर नथाक्ने मानिस बिरलै हुन्छन् । जो मानिसको जीवन शिक्षामा समर्पित हुन्छ उसलाई आस्थाको धरोहर मानिन्छ । शिक्षण पेशा सत्यको मार्ग हो । आफूले जानेको बुझेको अझ अध्ययनबाट प्राप्त तथ्य अरुमा विचरण गर्नु सजिलो कुरो होइन । तर एउटा असल गुरुले जहिले सहजताका साथ कसरि हुन्छ त्यस्ता कुरा सर्वव्यापि गर्दै जान्छ र आफ्ना चेला चेलीहरुलाई जीवनभर सहिमार्गमा लाग्न निर्देश गर्छ । त्यस्ता गुरुमा उदाहरणीय र आदरणीय मान्नुपर्छ ।

**स्वभाव र बोलिचाली र जीवनशैली शारिरिक बनौट माता आर्जमाया** र पिता छत्रबहादुरका जेठा सुपुत्रका रुपमा वि.सं. १९९६ जेठ २६ गते भारतको दार्जिलिङ मिरिकमा जन्मिएका दुई भाइ र चार बैनीका दाजु राई सरको प्रारम्भिक शिक्षा दार्जिलीङमा नै भयो । उच्च शिक्षा हासिल गर्ने इच्छा हुँदाहुँदै पनि नेपालको विकट जिल्ला ताप्लेजुङको हाङपाङमा शिक्षाको उज्यालो बाँड्न आए । शिक्षा बिना मानिसको जीवन व्यर्थ हुन्छ भन्ने सोच उनमा थियो । आफूले आर्जन गरेको ज्ञान सीप र दक्षता अरुमा पनि फिजाउने उदेश्यले वि.सं. २०१८ साल अर्थात २२ वर्षको उमेरमा आफ्ना सारा सपना र महत्वकांक्षालाई त्यागेर सुविधा सम्पन्न दार्जिलिङ शहरलाई चटक्क छाडेर हाङपाङको सरस्वती मा.वि.का प्रधानाध्यापकको जिम्मेवारी ग्रहण गरे । उनको आगमनले त्यस भेगका मानिसहरुको शैक्षिक चेतना झन प्रफुष्टित हुँदै गयो । असल गुरुमा हुनुपर्ने सम्पूर्ण गुणका धनी राई सरलाई उनका चेला चेलीहरुले मुक्त कण्ठले प्रशंशा गरेर राई सरलाई सम्मान गरिरहेको पटकपटक सुनिरहन्छु । गणेशबहादुर राईले विद्या श्रेष्ठ राईसँग गृहस्थी जीवन सुरु गरे । ३ छोरा र एक छोरीका बुबा आमा भएर जीवन पैया त्यहि विकट जिल्लामा रमाइउँदै चलाइरहे । वि.सं. २०१८ देखि २०३८ साल २० वर्ष सम्म सरस्वती मा.वि.मा प्रधानाध्यापकको जिम्मेवारी सफलतापूर्वक निर्वाह गरे । हजारौं चेला चेलीहरुलाई सक्षम बनाउन हर तरह कोशिस गरिरहे । त्यसपछि अर्थात २०३८ पछि अर्थात २०३८ सालदेखि ताप्लेजुङको फुङ्लिमा नवज्यति इङलिस सेकेन्डरी स्कुल स्थापना गरेर प्रिन्सिपलको भार ग्रहण गरे । वि. सं २०१८ देखि २०५५ सम्म ताप्लेजुङको माटोमा रमाएर शिक्षा सेवामा तल्लिन भएका राई सर २०५५ सालपछि काठमाडौंमा आएर पनि शिक्षण पेशा नै अपनाएर जीवन चलाए रहे ।

अग्रेजी भाषाका ज्ञाता राईलाइ त्यस अवधिमा अष्ट्रेलियाको इन्टरनेशनल ट्रेनिङ्ग इन्सिच्युटबाट कम्यूनिटि एजुकेशनबारे तालिम लिने अवसर प्राप्त भयो । उनले काठमाडौं, पाटनका थुप्रै शैक्षिक संस्थाहरुमा विभिन्न पदभार ग्रहण गरेर सेवा गर्दा आनन्द लिने राई हङकङमा समेत समय समयमा शैक्षिक उज्यालोको वक्ति बन्न सके । यसरी गणेशबहादुर राईले जीवनकालमा मात्र नभई मृत्युपछि पनि सार्थक भएको अनुभूति गर्न सकिन्छ ।

गणेशबहादुर राई शिक्षामा मात्र सीमित रहेनन् । शिक्षाको अलावा साहित्य पनि रुचि प्रशस्त थियो । उनका नेपाली र अंग्रेजी भाषामा गरि आधा दर्जन जति साहित्यिक कृतिहरु प्रकाशित छन् । त्यसको अलाबा फुटबल, वाद्यवादन गायन र संगीतमा रुचि भएका राई सरको जीवन वहुआयामिक थियो । उनको बहुआयामिक र उदाहरणीय व्यक्तित्वको कदर गर्दै देश तथा विदेशका विभिन्न संघ संस्थाहरुले थुप्रै मान सम्मान गरेका छन् ।

आज यस्ता असाधरण व्यक्तित्व भौतिक रुपमा छैनन् , तर स्मृतिमा सधै ताजा रहेका छन् । वि.सं. २०७५ जेठ १३ गते आइतबार यस लेकबाट अस्ताए पनि उनका कर्मले उनलाई सधैँ जीवन्त राख्ने छ । उनको प्रेरणाले हजारौं हजार व्यक्तिहरु मुस्कुराई रहनेछन् । यस्ता जीवनवादी व्यक्तित्वलाई अझ जीवन्त राख्न यो ग्रन्थको महत्व निकै छ । यसमा सद्भावका साथ लाग्नुहुने आदरणीय सर राजेश्वर कार्की धन्यवादका पात्र हुनुहुन्छ । यसमा कार्की सरले मलाई पनि केही लेख्ने अवसर दिनुभयो । म कार्की सरप्रति विशेष आभार व्यक्त गर्दछु । गणेश सरलाई यिनै शब्दद्वारा हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु ।

# हरियो खोर्सानीका फाइदा



हरियो खोर्सानी स्वास्थ्यसँगै सौन्दर्यका लागि पनि फाइदा जनक छ । दैनिक हरियो खुर्सानी खाएमा छालामा चमक आउनुका साथै रोग प्रतिरोधात्मक क्षमता अभिवृद्धि गर्छ । खोर्सानीमा प्रशस्त मात्रामा भिटामिन सी र ई पाइने भएकाले रगत सफा गर्नुका साथै अनुहारमा आउने पिपल्सबाट समेत राहत मिल्छ । आवश्यक मात्रामा खोर्सानी खाँदा फोक्सोमा क्यान्सर हुने सम्भावना कम हुन्छ । यसले प्रोटेस्टको समस्यालाई समेत कम गर्छ । हरियो खोर्सानीमा एन्टिब्याक्टेरियल गुण हुन्छ । जसले विभिन्न संक्रमणबाट बचाउँछ । हरियो खुसार्नीमा पाइने एन्टिअक्सिडेन्टले अक्सिडेसनलाई कम गर्छ। जसले कोषिकाहरूलाई स्वस्थ रहन मद्दत गर्छ।

प्रत्येक व्यक्तिको रक्तसञ्चार फरक-फरक गतिमा हुन्छ। रगतले सम्पूर्ण शरीरमा पोषक तत्व अक्सिजन, हर्मोन, गर्मी, इलेक्ट्रोलाइट्स आदि पुऱ्याउने गर्छ। हरियो खुर्सानी खाँदा यसले रक्त सञ्चारलाई तीव्र बनाउन मद्दत गर्छ। रियो खुसार्नीमा पाइने पोटासियम, फ्लोभोनोइड्स र भिटामिन सीका कारण शरीरमा प्रतिरक्षा प्रणाली मजबुत बन्छ। तर, यसका लागि सीमित मात्रामा नियमित रूपमा खुर्सानी खानुपर्छ।

आवश्यक मात्रामा खाँदा फोक्सोमा क्यान्सर हुने सम्भावना कम रहन्छ। यसका साथै प्रोटेस्टको समस्यालाई समेत कम गर्छ। हरियो खुर्सानी छालाका लागि फाइदा जनक मानिन्छ। खुर्सानीमा हुने भिटा मिन ईले छालाका लागि आवश्यक तेल उत्पादन गर्न सहयोग पुऱ्याउँछ। खानासँग मात्रा मिलाएर खाँदा छालामा समेत चमक ल्याउँछ। हरियो खुर्सानीमा एन्टिब्याक्टेरियल गुण हुन्छ। जसले विभिन्न रोगको संक्रमणबाट बचाउँछ।

SOS MANPOWER SERVICE (P) LTD.
www.sosmanpower.org
विश्वसनीय र भरपर्दो वैदेशिक रोजगारका लागि हामीलाई सम्झनुहोस्
ISO 9001
Handphone : 9851024628
G.P.O. Box : 3565, Dhapasi, Kathmandu, Labour Dept. Lic. No. : 80/052/53
Tel : 01 4365986 Fax : 01 4365985, Email : sosierra@wlink.com.np

# यी खोज पत्रकार जसको खुलासाले विश्व ततायो



विष्णु भट्टराई

बेलायती प्रहरीले विकिलिक्सका संस्थापक जुलियन असान्जलाई लन्डनस्थित इक्वेडरको राजदूतावासबाट गिरफ्तार गरेको छ । इक्वेडरले असान्जलाई दिइआएको आप्रवासीको मान्यता समाप्त गरेलगत्तै लन्डन प्रहरीले असान्जलाई गिरफ्तार गरेको प्रहरीले जनाएको छ। सन् २०१२ को अदालतको आदेशका आधारमा असान्जलाई गिरफ्तार गरेको बताइएको छ ।

प्रहरीले असान्जलाई जतिसक्दो चाँडो वेस्टमिन्स्टर मजिस्ट्रेट समक्ष प्रस्तुत गरिने जनाएको छ। असान्ज सन् २०१२ को अगष्टदेखि लन्डनस्थित इक्वेडरको दूतावासमा शरण लिएर बसेका थिए ।

राजदूतावासबाट बाहिर निस्किए आफूलाई संयुक्तराज्य अमेरिका सुपुर्दगी गरिने खतरा रहेको उहाँले दाबी गर्दै आएका थिए । उनीमाथि अमेरिकी हजारौं वर्गीकृत सैनिक तथा कुटनीतिक केबल (पत्राचार) विकिलिक्स मार्फत सार्वजनिक गरेको आरोप छ ।

इक्वेडरका राष्ट्रपति लेनिन मोरेनोले भने जुलिअन असान्जले बारम्बार अन्तर्राष्ट्रिय मान्यताहरू उल्लंघन गरेपछि उनलाई दिइएको शरणार्थीको मान्यता फिर्ता लिइएको जनाएका छन् । तर विकिलिक्सले ट्वीट गर्दै इक्वेडरले असान्जको राजनीतिक शरणार्थीको मान्यता रद्द गर्ने कार्य गैरकानुनी भएको बताएको छ र त्यो 'अन्तर्राष्ट्रिय कानुन विपरीत भएको' उल्लेख गरेको छ ।

बेलायति गृहमन्त्री साजिद जाविदले ट्विटरमा भनेका छन्, 'जुलिअन असान्ज प्रहरी हिरासतमा रहेको भन्ने म पुष्टि गर्छु र उनले युकेमा कानुनको सामना गर्नुपर्नेछ ।' असान्जले यसअघि एक्वेडोरको दूतावास छाड्न अस्वीकार गरेका थिए । आफूले त्यसो गरेमा विकिलिक्सको गतिविधिका बारेमा सोधपुछ गर्न अमेरिका सुपुर्दगी गर्न सकिने उनको दाबी थियो ।

स्कटल्यान्ड यार्डले आफूहरूलाई एक्वेडोरका राजदूतले नै दूतावास परिसरमा आमन्त्रण गरेको बताएको छ । विदेशमन्त्री सर एलन डन्कनले 'दुई देशबीच गहन वार्तापछि त्यस्तो गिरफ्तारी सम्भव भएको बताएका छन् ।'

सन् १९७१ मा अस्ट्रेलियामा जन्मिएका असान्ज विश्वभरका गोप्य दस्तावेजहरू सार्वजनिक गरेर चर्चामा आएका हुन् । आमाबाबु रंगमञ्चमा जोडिएका कारण असान्जले आफ्नो बाल्यकाल एकै ठाउँमा बसेर बिताउनुपरेन र फरकफरक स्थानबारे जान्ने मौका पाएका थिए ।

उनले आफ्नो बच्चा समय र जवानीमा समेत गरी जम्मा ३७ दिन स्कुल गए । युनिभर्सिटी अफ मेलबर्नबाट गणित र फिजिक्समा डिग्री गरे । कम्प्युटरमा रुचि राख्ने असान्ज १९९० मा कम्प्युटर प्रोग्रामर बने र सफ्टवेयर डेभलपर भए । १८ वर्षको उमेरमा नै बाबु बनेका उनले श्रीमतीसँग बच्चाको कानुनी संरक्षणका लागि लामो लडाइँ लडे । अस्ट्रेलियाका कम्प्युटर प्रोग्रामर जुलियन असान्ज अफगानिस्तान र इराक युद्धबारे ५० हजारभन्दा बढी गोप्य सैनिक दस्दावेज सार्वजनिक गरेपछि त संसारभरि एकाएक चर्चाको शिखरमा पुगे । उनी त्यतिबेला पक्राउ पर्न पनि सक्थे । अमेरिकाले उनलाई पक्राउ गर्ने कुरालाई प्राथमिकतामा पनि राखेको थियो । तर, उनीमाथि लागेको आरोपबारे अमेरिकी न्याय विभागबाट कुनै आधिकारिक पुष्टि आएन । केही समयअघि मात्रै राष्ट्रपति मोरेनोले ट्वीट गर्दै असान्जको 'असभ्य र आक्रमक' व्यवहारले सरकारको सहनशीलता र धैर्यता टुटेको बताएका थिए । उनीमाथि 'अन्तर्राष्ट्रिय सम्झौता र दैनिक जीवनको प्रोटोकल' बारम्बार उल्लंघन गरेको आरोप लगाउँदै उनले अचानक असान्जलाई दिएको राजनीतिक शरण अन्त्य गर्ने घोषणा गरे र त्यसपछि अन्य केही विषय पनि बाहिर आए ।

विदेशमन्त्री जोस भ्यालेन्सियाले कंग्रेसमा असान्जले प्रयोग गरेको मोबाइलसमेत दूतावासमा दर्ता नरहेको, उनले दूतावासका कर्मचारीलाई नै जासुस भन्दै बारम्बार अपमान गरिरहेको र बिनास्वीकृति आफ्नो स्केटबोर्डबाट गुड्नुका साथै चौरमा फुटबल खेलेर दूतावासका सुविधा र सौन्दर्यमाथि नोक्सान पुऱ्याएको बताएकी थिइन् । दूतावासमा रहँदा उनले सफाइमा पटक्कै ध्यान नदिएको पनि आरोप लगाएको



थियो । विवाद यतिसम्म थियो कि असान्जले साताभरि ननुहाएको र दाँतसमेत नमाझेको विषयले समेत तनाव निम्त्याउन थालेको थियो ।

सन् २०१० मा प्रतिष्ठित 'टाइम म्यागाजिन'ले असान्जलाई 'पर्सन अफ दि इयर' को उपाधि दियो । सन् २०१० मा असान्जमाथि दुई स्विडिस महिलाले बलात्कार तथा यौन शोषणको आरोप लगाए । यो आरोपपछि स्विडेनको एक अदालतले उनीविरुद्ध वारेन्ट जारी गरेको थियो । जसलाई असान्जले आधारहीन र झुठा आरोप भएको बताउँदै आएका थिए ।

सन् २०१० मा असान्जको विकिलिक्सले अफगानिस्तान र इराक युद्धमा अमेरिकी सेनासँग जोडिएका केही महत्वपूर्ण दस्तावेज प्रकाशित गरे । यसको प्रतिक्रियास्वरूप अमेरिकाले असान्जलाई बहिष्कार गर्ने निर्णय गऱ्यो । सन् २०१२ मा स्विडेन प्रत्यर्पित गर्नबाट बच्न उनले इक्वेडरको दूतावासमा शरण लिए । त्यस समयदेखि उनी इक्वेडरको दूतावासमा नै थिए । तर, सन् २०१७ मा उनीमाथि लागेको बलात्कारको आरोपमाथिको अनुसन्धान समाप्त भएको घोषणा गरिएको थियो । उनलाई इक्वेडरका तत्कालीन राष्ट्रपति राफेल कोरियाले सुरक्षा प्रदान गरेका थिए । वामपन्थी नेता राफेल आफैं विकिलिक्सका समर्थक मानिन्छन् ।

राष्ट्रपतिको पद मोरेनोले सम्हालेपछि तत्कालै उनले असान्जका अनलाइन गतिविधिमा कटौती गर्न आदेश दिएका थिए । यसै वर्षको जनवरीमा विकिलिक्सले भ्याटिकनका डकुमेन्ट जारी गरेपछि असान्जले अन्य देशको आन्तरिक मामलामा हस्तक्षेप नगर्ने नियम उल्लंघन गरेको आरोप लगाएका थिए । उनले त्यसलगत्तै अहिले पनि असान्ज विकिलिक्ससँग जोडिएको पुष्टि भएको उल्लेख गरेका थिए । राष्ट्रपतिले असान्जमाथि दूतावासमा अनुमति नभएका विद्युतीय सामग्रीसमेत प्रयोग गरेको उनले आरोप लगाए । यतिमा मात्रै उनी रोकिएनन् उनले असान्ज दूतावासका सुरक्षा फाइलसम्म असान्ज पुगेको समेत आरोप लगाए ।

यस्तै, विकिलिक्ससँग सम्बन्धित एउटा वेबसाइटमा इक्वेडरका राष्ट्रपतिका भाइको विदेशमा एक कम्पनी रहेको उल्लेख गरिएको छ । जसमा सार्वजनिक भएको समाचारसँगै राष्ट्रपति मोरेनो र उनको परिवारका निजी तस्बिरसमेत सामेल गरिएका छन् । मोरेनोले यी आरोप अस्वीकार गर्दै आएका छन् । भ्यालेन्सियाले जनवरीमा असान्जले इक्वेडरका राजदूतलाई उनले आफ्नो जीवन खतरामा भएका बेला सक्रिय बनाउन सकिने गरी एक पेनिक बटन लगाएको बताइकी थिइन् ।

एपीका अनुसार उनले किन यसो गरेका थिए भन्ने स्पष्ट भएन । तर, अघिल्लो बिहीबार उनलाई पक्राउ गरिएपछि त्यस अपरेसनका क्रममा असान्जलाई कोठामा जान रोकेकोमा अधिकारीहरू चकित भएका थिए । असान्जमाथि एकपटक कार्यालय समयका क्रममा चर्को आवाजमा गीत बजाएको र काम गरिरहेका कर्मचारीलाई समेत असर परेको आरोप पनि लगाएको थियो । यस्तै, उनले जानेर नै दूतावासका क्यामेरा बन्द गरिदिएको आरोप पनि छ । भ्यालेन्सियाले दूतावासमा सन् २०१२ देखि २०१८ सम्म असान्ज बसेको खर्च करिब ६ दशमलव ५ मिलियन डलर बराबर भएको जानकारी दिएकी छन् । असान्जको इक्वेडरको नागरिकता पनि तत्काल निलम्बन गरिएको थियो ।

सन् २००६ मा उनले विकिलिक्स डट ओआरजीको सुरुवात गरेका थिए । जसका माध्यमबाट उनले विश्वभरका सयौं गोप्य दस्तावेज सार्वजनिक गरिसकेका छन् । विकिलिक्सका कतिपय खुलासाले त विश्वभर एक किसिमका तहल्का नै मच्चिएका छन् । केही सरकारका गोप्य दस्तावेज सार्वजनिक भएपछि त त्यहाँका सरकारका विषयमा हलचल नै मच्चियो ।

विकिलिक्स अमेरिकासहित विश्वका दर्जनौं देशका सयौं गोप्य दस्तावेजहरू सार्वजनिक गरेर चर्चामा आयो । यसैका संस्थापक हुन्, जुलिअन असान्ज । ४७ वर्षीय असान्ज सन् २०१२ देखि इक्वेडरको दूतावासमा शरणार्थीका रूपमा बस्दै आएका थिए । असान्जले अमेरिकी नागरिक चेल्सी म्यानिङसँग मिलेर आफ्नो देशको रक्षा मन्त्रालयको कम्प्युटरमा रहेको गोप्य जानकारी प्राप्त गर्ने षडयन्त्र गरेको अमेरिकाले आरोप लगाएको छ । चेल्सी हाल अमेरिकी जेलमा छिन् । यो वेबसाइटले चलचित्र उद्योगदेखि राष्ट्रिय सुरक्षासम्मका विषयमा गोप्य जानकारी प्रकाशन गर्दै आएकाले पनि यो विश्वभर चर्चित छ ।

सन् २०१० मा विकिलिक्सले एउटा भिडियो जारी गऱ्यो । जुन भिडियोमा अमेरिकाको सैन्य हेलिकोप्टरले इराकको राजधानी बगदादमा सर्वसाधारणको हत्या गरेको दृश्य छ । हेलिकोप्टरबाट खिचिएको सो भिडियोमा पाइलटलाई सबैको हत्या गर्न निर्देशन दिइएको छ । जसमा हेलिकोप्टरबाट सडकमा रहेका सर्वसाधारण मारेको देख्न सकिन्छ । त्यति मात्रै होइन घाइतेको उद्धारमा आएको भ्यानलाई समेत अमेरिकी हेलिकोप्टरबाट आक्रमण गरिएको छ । जुन घटनामा रोयटर्सका दुई फोटो पत्रकारसमेत मारिएका थिए ।

चेल्सी म्यानिङ अमेरिकी सेनाको गोप्य सूचना विश्लेषकका रूपमा कार्यरत थिइन् । उनले नै दिएका सयौं दस्तावेज विकिलिक्समा प्रकाशित भएका थिए । सार्वजनिक भएको एउटा दस्तावेजअनुसार अफगानिस्तानमा अमेरिकी सेनाले सयौं सर्वसाधारणको हत्या गरेको थियो । जसमा करिब ६० हजार अफगानी नागरिक मारिएको उल्लेख छ । यस्तै, इराकी सेनाले बन्दीहरूमाथि चरम यातना दिएको पुष्टि पनि दस्तावेजले गरेको छ । प्रकाशित दस्तावेजमा अमेरिकी कूटनीतिज्ञहरूले पठाएका २ लाख ५० हजारभन्दा बढी सन्देश समावेश गरिएका थिए । सो सन्देशले अमेरिकाले संयुक्त राष्ट्रसंघका प्रमुख अधिकारीहरूको 'बायोग्राफिक र बायोमेट्रिक' सूचना, डीएनएको नमुना र औंठाछाप पनि संकलन गर्न चाहेको खुलासा गरेको थियो ।

विकिलिक्सले अमेरिकामा ११ सेप्टेम्बर २००१ मा अलकायदाले गरेको आतंकवादी आक्रमणका बेला पेजरबाट आदानप्रदान भएका झन्डै ५ लाख ७३ हजार सन्देश प्रकाशन गरेको थियो । जसमा सर्वसाधारणले आफ्ना परिवारको सोधखोजदेखि ११ सेप्टेम्बरको आतंकवादी हमलाबारे सरकारी निकायका प्रतिक्रियाको विस्तृत विवरण सार्वजनिक गरिएका थिए । एउटा सन्देशमा भनिएको छ, 'राष्ट्रपतिको यात्रा पुनर्विचार गरिएको छ । उनी वासिङ्टन फर्किने छैनन् । तर, कहाँ जाने भन्ने निश्चित छैन ।'

सन् २०१६ मा विकिलिक्सले अमेरिकी राष्ट्रपति पदकी उम्मेदवार हिलारी क्लिन्टनका चुनाव प्रचारक जोन पोडेस्टाको एकाउन्ट ह्याक गरेर हजारौं इमेल प्रकाशन गरेको थियो । एउटा इमेलमा पोडेस्टाले अर्का डेमोक्रेट उम्मेदवार बर्नी स्यान्डर्सलाई 'मूर्ख' भएको टिप्पणी गरेका थिए । विकिलिक्सका सूचनाले सीएनएनमा हुने बहसमा सोधिने प्रश्नबारे क्लिन्टनलाई पहिले नै जानकारी दिइएको संकेत गरिएको छ । सन् २००८ मा विकिलिक्सले रिपब्लिकन उम्मेदवार सेरा पालिनको इमेलका विवरण सार्वजनिक गरेको थियो ।

सन् २०१५ मा विकिलिक्सले चलचित्र कम्पनी सोनी पिक्चर्सको १ लाख ७० हजार इमेल र २० हजारभन्दा बढी दस्तावेज प्रकाशन गरेको थियो । उत्तर कोरियामाथि व्यंग्य गरिएको एउटा चलचित्र प्रदर्शनमा ल्याउनुअघि सो कम्पनीमा साइबर हमला भएको थियो । इमेलले अमेरिकन हसल नाम गरेको चलचित्रमा पुरुष कलाकारहरूको तुलनामा अभिनेत्रीहरू जेनिफर लरेन्स र एमी एडम्सले कम पारिश्रमिक पाएको खुलासा गरिदिएको थियो । जसमा एन्जेलिना जोलीजस्ता कलाकारको पनि अपमान भएको खुलासा गरिएको छ ।

असान्जलाई अमेरिका सुपुर्दगी गर्नुपर्छ वा गर्नुहुन्न भन्नेबारे नयाँ विवाद सुरु भएको छ । कन्जर्भेटिभ टोरी, हिलारी क्लिन्टनतर्फका अमेरिकी डेमोक्र्याट र युद्धको पक्षपोषण गर्दै आएको ट्रम्प प्रशासन एकै ठाउँ आइपुगेका छन् र उनीहरुलाई दि इकोनोमिस्ट लगायत दक्षिणपन्थी कर्पोरेट मिडियाले साथ दिइरहेका छन् । अर्कोतर्फ प्रगतिशील खेमाका लेबोर, सोसिइल डेमोक्र्याट वामपन्थी पार्टी तथा गार्जियन्ट जस्ता तटस्थ मिडियाहरु असान्ज सुपुर्दगीको विपक्षमा देखिएका छन् । असान्जलाई पक्राउ गर्नु आफैंमा एउटा अपराध हो । उनले त ह्विसल ब्लवरले मेलबक्समा जम्मा गरिदिएका समाचार प्रकाशमा ल्याएका मात्र हुन् । *एजेन्सीको सहयोगमा*

# काठमाडौं नजिकको रमणीय स्थल

पर्यटन

जहरसिं पौवा शंखरापुर नगरपालिकाको एक रमणीय पर्यटन क्षेत्रमा एक हो, जोरपाटीदेखि जहरसिं पौवासम्म पुग्ने सडकको मर्मत भइरहेकोले पानी परेका बेला सवारी चल्न अप्ठ्यारो हुने गरेको छ । काठमाडौंको धुलोधुवाँबाट मुक्त भई केही समयका लागि रमाउनेका लागि जहरसिं पौवा राम्रो गन्तव्य बनेको छ ।

सहरिया खानेकुरादेखि लोकल कुखुरा, गुन्द्रुक, ढिडो, मोही, निगुरो, भुइँस्याउजस्ता खान्की भनेअनुसार पाइने भएकाले पनि कलाकार र रमाइलो गर्नेहरुका लागि जहरसिं




पौवा नयाँ स्वाद चाख्ने थलो पनि बनेको छ । 'ठाउँ निकै रमाइलो छ' 'बाटो देख्दा दिक्क लागे पनि यहाँ आएपछि सबै भुलिन्छन् ।'

शिवपुरी राष्ट्रिय निकुञ्जका वन र अरु डाँडामा फुलेका राताम्य गुराँस र नजिकै चिसो झरना सुटिङ गर्नेहरुका लागि सुन्दर ठाउँ हुन्।ऐतिहासिक गुफा, हाइकिङ र साइक्लिङमा जानेहरुको लहर यही देख्न पाइन्छ ।

Office Equipment Problems?
Get your solution today!
CrossWeb Office Automation Pvt. Ltd.
sales - service - support
happy to help
Same day service including:
:: Selection of Office Equipment
:: Sales & Services of Office Equipment
:: Network Setup and CCTV Surveillance Installation
:: Sales & Services of EPABX & Security Equipment
:: Data Backup and Recovery
:: Server & client configuration etc.
Our qualified technicians guarantee all of our work and parts.
Call us today for free advice and estimates
977 1 4444531, 4444532, 9851051003
E-mail: crossweb@mail.com.np; www.crossweb.com.np/contact
https://www.facebook.com/crossweb.automation.3

# रोचक संसार

## विश्वकै सानो बच्चा




काठमाडौं । जापानमा विश्वकै अहिलेसम्मको सानो तथा कम तौलको बालकको जन्म भएको छ। गत अक्टोबर महिनामा जन्मिएको भएपनि यो बच्चा बल्ल अस्पतालबाट बाहिर निकालिँदै छ र यसको बारेमा खबर सार्वजनिक गरिएको छ । अक्टोबर महिनामा जन्मिएको उक्त बच्चाको वजन केवल स्याउको गेडाजत्तिकै अर्थात् २ सय ५८ ग्राम थियो ।

त्यो बच्चाको नाम रुसुके सेकिया राखिएको छ । आकस्मिक शल्यक्रिया गरी गर्भको २४ हप्तामै बच्चालाई जन्माइएको थियो । तोसिको नामकी गर्भवती महिलामा उच्च रक्तचापको समस्या देखिएपछि २४ हप्ता ५ दिनका दिन उक्त उनको शल्यक्रिया गरी अक्टोबर १ तारेखमा बच्चा बाहिर निकालिएको थियो । त्यसबेला बच्चाको लम्बाई जम्मा २२ सेन्टिमिटर मात्र थियो । बच्चा जन्मिएसँगै अस्पतालले उक्त शिशुलाई अति सघन कक्षमा राखेर उपचार सुरु गरे । बच्चालाई ट्युबको सहाराले दूध पिलाइयो । आमाको दूध खुवाउनका लागि कपासको प्रयोग पनि गरिन्थ्यो कुनै बेला । यो साता महिनाको बीचमा बच्चाको वजन १३ गुणाले बढेको छ र अहिले बच्चाको तौल ३ किलो भैसकेको छ ।

स्मरण रहोस् यसअघि जापानमै विश्वको सबैभन्दा कम वजनको बालक जन्मिएको थियो जसको वजन जम्मा २ सय ६८ ग्राम थियो । टोकियोमा जन्मिएको त्यो बच्चा भन्दा रुसुकेको वजन जन्मको समयमा १० ग्राम कम भएका कारण उसले दुनियाकै कम तौलको बालकको रेकर्ड कायम गरेको छ । अस्पतालबाट बच्चा लिएर घर जाने क्रममा आयोजित पत्रकार सम्मेलनमा रुसुकेकी आमा तोशिकोले जन्मको समयमा छोरा निकै सानो भएको र छुँदा पनि भाँचिन्छ कि जस्तो डर लाग्ने गरेको बताइन् । अहिले भने आफूले बच्चालाई दूध चुसाउने र नुहाइदिने गर्न थालेको र छोरालाई ठूलो भएको देख्दा खुसी लागेको उनले बताइन् ।

## नाकबाट मुत्रपान



स्वस्थ रहनका लागि आफ्नो पिसाब पिउनुपर्छ र त्यो पनि नाकले पिउनुपर्छ भनेर यदि कसैले भन्छ भने तपाईं त्यसलाई अवश्य पनि पागल भन्नुहुन्छ ।

तर यो दुनियाँमा यस्ता पागलहरुको कमी छैन । एकजना यस्ता मानिस छन् जसले दिनहुँ आफ्नो पिसाब आफ्नो नाकबाट पिउने गरेका छन् । यसरी पिसाब पिउनाले आफू स्वस्थ तथा तन्दुरुस्त भएको उनको दाबी छ । बेलायती नागरिक साम कोहेन नामका यी व्यक्तिले पछिल्लो १९ वर्षदेखि आफ्नो पिसाब नाकले पिइरहेका छन् ।

पिसाब पिउनाले आफूलाई कुनै रोगले आक्रमण गर्न नसकेको उनको जिकिर छ । पिसाबले आफूलाई रुघाखोकी लाग्न नदिएको मात्र होइन, आफ्नो सेक्स पावरमा पनि सुधार भएको उनको भनाइ छ । साम पेसाले योग शिक्षक हुन् । नाकले मुत्रपान गर्नका लागि उनले आफूसँग सधैं एउटा कप राखेका हुन्छन् । उनले २२ वर्षको उमेरदेखि यसरी आफ्नै पिसाब पिउन थालेका थिए । पिसाब पिउनाले आफू जवान हुँदै गएको र अहिले दिनहुँ पिसाब नाकले पिउन थालेको उनले बताएका छन् । दिनमा कम्तीमा पनि १५र२० पटक यसरी पिसाब पिउने उनले बताए । यहाँसम्म कि हवाई यात्राका बेला पनि उनले आफ्नो मुत्रपान गर्न छाडेनन् ।

## शरीरका सबै अंग उल्टा



अमेरिकामा ५ सन्तानकी एक महिलाको हालै ९९ वर्षको उमेरमा मृत्यु भयो । ती महिलाले आफ्नो शरीर दान गरेकी थिइन् र उनको मृत्युपछि उनको शव पोर्टल्याण्डको ओरेगन हेल्थ एण्ड साइन्स युनिभर्सिटीलाई दान गरियो । जब विश्वविद्यालयका चिकित्सा शास्त्रका विद्यार्थीहरुले प्रयोगशालामा उक्त शवलाई चिरेर त्यसका भित्री अंगहरु अध्ययन गर्न थाले, तब सबै तीनछक परे ।

रोज मेरी नामकी ती मृतक महिलाको शवको चिरेर हेर्दा पत्ता लाग्यो कि उनको शरीरका भित्री अंगहरु असामान्य ठाउँमा छरिएका थिए । मानिसका भित्री अंग जुन ठाउँमा हुन्छन् उनका अंगहरु ती ठाउँमा थिएनन् ।

त्यस्तो खालको शारीरिक बनाटका साथ ती महिला ९९ वर्षसम्म कसरी बाँचिन् भनेर सबैजना तीनछक परेका छन् । उनका अधिकांश भित्री अंगहरु गलत ठाउँमा थिए । केही आकार असामान्य रुपमा ठूलो थियो । उनी लेभोकार्डिया तथा साइटस इनभर्सस नामको असामान्य अवस्थामा रहेको पाइयो । जसमा अधिकांश महत्वपूर्ण अंगहरु उल्टा हुन्छन् ।

उनको शरीरका अंगहरु देख्दा लाग्दछ कि शरीर भित्र ऐना राखिएको छ र अंगहरु उल्टा देखिएका छन् । विज्ञहरुका अनुसार हरेक ५ करोड मानिसमा एकजनामा यस्तो दुर्लभ समस्या हुन सक्दछ ।

शरीरभित्रका सबै अंग उल्टा हुँदा पनि रोजलाई जीवित छँदा कुनै समस्या नभएको उनका परिवारका सदस्यहरुको भनाइ छ ।

अर्को अनौठो कुरा त के भने रोजको मुटुको एउटा ठूलो नसासमेत सामान्य अवस्थामा थिएन । त्यो नसा दायाँ भागमा हुनुपर्नेमा बायाँ भागमा थियो । मुटुको दायाँ एट्रियम सामान्यभन्दा दोब्बर ठूलो थियो । दायाँ फोक्सोमा तीनवटा भाग हुनुपर्नेमा केवल दुईवटा भाग मात्र थिए ।उनको अमासय पनि बायाँतर्फ हुनुपर्नेमा दायाँतर्फ थियो । पाचनतन्त्र पनि उल्टो थियो ।

चिकित्सा विज्ञानमा यो चमत्कारभन्दा कम होइन । शरीरको प्रणाली यतिधेरै जटिल हुनुका बाबजुद पनि रोज मेरीलाई कुनै समस्या भएन । उनलाई केवल बाथको समस्या मात्र थियो ।

प्रेरक

## मैले त देख्छु नि !



एउटा सहरको चोकमा एकजना साहित्यकारको सालिक राख्ने तयारी भइरहेको थियो । त्यसका लागि चर्चित मूर्तिकारले सालिक बनाउने जिम्मा पाए । उनी काममा जुटे । केही दिनमै सालिक तयार पनि भयो । तर, मूर्तिकार सन्तुष्ट हुन सकेनन् र उनी पुनः अर्को सालिक निर्माणमा जुटे ।

मानिसहरू दिनदिनै उनको कला हेर्न आउँथे र प्रशंसा गर्दै फर्किन्थे । जब उनी दोस्रो सालिक निर्माणमा जुटे तब उनीहरूले सोचे, सायद एउटै साहित्यकारका सालिक फरक-फरक स्थानमा राखिने रहेछन् ! खसखस थाम्न नसकेर एकजनाले सोधे– होइन मूर्तिकारज्यू, तपाईंले यति राम्रो एउटा सालिक निर्माण गरिसकेपछि फेरि अर्को पनि बनाउन थाल्नुभयो । के एउटै साहित्यकारका दुई सालिक अलग-अलग स्थानमा राख्ने हो ?

ढुंगामा छिनु र घन चलाउँदै मूर्तिकारले शान्त भावमा जवाफ दिए– होइन, राख्ने त एउटै हो । प्रश्नकर्ताले पुनः सोधे– त्यसो भए एकैजनाका दुइटा सालिक किन बनाउँदै हुनुहुन्छ त तपाईं ? मूर्तिकारले पुनः जवाफ दिए– पहिलो सालिक बनाउँदै जाँदा त्यसको नाकमा केही रेखाहरू कोरिए । घोटेर तिनलाई मेटूँ भने नाकको आकार नै फरक देखिन्छ । त्यसैले नयाँ बनाउन थालेको हुँ ।

मूर्तिकारको जवाफ सुनेपछि सबैजना घोरिएर पहिलो सालिकको नाक हेर्न थाले । तर, उनीहरूले सजिलै त्यस्तो कुनै रेखा देखेनन् । त्यसैले फेरि तिनै प्रश्नकर्ताले सोधे– यति नजिकबाट हेर्दा त केही देखिएन भने २० फिटमाथि राखिने यो सालिकको नाकमा कोरिएका रेखा कसले देख्ला र ? मूर्तिकारले मुसुक्क हाँस्दै भने– अरूले नदेखेर के भयो त ? मैले त देख्छु नि !

# साप्ताहिक राशिफल

ज्यो. लक्ष्मीप्रसाद बराल

### मेष

शरीरमा कमजोरी अनुभूति हुनेछ । लगनशील बन्दाबन्दै पनि काममा पछि परिनेछ । स्वास्थ्यका लागि आहारविहारमा सजग रहनुहोला । पहिलेका समस्या दोहोरिनाले पनि अलमल बढ्न सक्छ । समयको तालमेल नमिल्दा योजना सम्पन्न नहुन सक्छ । जोखिमपूर्ण वा विवादास्पद जिम्मेवारी वहन गर्नुपर्ला । प्रतीक्षित नतिजा कमजोर देखिनाले काम दोहोर्याउनुपर्ने हुन सक्छ ।

### बृष

कामको चापबाट फुर्सदिलो भइनेछ । व्यापार-व्यवसायमा लाभ हुनेछ । आय बढ्नुका साथै उपहार प्राप्त हुने समय छ । भौतिक साधन जुट्नेछ भने आम्दानी बढ्ने काम प्रारम्भ हुन सक्छ । प्रेमको बन्धन कसिनेछ भने अतिथिको रूपमा सत्कार प्राप्त हुनेछ । परिस्थिति अनुकूल रहे पनि भौतिक सुविधाले खर्च निम्त्याउन सक्छ । विवादले रमाइलो क्षणमा पनि मन खिन्न रहनेछ ।

### मिथुन

अवसर प्राप्त भए पनि फाइदा उठाउन चुनौतीसँग जुध्नुपर्नेछ । आफ्नो मिहिनेतबाट अरूले फाइदा उठाउने कोसिस गर्नेछन् । चुनौतीपूर्ण कामको जिम्मेवारी वहन गर्नुपर्ला । स्वास्थ्य कमजोर रहनाले व्यवसायमा बाधा पुग्नेछ । प्रगतिमाथि ईर्ष्या गर्नेहरूले पनि दुःख दिनेछन् । शुभचिन्तक र प्रतिस्पर्धीलाई समेटेर काम लिनुपर्ला । परिस्थितिसँग सम्झौता गर्नुपर्ने हुन सक्छ ।

### कर्कट

निर्णय लिन केही अलमल भए पनि पछि लाभ हुने काम प्रारम्भ हुनेछ । फाइदाको स्रोत पहिल्याउन सकिनेछ । अध्ययनमा राम्रो उपलब्धि प्राप्त हुनेछ । बौद्धिक प्रतिस्पर्धामा विजयी भइनेछ । प्रतिष्ठित काम सम्पादन गर्ने मौका छ । सेवामूलक काम सम्पादन गर्न सकिनेछ । प्रतीक्षा गरिएको नतिजा सबल रहनेछ । गुरुजनको सुझाव र सन्तानको सहयोग लाभदायी बन्नेछ ।

### सिंह

आवेशको निर्णयले समस्या निम्त्याउने हुँदा व्यवहारमा सजग रहनुपर्ला । ईर्ष्या गर्नेहरूले काममा अवरोध पुर्याउन सक्छन् । अरूको व्यवहारले शंका उब्जाए पनि मान्यजनको सुझाव शिरोधार्य गर्दा फाइदा हुनेछ । मिहिनेत गर्दा जटिल काम समेत सम्पादन हुनेछ । आफन्तले उत्साह जगाउनेछन् र दिगो फाइदा हुने काम प्रारम्भ हुनेछ । टाढिएका साथीभाइ नजिकिनेछन् ।

### कन्या

परिस्थितिवश चिताएको काम पूरा गर्न नसकिएला । आफ्नो मिहिनेतबाट अरूले फाइदा उठाउने चेष्टा गर्नेछन् । मौका आए पनि काम थाल्नुअघि राम्ररी विचार पुर्याउनुहोला । व्यवसायमा बाधा पुग्नेछ भने अरूका लागि बुद्धि खर्चनुपर्ने देखिन्छ । सेवामूलक कामबाट राम्रो उपलब्धि प्राप्त हुनेछ । तत्काल ठूलो फाइदा नदेखिएकाले हिसाबकिताबमा होसियार रहनुहोला ।

### तुला

समयमा वचन पुर्याउन नसक्ता अरूले आलोचना गर्न सक्छन् । बेसुरमा बोल्ने बानीले वादविवाद निम्त्याउन सक्छ । परिस्थितिको बन्धनले पनि स्वतन्त्रतामा बाधा पुर्याउला । महत्वाकांक्षी योजना गोप्य राखेर अघि बढ्नुपर्ला । बुद्धिको उपयोगले विद्या तथा धन आर्जन हुनेछ भने सानो प्रयत्नले ठूलो काम बन्ने सम्भावना देखिन्छ । मिहिनेतले सम्मानित स्थान दिलाउन सक्छ ।

### बृश्चिक

अवसर प्राप्त भए पनि भूलवश काममा बाधा होला । बेसुरको निर्णयले समस्या निम्त्याउनेछ । आफ्ना कमजोरीमाथि टिप्पणी हुन सक्छ । तर शुभचिन्तकहरूले अप्ठ्यारो पर्दा साथ दिनेछन् । दोहोर्याएर प्रयास गर्दा रोकिएको काम बन्नेछ । बिछोडिएका आफन्तजनसँग भेटघाटको अवसर जुट्नेछ । आफ्नो सूचना बाहिरिने समय रहेकाले गोपनीयतामा विशेष ध्यान पुर्याउनुहोला ।

### धनु

खर्च लागे पनि लगानी बढाउने अवसर आउन सक्छ । दिगो योजनाका लागि ऋण लिने समय छ । अवसरको खोजीमा केही दौडधुप गर्नुपर्ला । तापनि उपलब्धिमूलक यात्रा गर्ने प्रक्रिया अघि बढ्न सक्छ । टाढाका साथीभाइसँग आत्मीयता बढ्नेछ । विदेश भ्रमणका लागि प्रयत्न गर्ने समय छ । फाइदाका पछि लाग्दा धनमाल गुम्न सक्छ । काम रोकिनाले दोहोर्याएर प्रयत्न गर्नुपर्ला ।

### मकर

प्रतीक्षित नतिजाले उत्साह जगाउनेछ । आम्दानीका नयाँ स्रोत फेला पर्नेछन् । पहिले गरेका कामबाट प्रशस्त लाभ हुनेछ । आयआर्जन बढ्ने र उठ्नुपर्ने रकम हातलागी हुने समय छ । कृषि, पशुपालन तथा व्यापारमा प्रशस्त फाइदा हुनेछ । चल(अचल धनको उपयोगबाट मनग्गे फाइदा उठाउन सकिनेछ । पछिसम्म फाइदा हुने कामको जग बसाउने अवसर प्राप्त हुनेछ ।

### कुम्भ

पहिलेका कमजोरी बाहिर आउनाले प्रतिष्ठामा समस्या पर्न सक्छ । बाध्यताले अलमल्याउन सक्छ । अरूका लागि समय, धन र बुद्धि खर्चनुपर्ला । तापनि, लगनशीलताले उपलब्धिको स्रोत प्राप्त हुनेछ । काम पूरा नभए पनि दोहोर्याएर प्रयत्न गर्दा लाभ हुनेछ । विवादास्पद जिम्मेवारी वहन गर्नुपर्ला । चिताएको मूल्य प्राप्त नभए पनि पछि फाइदा हुने काम हातलागी हुन सक्छ ।

### मीन

फाइदा सामान्य भए पनि तारिफयोग्य काम थालनी हुनेछ । धर्मकर्म तथा परोपकारमा प्रवृत्त भइएला । बुद्धिको उपयोगले अरूलाई आफ्नो पक्षमा लिन सकिनेछ । मिहिनेतले सम्मानित स्थान दिलाउनेछ । प्रतिष्ठित काम गर्ने अवसर प्राप्त हुनेछ । अरूको भरपर्दा प्रभावकारी काम नहुन सक्छ । विशेष योजना सार्वजनिक नगर्नुहोला । दिगो कामको जग बसाउन सकिनेछ ।

## "कुटुमा कुट" ले बनायो रेकर्ड



राजनराज सिवाकोटीद्वारा संगीतबद्ध 'कुटुमा कुटु' गीतले युट्युवमा १० करोड भ्युज प्राप्त गरेको छ । कुनै पनि नेपाली गीत १० करोड क्लवमा प्रवेश गरेको यो पहिलोपटक हो ।

चलचित्र '२ रुपैयाँ' मा समावेश यो गीत गाउँदेखि शहरसम्म लोकप्रिय छ । यस गीतले युट्युवमा सुरुदेखि नै आक्रामक भ्युज प्राप्त गरिरहेको थियो । गीतमा राजनराजको शब्द, संगीत र स्वर रहेको छ भने उनलाई गायनमा मेलिना राईले साथ दिएकी छन् । गीतमा निश्चल बस्नेत, स्वस्तिमा खड्का र आसिफ साहको फिचरिङ छन् ।

गीत १० करोड क्लवमा प्रवेश गरेपछि संगीतकार शिवकोटीले खुसी सेयर गरेका छन् । उनले फेसबुकमा स्टाटस लेख्दै सबै दर्शक र स्रोताहरुलाई धन्यवाद दिएका छन् ।

## गीतमा रिमेक

अहिले नेपाली चलचित्र क्षेत्रमा गीत रिमेक गर्ने चलन बढिरहेको छ । पुराना निकै चर्चित तथा लोकप्रिय गीतहरुलाई रिमेक गरी नयाँ चलचित्रमा समावेश गर्ने चलन अहिले निकै देखिएको छ । यस्तैमा, नायक राजेश हमाल र नायिका दीपाश्री निरौला, विपना थापाले नृत्य गरेको चलचित्र 'गाउँले'मा समावेश 'गोली सिसाको' बोलको गीतको पनि रिमेक हुने भएको छ ।

नायक रमित ढुंगानाको मुख्य भूमिका रहने चलचित्र 'राजा साहेब'मा यो गीत समावेश हुनेछ । टिका भण्डारीको संगीत रहेको उक्त गीतलाई ओम सुनारले रिमेक गर्दैछन् । पुरानो गीतमा उमेश पाण्डे र रमला श्रेष्ठले स्वर दिएका थिए भने रिमेक गीतमा ओम र इन्दिरा जोशीले स्वर दिनेछन् । ओमका अनुसार अबको केही दिनमा उक्त गीतको रेकर्डिङ हुनेछ ।

यो गीतको भिडियोमा ३०० बढी कोरसको प्रयोग गरिने बताइएको छ । भिडियोलाई रामजी लामिछानेले करियोग्राफी गर्नेछन् । चलचित्रको यो गीतमा नायक ढुंगानाको साथमा २ नायिकाले नृत्य गर्नेछन् । विचल राईको निर्देशनमा बन्न लागेको 'राजा साहेब'मा सरु राईको लगानी रहनेछ । चलचित्रका लागि अहिले नायिकाको छनोट भइरहेको छ । नायिका पक्का भएसँगै चलचित्रको छायांकन सुरु गरिने बुझिएको छ ।

## "वीरविक्रम २" जेठमा

जेठ ३ गतेबाट देशभर प्रदर्शनमा आउन लागेको मिलन चाम्स निर्देशित फिल्म 'वीरविक्रम २' को अफिसियल पोस्टर सार्वजनिक भएको छ । 'पिरतीको मिठो तिर्सना' को रिमेक भर्सन र 'वाचा' बोलको गीतले राम्रो हाइप निर्माण गरिरहेको अवस्थामा निर्माण टिमले सार्वजनिक गरेको पोस्टरमा फिल्मका चार लिड कलाकार फिचर्ड छन् ।




सार्वजनिक ६ पोस्टरमध्ये दुईमा अभिनेत्री वर्षा सिवाकोटीलाई अभिनेता द्वय पल शाह र नाजिर हुसेनको अंगालोमा रोमान्टिक मुडमा देख्न सकिन्छ । भने, तेस्रो पोस्टरमा तीन स्टार्स खुसी मुद्रामा देखिएका छन् । बाँकी तीन पोस्टरमा पल, नाजिर र वर्षासँगै कलाकार बुद्धि तामाङ पनि देखिएका छन् । फिल्ममा उनी नेगेटिभ रोलमा छन् ।

'वीरविक्रम २' का छायाँकार सुदीप बराल हुन् । उनले निर्देशक चाम्सका हरेक फिल्म खिच्दै आइरहेका छन् । अपर्ण सापकोटा निर्माता रहेको फिल्ममा देशभक्त खनाल, विनिशा भण्डारी, विनोद सुवेदी खत्री, मनिष लिम्बुलगायतका कलाकारहरुको अभिनय छ । हिमाल केसीको द्वन्द्व रहेको फिल्मको कथा प्रदीप भारद्धाजले लेखेका हुन् ।

## ककसले पाए "ब्लकबस्टर अवार्ड"



यही चैत २८ गते बक्स अफिस फिल्म क्लब नेपालले आयोजना गर्न लागेको 'नयाँ बर्षलाई स्वागत तथा पुरानो बर्षलाई विदाई' कार्यक्रममा फिल्म, फिल्मकर्मी र पत्रकारलाई एकसाथ सम्मान गरिने भएको छ । यस वर्ष प्रदर्शनमा आएका फिल्ममध्ये एक दर्जन फिल्मलाई 'ब्लकबस्टर अवार्ड २०७५' बाट सम्मान गरिने आयोजक संस्थाले जनाएको छ ।

बक्स अफिस फिल्म क्लब नेपालका आर.के सुवेदीले 'लिलिबिली', 'छक्का पञ्जा ३', 'जय भोले', 'बबी', 'नाइँ नभन्नू ल ५', 'कायरा', 'इन्टु मिन्टु लण्डनमा', 'भैरे', 'रामकहानी', 'चंगा चेट', 'प्रसाद', 'क्याप्टेन' गरि बाह्र फिल्मका निर्मातालाई 'ब्लकबस्टर अवार्ड २०७५' बाट सम्मान गरिन लागेको जानकारी दिए ।

यस कार्यक्रममा माथि उल्लेखित फिल्मका निर्माताहरु गोविन्द शाही, दीपकराज गिरी, अशोक शर्मा, मिलन चाम्स, विकास आचार्य, आर्यन सिग्देल, प्रज्वल शमशेर जबरा, सूर्य बोहरा, सुदर्शन थापा र पुजा शर्मा, माधव वाग्ले, सुवास थापा, भुवन केसीलाई 'ब्लकबस्टर फिल्म अवार्ड २०७५' बाट सम्मान गरिनेछ । लामो समयदेखि फिल्म पत्रकारितामा सक्रिय तीन पत्रकारलाई 'अग्रज पत्रकारिता पुरस्कार २०७५' बाट पनि सम्मान गर्न लागिएको आयोजक संस्थाका अध्यक्ष सुवेदीले बताए । राजधानी दैनिकमा कार्यरत डब्बु क्षेत्री, नयाँ पत्रिका दैनिकमा कार्यरत लक्ष्मण सुवेदी र सगरमाथा तथा इण्डिजिनियस टेलिभिजनमा आबद्ध महिला पत्रकार सवी कार्कीलाई पत्रकारिता पुरस्कार प्रदान गरिँदैछ ।

## अंग्रेजी शब्दावलीको ज्ञान बढाऔं

Virulent = विरोधी He is quite virulent on the use of modern medicine (आधुनिक औषधिको प्रयोगको ऊ विरोधी छ ।

Witless = पुरै मुर्ख his father was half-wit but he is totally witless (उसको बाबु त अलिकति मात्रै मूर्ख थिए तर ऊ चाहीँ पुरै मूर्ख छ)

Attenuate = कमजोर वा दुर्बल वा पातलो बनाइदिनु By attacking fiercely, the soldiers attenuated the enemy's line (डरलाग्दो किसिमले आक्रमण गरी सिपाहीहरूले शत्रुको घेरालाई कमजोर पारिदिए)

Bountiful= प्रशस्तै A good harvest results in bountiful supply of foods (बाली राम्रो हुँदा खाद्यान्नको आपूर्ति पनि राम्रै हुन्छ)

Cursory = हतपतमा गरिएको, सरसरति गरिएको A cursory investigation of the incident proves that the firing was taken place there (सरसरति गरिएको अनुसन्धान अनुसार त्यहाँ गोली हानाहान भएको देखिन्छ)

Dissident = विद्रोही The police used teargas as the dissident students turned violent (विद्रोही विद्यार्थीहरू हिंसामा उत्रनासाथ प्रहरीले अश्रुग्यास प्रयोग गऱ्यो)

Extradition = सुपुर्दगी Because of the assult on the part of terrorists in cross boarder areas, the neighbouring countries signed a treaty of extradition सीमा क्षेत्रमा हुने आतंककारीको हमलाको कारणले गर्दा दुई छिमेकी देशहरूले सुपुर्दगी सम्बन्धी सन्धीमा हस्ताक्षर गरे)

Fret = चिन्ताले निधार खुम्च्याउनु Better work hard in time rather than fretting over the poor grades (थोरै नम्बर आयो भनेर निधार खुम्चाउनुभन्दा बेलैमा कडा परिश्रम गर्नु राम्रो हुन्छ)

Grapple = परास्त गरिदिनु । जुधिरहनु he has been grappling with this problem for the long time (लामो समयदेखि नै ऊ यो समस्यासँग जुधिरहेको थियो )

Heydays = राम्रा दिनहरू In his heydays he was appreciated by many but now he is abandoned even by his relatives उसका राम्रा दिनहरूमा सबैले उसको तारिफ गर्दथे तर अहिले भने उसका नातेदारले पनि उसलाई त्यागेका छन्)

## स्मृति श्रद्धाञ्जली सभा



काठमाडौं । अमर सहिदहरूको शैक्षिक संस्था महावीर इन्टिच्युटका संस्थापक, शैक्षिक क्रान्तिका अग्रदूत अमर सहिद चिनीयाँलाल सिंहकी सुपुत्री, वरिष्ठ समाजसेवी स्व.उषा सिंहको पाँचौ स्मृति श्रद्धाञ्जली सभा मनाइएको छ । उक्त अवसरमा सहिद स्मृति स्मारिका विमोचन एवं सहिद चिनियाँलाल तथा उषा सिंह स्मृति प्रतिष्ठानको प्रथम वार्षिक साधारण सभा समेत भएको छ ।

प्रा.रामकुमार पाण्डेको सभापतित्वमा सम्पन्न दुवै चरणको कार्यक्रमका प्रमुख अतिथि एवं वरिष्ठ पत्रकार रामकृष्ण कर्माचार्यले स्व.उषा सिंहसँग बिताएका क्षणहरुको स्मरण गर्दै यो संस्थालाई विशुद्ध बौद्धिक र सामाजिक जनचेतना छर्ने संस्थाको रूपमा विकसित पार्नु पर्ने धारणा राख्नु भएको थियो ।

सीमाविद् तथा समितिका प्रमुख सल्लाहकार बुद्धिनारायण श्रेष्ठ, प्रा.रामकुमार पाण्डे, वरिष्ठ पत्रकार रामकृष्ण कर्माचार्य र जनस्तरबाट गठित नागरिक मूल समारोह समितिका अध्यक्ष उमा श्रेष्ठ "हिमा" ले संयुक्त रूपमा सहिद स्मृति स्मारिका विमोचन गरेका थिए ।

संस्कृतिविद महेश्वरजुजु राजोपाध्यायले क्रुर राणा शासनमा शिक्षाको उज्यालो घामबाट बञ्चित भएको समयमा शैक्षिक संस्था आफ्नै घरमा खोलेर जनचेतना जगाउने जस्तो क्रान्तिकारी कदमलाई वीर मात्र होइन महावीर नै हुनुहुन्थ्यो चिनियाँलाल सिंह तर बुँख्याचा सावित रहनुभएका वीर गणेशमानको चाक्सीवारीमा विदेशीहरूलाई बोलाएर नेपालको विरुद्ध वकबास गर्ने वातावरण बनाएकोमा उहाँले राष्ट्रमाथि महापाप लाग्ने कुकार्य गर्न पुग्नुभएको थियो । बरु प्रजातन्त्रवादी राजा वीरेन्द्रले गणेशमान सिंहको निजी कम्पाउण्डभित्र भएको चाक्सीवारीको भेला गर्न दिएर नेपालमाथि गिद्दे दृष्टि राख्नेहरूलाई समेत नेपाल प्रजातन्त्रको खिलाफमा छैन भन्ने सन्देश विश्वभर फैलाएको थियो भन्नुभयो । कार्यक्रममा शंकर मगैया, मोहनराज शाक्य, पारुहाङ्ग कुथुमी राई, प्रा.डा.यादवप्रसाद ढुंगाना, जगदिशलाल श्रेष्ठले समेत बोल्नुभएको थियो ।

## Get बाट के के कुरा भन्न सकिन्छ थाहा पाइ राख्नुहोस

Get to be = हुन जानु Your are getting to be an old man now अब तिमी बूढो हुन गइरहेछौ ।

Get to realize = यर्थाथलाई स्वीकार्नु When I became old I got to realize that money is not everything पैसा सबै कुरा होइन रहेछ भन्ने यथार्थलाई बूढो भएपछि मैले स्वीकारेँ ।

Get to hear of = सुन्न पाउनु If your mother gets to hear of you having topped the examination, she will be utmost happy तिमीले जाँचमा सबैभन्दा राम्रो गरेको कुरा तिम्री आमाले सुन्न पाइन् भने तिनी अति नै खुसी हुनेछिन् ।

Get to see = देख्न वा अवलोकन गर्न पाउनु Did you gst to see the Louvre while you were in Paris पेरिसमा रहँदा तिमीले लुभ्र म्युजियम अवलोकन गर्न पायौ ?

Get to go = जान पाउनु Normally on Saturday we do not get to go to movie साधारणतया शनिबार हामी सिनेमा हेर्न जान पाउँदैनौं ।

Get across = तर्न पाउनु As bridge collapsed, we could get across the river पुल भत्केको कारण हामी नदी तर्न सकेनौं ।

Get back into = थलिनु After few days of recovery, she again got back into bed निको भएको केही दिनपछि नै तिनी फेरि थलिइन् ।

Get down from = खस्नु She broke her leg as she got down from the ladder भऱ्याङबाट खसेर तिनले खुट्टा भाँचिन् ।

Get into = पस्नु After getting into the car she realized that she left behind her purse कारभित्र पसेपछि आफूले पैसाको ब्याग छोडेको आभास भयो उनलाई ।

Get over = चढ्नु while getting over the wall he felled down पर्खाल चढ्दा ऊ खस्यो ।

### सुडोकु-अंक १४८

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | ९ | | ६ | | ७ |
| | ४ | | | | | | ५ | |
| ८ | | | ६ | ३ | | | | |
| | | ८ | | २ | | ४ | | ५ |
| | ७ | | | | | | १ | |
| ३ | | ४ | | ६ | | ९ | | |
| | | | | ५ | ३ | | | १ |
| | ९ | | | | | | ६ | |
| ७ | | ३ | | ४ | | | | |

### अंक १४७ को नतिजा

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ९ | ५ | १ | ६ | ७ | ३ | ८ | ४ | २ |
| ३ | ८ | ४ | ९ | १ | २ | ५ | ७ | ६ |
| ७ | ६ | २ | ४ | ५ | ८ | ९ | १ | ३ |
| २ | १ | ५ | ७ | ९ | ४ | ३ | ६ | ८ |
| ८ | ९ | ३ | १ | २ | ६ | ७ | ५ | ४ |
| ४ | ७ | ६ | ८ | ३ | ५ | २ | ९ | १ |
| ५ | ४ | ९ | २ | ८ | १ | ६ | ३ | ७ |
| १ | २ | ७ | ३ | ६ | ९ | ४ | ८ | ५ |
| ६ | ३ | ८ | ५ | ४ | ७ | १ | २ | ९ |

# समाजवादी क्रान्तिका महानायक लेनिन

लेनिनको नेतृत्वमा रुसी बोल्शेविक पार्टीले सन् १९१७ मा रुसमा समाजवादी क्रान्ति सम्पन्न गर्यो । त्यो क्रान्तिले मार्क्सवादले परिकल्पना गरेको वैज्ञानिक समाजवादको स्थापना गर्ने प्रयत्न गर्यो । लेनिनले वैज्ञानिक समाजवादी राज्यसत्ताका लागि सर्वहारावर्गको अधिनायकत्वको नयाँ सिद्धान्त प्रतिपादन गरे ।

लेनिनले क्रान्तिपश्चात रुसमा भव्य पुस्तकालय स्थापना गर्ने सपना साँचेका थिए । नभन्दै क्रान्ति सम्पन्न भएपश्चात रुसले पुस्तक र पुस्तकालयसम्बन्धी धेरै काम पनि गर्यो । तर, क्रान्तिकालमा लेनिनले कति पुस्तक पढे, कसरी पढे ? यो कुरा पनि कम्ती रोचक र ज्ञानवर्धक छैन । लेनिन कति पढ्थे भन्ने कुरा 'रुसमा पुँजीवादको विकास' भन्ने किताब लेख्नको लागि उनले ५ सय ८३ थान किताब पढेकोबाट थाहा पाउन सकिन्छ । तर, कसरी निकाल्थे उनले त्यत्रो पुस्तक पढ्ने समय ? जबकि उनी त कहिले जेल परे, कहिले निर्वासित भए । हो, उनले त्यहीबेला सबैभन्दा धेरै पुस्तक पढे । जेलमा हुँदा उनका लागि आवश्यक पुस्तक उनकी बहिनी आन्नाले बाहिरबाट किनेर, पुस्तकालयबाट खोजेर लगिदिन्थिन् । निर्वासनमा हुँदा त उनी पुस्तकालयमै अधिकांश समय बिताउँथे ।

**उपन्यासले पो प्रभावित**

लेनिनको जन्म २२ अप्रिल १८७० मा रुसको भोल्गा नदीको किनारमा रहेको सिम्बिर्स्क शहरमा भएको थियो । उनका पिताको नाम इल्या निकोलाएभिच उल्यानोभ हो । लेनिनको परिवार मध्यमवर्गीय थियो । आफ्नो जेठा दाजुको सहयोग, कठिन, परिश्रम र असाधारण प्रतिभाका कारण उनी उच्च शिक्षा हासिल गर्न सफल भए । केटाकेटीमा उनको नाम भ्लादिमिर इल्यिच उल्यानोभ थियो । लेनिन भन्ने नाम पछि मात्र राखिएको थियो ।

लेनिनकी आमा मारिया अलेक्सान्द्रभ्ना डाक्टरकी छोरी थिइन् । घरमै शिक्षा पाएकी उनी थुप्रै बिदेशी भाषाका ज्ञाता थिइन् । त्यस्तै साहित्य र सङ्गितप्रति सौखिन, दृढ स्वभाव, शान्त, मिलनसार, बुद्धिमान र दृढ निश्चयी पनि थिइन् । लेनिनका पिता त्यस समयका प्रगतिशील बिचार राख्ने व्यक्ति थिए । उनले रुसी जनसाधारणका बीचमा शिक्षा प्रचार गर्ने, गाउँहरुमा स्कुल स्थापना गर्ने र भोल्गा तटवर्ती क्षेत्रहरुमा बस्ने गैररुसी जनजातिहरुको शिक्षादीक्षाका लागि महत्वपूर्ण योगदान गरेका थिए । उनीहरुका आन्ना, अलेक्सान्दर, भ्लादिमिर, ओल्गा, दिमत्री र मारिया गरी ६ सन्तान थिए । उल्यानोभ दम्पतीले आफ्ना सन्तानहरुलाई बहुपक्षीय शिक्षा दिए । यसका साथसाथै उनीहरुले आफ्ना सन्तानलाई परिश्रमी, इमान्दार, सुशील, अनुशासित र कर्तव्यपरायण बनाउन महत्वपूर्ण योगदान गरे ।

संयोग नै मान्नुपर्छ कि, उल्यानोभ दम्पतीका सबै छोराछोरी पछि गएर क्रान्तिकारी बने . केटाकेटी छँदैदेखि नै लेनिन साहसी, प्रफुल्ल, ठट्यौली वर मिजासका थिए । उनी पौडी खेल्न र स्केटिङ गर्नमा असाध्यै रुचि राख्थे । पाँच वर्षको उमेरमा नै उनले लेखपढ गर्न सिकिसकेका थिए । नौ वर्षको उमेरमा सिम्बिर्स्क जिम्नेसियमको पहिलो दर्जामा भर्ना भए । असाधारण प्रतिभाका धनी लेनिन कक्षामा सधैं प्रथम हुन्थे । आफ्ना सहपाठीहरुलाई सधैं मद्दत गर्थे र कठिन विषयहरुमा उनीहरुलाई सहयोग गर्न अग्रसर हुन्थे ।

सानै उमेरमा लेनिनले पुश्किन, लेर्मन्तेभ, गोगल, तुर्गेनेभ, निक्रासभ, साल्तिकोभ सेद्रिन र टल्स्टोयका कृतिहरु अध्ययन गरिसकेका थिए । उनले त्यसबेला प्रतिबन्धित बेलिन्स्की, गेर्चेन, चेर्निसेभ्स्की, द्रोब्रोल्युबोभ र पिसारेभजस्ता क्रान्तिकारी डेमोक्रेटहरुका कृतिहरु पढ्न भ्याइसकेका थिए । त्यसबेलाका महान् वैज्ञानिक र जारशाही तथा भूदास प्रथाका कडा बिरोधी नेर्निसेभ्स्कीको 'के गर्ने ?' उपन्यासले उनलाई प्रभावित पारेको थियो ।


युवा अवस्थाका लेनिनको चिन्तनशैलीमा परिवार, वरिपरिको वातावरण, प्रगतिशील रुसी साहित्यले निकै ठूलो प्रभाव पारेको थियो । रुसमा पुँजीवादी शोषणका साथसाथै सामन्ती उत्पीडन कायम थियो, जसले सहरिया मजदुर र गाउँले किसानहरुको जीवन दयनीय तुल्याएको थियो । जारशाही अत्याचार, जमिनदार र पुँजीपतिहरुको दमन, मजदुर र किसानहरुको पददलित अवस्थाले किशोर लेनिनको हृदयमा शोषकहरुप्रति घृणा र शोषितहरुप्रति सहानुभूति पैदा गरेको थियो । जिम्नेसियम बसाइको क्रममै लेनिनको हृदयमा क्रान्तिकारी भावनाहरु पैदा भैसकेका थिए । लेनिनको परिवारिक बनोट नै क्रान्तिकारी किसिमको थियो । लेनिन आफ्नो दाजु अलेक्जेन्डरको व्यक्तित्वबाट निकै प्रभावित थिए । लेनिनका दाजु अलेक्जेन्डर पिटस्वर्ग विश्वविद्यालयको बिद्यार्थी छँदा जारशाहीबिरुद्ध क्रान्तिकारी संघर्षमा सक्रिय रुपमा सहभागी हुन्थे । आफ्ना जेठा दाजुबाट नै लेनिनले मार्क्सवादी साहित्यको प्रारम्भिक ज्ञान हासिल गरेका थिए ।

सन् १८८६ मा लेनिनका पिताको अकस्मात निधन भयो । परिवारले यो पीडा बिर्सन नपाउँदै मार्च १८८७ मा उनका दाजु अलेक्जेन्डर पिटर्स्वर्गमा गिरफ्तार भए । उनलाई तत्कालीन रुसी जारशाही शासक अलेक्जेन्डर तृतीयको हत्याको षडयन्त्रमा संलग्न भएको आरोपमा त्यसै वर्षको मे महिनामा स्लिसेल्बर्ग किल्लमा फाँसी दिइयो । त्यसले लेनिनलाई ठूलो चोट पुर्यायो । उनले आफ्नो सम्पूर्ण जीवन क्रान्तिकारी संघर्षमा लगाउने संकल्प गरे । क्रान्तिकारी कामको लागि आफूलाई तयार गर्दै किशोर लेनिनले सामाजिक विज्ञानहरुको गम्भिरतापूर्वक अध्ययन गरे । स्वर्ण पदकसहित जिम्नेसियमको आफ्नो अध्ययन सकेपश्चात् अगस्ट १८८७ मा उनी काजान विश्वविद्यालयको कानुन विभागमा भर्ना भए ।

**मार्क्सवादको गहन अध्ययन**

डिसेम्बर १८८७ मा अठार वर्षीय लेनिन जारशाहीबिरुद्ध क्रान्तिकारी संघर्षमा होमिएका कारण विश्वविद्यालयबाट निष्कासित हुनुका साथै गिरफ्तार पनि भए । उनी काजान गुबेर्नियाको कोकुसकिनो गाउँमा निर्वासनमा पठाइए । बिस्तारै-बिस्तारै लेनिनको गतिविधिमाथि प्रशासनले कडा निगरानी राख्न सुरु गर्यो । निर्वासनकालमा उनी विहान उठेदेखि बेलुका सुत्ने बेलासम्म पढ्थे । उनको निर्वासनकाल एक वषर्को थियो । काजान बसाइको क्रममा उनी रुसी क्रान्तिकारी नि.ए. फेदोसेएफले गठन गरेको समूहको सदस्य बने । त्यो बेला सामाजिक क्रान्तिका लागि जर्मन दार्शनिक तथा क्रान्तिकारी नेता कार्ल मार्क्सले जर्मनीकै अर्का दार्शनिक फ्रेडरिक एङ्गेल्ससँगको सहकार्यमा प्रतिपादन गरेको दर्शन तथा सिद्धान्तहरुबारे चर्चा सुरु भएको समय थियो ।

मार्क्स र एङ्गेल्सद्वारा प्रतिपादित दर्शन तथा सिद्धान्तलाई मार्क्सवाद भनिन्छ । नि.ए. फेदोसेएफ रुसका प्रथम मार्क्सवादी थिए । उनीबाटै प्रभावित भई लेनिनले पनि काजानमा मार्क्सवादको अध्ययन सुरु गरे । मार्क्सवादको अध्ययनबाट लेनिनले सर्वहारा श्रमिक वर्गलाई पुँजीपति वर्गको शोषणबाट मुक्ति दिलाउन पुँजीवादी राज्यसत्तालाई ध्वंश गरी समाजवादी राज्यसत्ता स्थापना गर्नुपर्ने कुरा सिके । जुनबेला लेनिन क्रान्तिकारी आन्दोलनमा उत्रिँदै थिए, पश्चिम युरोपको मजदुर आन्दोलनमा मार्क्सवादी बिचारधाराले ठाउँ लिइसकेको थियो र, त्यो क्रमश: रुसतिर फैलिँदै थियो । गेओर्गो प्लेखानोभ रुसमा मार्क्सवादका पहिलो प्रमुख प्रचारक थिए । लेनिनले मार्क्सको प्रमुख कृति 'पुँजी'को गहन अध्ययन गरे । युवा उमेरमा नै आफ्नो वाक्पटुताले अरुलाई आकर्षित गर्ने र विश्वास दिलाउने क्षमता लेनिनमा थियो ।



**तर्कबाज वकिलको रूपमा**

मे १८८९ तिर लेनिन आफ्नो परिवारसहित काजानबाट सामरा गुवेर्निया आए र सामरा बसाइको क्रममा उनले मार्क्स र एङ्गेल्सका कृतिहरुको कठोर अध्ययन जारी राखे । उनले ल्याटिन ग्रिक, जर्मन, फ्रेन्च र अंग्रेजी भाषाको गम्भीर अध्ययन गरे । यसै समयमा उनले मार्क्स र एंङ्गेल्सले संयुक्त रुपमा लेखेका महत्वपूर्ण कृति 'कम्युनिस्ट घोषणापत्र'लाई जर्मन भाषाबाट रुसी भाषामा अनुवाद गरे ।

तर, लेनिनले घरमै बसेर विश्वविद्यालयको चार वर्षे अध्ययन पूरा गरे । सन् १८९१ मा उनले पिटर्सवर्ग विश्वविद्यालयको कानुन विभागमा प्राइभेट जाँच दिए । उनी परीक्षामा प्रथम श्रेणीमा उत्तीर्ण भए । र, वकिल बने । त्यही क्रममा सन् १८९२ बाट लेनिनले सामराको जिल्ला अदालतमा वकालत गर्न सुरु गरे । उनी गरिब किसानहरुको पक्षमा वकालत गर्थे । सन् १८९२ मा लेनिनले सामरामा पहिलो मार्क्सवादी अध्ययन मण्डल खोले । तेइसवर्षे युवक लेनिनमा सरलता, सहृदयता र उत्साहका साथै गम्भीरता, गहन ज्ञान, कठोर तर्कशीलता, स्पष्ट र उत्कृष्ट विवेकशक्तिको गजवको समिश्रण पाइन्थ्यो ।

पिटर्सवर्ग बसाइका क्रममा ठूलो स्फूर्ति र अभिलाषासहित लेनिन क्रान्तिकारी कार्यमा संलग्न भए । उनी क्रान्तिकारी मजदुरहरुका राजनीतिक पार्टी खोल्नतिर लागे । त्यही क्रममा सन् १८९५ मा लेनिनले पिटर्सवर्गका मार्क्सवादी अध्ययन मण्डलहरुलाई एउटै राजनीतिक संस्थाको रुपमा संगठित गरे । पछि गएर यस संस्थालाई मजदुरवर्गको मुक्तिसंघर्ष संघ नाम दिइयो । सन् १८९६ मा त्यस संघले पिटर्सवर्गका कपडा कारखानाहरुका मजदुरहरुको विख्यात हड्तालको नेतृत्व गर्यो । उक्त हड्तालमा ३० हजारभन्दा बढी मिल मजदुरहरुले भाग लिएका थिए । यस संघले सम्पूर्ण रुसमा क्रान्तिकारी आन्दोलनको विकासका लागि प्रेरणा र मजदुरवर्गको मार्क्सवादी पार्टीको गठन गर्ने वातावरण तयार गर्यो । आन्दोलनका कारण भयभित भएको जारशाही सरकारले डिसेम्बर १८९५ मा लेनिनसहित संघका बहुसंख्यक कार्यककर्ताहरुलाइ गिरफ्तार गर्यो ।

लेनिनले पिटर्सवर्गको जेलको एकान्त कोठामा चौध महिनाको कठोर जीवन बिताए । जेलमा रहँदै उनले मार्क्सवादी पार्टीको पहिलो कार्यक्रमको मस्यौदा तयार पारे र यस कार्यक्रमको व्याख्या गरे । रोचक तथ्य यो छ कि लेनिन आफ्ना क्रान्तिकारी लेखहरु, किताब र पत्रिकाहरुका हरफहरुको बीचमा दूधले लेख्थे । यसरी लेखिएका अक्षरहरु देखिँदैनथे, तर कागज तताएपछि यी अक्षरहरु पढ्न सकिन्थ्यो । जेलमा रहँदै लेनिनले आफ्नो प्रख्यात कृति 'रुसमा पूँजीवादको विकास' लेख्न सुरु गरे । लेनिन जेलमा अनुशासनको कडा पालना, कडा परिश्रम र सुत्नुअगाडि नियमित रुपमा व्यायाम गर्थे । पिटर्सवर्गमा लेनिन मजदुरवर्गका नेता र संगठनकर्ताको रुपमा देखापरे । उनले क्रान्तिकारी आन्दोलनको सैद्धान्तिक व्याख्या गरे र रुसमा सर्वहारा पार्टी गठन गर्न जग तयार गरे ।

**साइवेरियामा लेखे चर्चित पुस्तक**

लेनिनको क्रान्तिकारी क्रियाकलापद्वारा त्रसित जारशाही सरकारले लेनिनलाई १३ फ्रेबुअरी १८९७ मा तीन वर्षको लागि पूर्वी साइबेरियामा गई बसोबास गर्नुपर्ने निर्वासनको सजायँ दियो । साइबेरियाको निर्वासनका बेला उनले गोप्य रुपमा गाउँका गरिब किसानहरुका पक्षमा वकालत गर्न थाले । एकपल्ट उनले सुनखानीको एक मजदुरलाई खानीको मालिकविरुद्धको मुद्दा जित्न मद्दत गरे ।

लेनिनको साइबेरिया निर्वासनको एक वर्षपछि रुसको क्रान्तिकारी आन्दोलनकी नेतृ क्रुप्स्काया साइबेरियाको सुसेन्सकोये गाउँ आइपुगिन् । उनीसँग आन्दोलनकै क्रममा लेनिनको यसअघि नै पिटर्सवर्गमा भेटघाट र चिनापर्ची भइसकेको थियो । आन्दोलनमा सँगसँगै हिँड्ने क्रममै लेनिन र क्रुप्स्कायाबीच प्रेमसम्बन्ध भइसकको थियो । उनीहरुले साइबेरियामै विवाह पनि गरे ।

निर्वासनमै लेनिनले सन् १८९९ मा आफ्नो पुस्तक 'रुसमा पूँजीवादको विकास' पूरा गरे । यस कृतिमा रुसको आर्थिक विकासबारे गहन वैज्ञानिक अनुसन्धान गरिएको थियो । यो पुस्तक छिटै प्रगतिशील बुद्धिजीवी, विद्यार्थी र मजदुर अध्ययन मण्डलहरुमा फैलियो । लेनिन निर्वासनमै रहेका बेला मार्च १८९८ मा मिन्स्क सहरमा भएको रसियाली सामाजिक जनवादी मजदुर पार्टीको पहिलो महाधिवेशनमा पार्टी स्थापना भएको घोषणा गरियो ।

**लेनिन उपनाम कसरी रह्यो?**

निर्वासनबाट फर्केपछि लेनिन सन् १९०० भरि क्रान्तिकारी मजदुर पत्रिका अखिल रसियाली राजनीतिक पत्रिका प्रकाशनको तयारीमा लागे । मे १९०० मा पार्टी निर्माणको लागि पिटर्सवर्गको गोप्य भ्रमण गर्दा लेनिन गिरफ्तार भए, तर खानतलासीको क्रममा केही नभेटेपछि उनले छुटकारा पाए । जारशाही सरकार लेनिनलाई आफ्नो ठूलो शत्रु ठान्थ्यो । त्यसैले देशभित्र बस्ने अवस्था नभएपछि लेनिन १६ जुलाई १९०० मा जर्मनीतर्फ लागे । यही अवधिमा लेनिनले अखिल रसियाली क्रान्तिकारी पत्रिकाको रुपमा 'इस्क्रा' (फिलिङ्गो) को प्रकाशन प्रारम्भ गरे । लेनिन अखबारको मुटु थिए । यस पत्रिकामार्फत् उनले कसरी पार्टी गठन गर्नुपर्छ कसरी आम जनसमूहहरुलाई पार्टी कामतर्फ आकर्षित गर्ने हो भन्ने बारे लेखहरु प्रकाशित गरे । सन् १९०१ देखि भ्लादिमिर इल्यिचले आफ्ना केही लेखहरु लेनिन नामबाट छपाउन थाले । 'इस्क्रा' पत्रिकामा काम गर्दागर्दै लेनिनले साइबेरियाली नदी लेनाबाट आफ्नो उपनाम राखेका थिए ।

सन् १९०२ मा लेनिनको कृति 'के गर्ने' प्रकाशित भयो । उक्त पुस्तकमा लेनिनले सर्वहारा मार्क्सवादी पार्टीको निर्माणसम्बन्धी विस्तृत योजना प्रस्तुत गरेका थिए ।

त्यस्ता किसानहरुलाई पार्टी कार्यक्रम बुझाउने उद्देश्यले लेनिनले सन् १९०३ मा ' गाउँका गरिबहरुलाई' शीर्षकको लेख लेखे । उक्त लेखमा सरल र स्पष्ट भाषामा मजदुर पार्टीको उद्देश्य के हो र किन गरिब किसानहरु र मजदुरहरुबीच एकता कायम हुन आवश्यक छ भन्ने कुरा देखाइएको थियो ।

**फेब्रुअरी क्रान्तिको तयारी : एक कदम अगाडि दुई कदम पछाडि**

अप्रिल १९०२ मा लेनिन बेलायत सरे । यस बसाइको क्रममा लेनिन त्यहाँको मजदुर आन्दोलनसँग परिचित भए । उनले बेलायती सर्वहारावर्गको जीवनपद्धतिको गहन अध्ययन गरे र मजदुर सभाहरुमा सहभागी भए । सन् १९०३ मा लेनिन लन्डनबाट जेनेभा प्रस्थान गरे । जुलाइ १९०३ मा रसियाली सामाजिक जनवादी मजदुर पार्टीको दोस्रो महाधिवेशन भयो । प्रारम्भमा महाधिवेशन ब्रसेल्समा सुरु भएको थियो । पछि बेल्जियमको पुलिसले शंका गर्न थालेपछि महाधिवेशन लन्डनमा सारियो । महाधिवेशनमा सर्वहारा 'इस्क्रा'वादी क्रान्तिकारीहरु बाहेक त्यससँग फरक मत राख्नेहरु पनि थिए । लेनिनका अनुसार उनीहरु अवसरवादी तथा मध्यमार्गीहरु थिए ।

महाधिवेशनमा बहुमतले 'इस्क्रा' को सम्पादकमण्डलले तयार गरेको क्रान्तिकारी कार्यक्रम पारित गर्यो । त्यसबेला विश्वमा यही मात्र एक पार्टी थियो, जसले राज्यसत्तामा सर्वहारा अधिनायकवाद स्थापना गर्ने लक्ष्य लियो । लेनिन लडाकु पार्टी गठन गर्न चाहन्थे, जसका हरेक सदस्यले क्रान्तिकारी संघर्षमा सक्रिय भाग लेओस् र पार्टी अनुशासनको पालना गरोस् । पार्टी सदस्य बन्न पार्टी लेवी (नियमित निश्चित आर्थिक सहयोग) तिर्ने र पार्टी संगठनमा रहेर काम गर्नुपर्ने लेनिनको विचार थियो । तर, महाधिवेशनमा उनको विचार पारित हुन सकेन । पारित प्रस्तावमा पार्टी सदस्य बन्न पार्टी कार्यक्रमलाई मान्यता र पार्टीलाई आर्थिक सहायत गर्नु नै पर्याप्त भएको कुरा राखियो । पार्टी संगठनमा बाँधिनु र पार्टी अनुशासन पालना गर्नु अनिवार्य भएन । लेनिनको पार्टी संगठनसम्बन्धी विचारमा अर्का नेता माल्टोभले फरक मत राखेका थिए भने त्यसलाई अर्का नेता ट्राटस्कीले साथ दिएका थिए । केन्द्रीय समिति र पार्टी मुखपत्रको सम्पादकमण्डलमा लेनिनको विचारका समर्थकहरुले बहुमत पाए । 'इस्क्रा'ले पार्टीको मुखपत्रको रुपमा मान्यता पायो । त्यसै बेलादेखि लेनिनको बिचारका समर्थकहरु बोल्सेभिक (बहुमतवादी) र अरुहरु मेन्सेभिक (अल्पमतवादी) भनिन थालिए । र, त्यसपछिका दिनहरुमा क्रान्ति र पार्टी संगठनका सिद्धान्तहरुको मुद्दामा बोल्सेभिक र मेन्सेभिकहरुबीच लगातार विवाद तथा द्वन्द्वहरु चले । त्यसै सन्दर्भमा बोल्सेभिक विचारलाई सही भएको र मेन्सेभिकहरुको विचारबाट पार्टी र क्रान्तिलाई ठीक दिशामा नलाने तर्क प्रस्तुत गर्दै लेनिनले 'एक कदम अगाडि, दुई कदम पछाडि' शीर्षकको पुस्तक लेखे । त्यो पुस्तक सन् १९०४ मा प्रकाशित भयो । त्यसमा उनले सर्वहारावर्गको नेतृत्वको पार्टीबिना न समाजवादी क्रान्तिले विजय प्राप्त गर्न सक्छ न त साम्यवादी समाजको निर्माण गर्न सकिन्छ भन्ने मार्क्सवादी शिक्षालाई विकसित तुल्याए । रुसका बहुसंख्यक पार्टी समितिहरुले बोल्सेभिकहरुलाई साथ दिए । बहुसंख्यक पेशागत क्रान्तिकारीहरु र पार्टीका मजदुर सदस्यहरुले लेनिनको विचारलाई समर्थन गरे ।

**लेनिनको आग्रहमा लेखे गोर्कीले पुस्तक**

९ जनवरी, १९०५ को दिन पिटर्सवर्गमा पत्नी र बालबच्चासहित आफूले खेप्नु परेको समस्या सुनाउन शान्तिपूर्वक गइरहेका मजदुरहरुमाथि जारको आदेशअनुसार गोली चलाइयो । र, महिला तथा केटाकेटीलगायत थुप्रै प्रदर्शनकारीहरुको निर्मम हत्या भयो । जारशाही शासनको यस क्रूर दमनले सिङ्गो रुसलाई ब्युँझायो र जारशाहीविरुद्ध मजदुर आन्दोलन थुप्रै सहरहरुमा फैलियो । वार्सा, लोदज, बाकु, ओडेसाजस्ता औद्योगिक केन्द्रहरुमा ठूल्ठूला हडतालहरु भए । यस आन्दोलनले रुसी ग्रामीण क्षेत्रलाई पनि प्रभाव पार्यो र किसानआन्दोलन उठ्यो । जारशाही शासनको सामरिक जग बनेको सेना पनि ढलमल गर्न थाल्यो । जुन सन् १९०५ मा कृष्णसागर फ्लिटको सामरिक जहाज पाच्योम्किनमा विद्रोह भयो ।

लेनिनले सशस्त्र विद्रोहको आवश्यकतामाथि जोड दिन थाले । कलकारखानाहरु, पोस्ट अफिस र टेलिग्राफ अफिस र टेलिग्राफ अड्डाहरु बन्द भए । आन्दोलनको रापले तर्सिएको जारशाही सरकारले १७ अक्टोबरको दिन घोषणापत्र जारी गर्दै जनतालाई व्यक्तिगत स्वतन्त्रता, वाक स्वतन्त्रता, प्रेस स्वतन्त्रता, भेला हुने स्वतन्त्रता तथा अन्य नागरिक अधिकारहरु प्रदान गरिने आश्वासन दियो । तर, लेनिनले जारको आश्वासनमाथि विश्वास नगर्न चेतावनी दिँदै क्रान्ति अगाडि बढाउन जनततासँग अपिल गरे । र, तत्कालीन अवस्थामा सशस्त्र विद्रोहको लागि तयारी गर्नु नै सर्वहारावर्गको एक मात्र कर्तव्य भएको विचार राखे ।

अप्रिल १९०५ मा लन्डनमा रसियाली सामाजिक जनवादी मजदुर पार्टीको तेस्रो महाधिवेशन भयो । लेनिन महाधिवेशनको अध्यक्षमा निर्वाचित भए । सशस्त्र विद्रोहको तयारी नै पार्टीको आधारभूत र अत्यावश्यक कार्यभार हो भन्ने कुरा ठम्याउँदै महाधिवेशनले समस्त पार्टी संगठनहरुलाई सर्वहारावर्गलाई हतियारबन्द गराउन ठोस कदमहरु चाल्ने, सशस्त्र विद्रोहको योजना तयार गर्ने र यसको नेतृत्व गर्ने अभिभारा सुम्प्यो ।

अप्रिल १९०६ मा लेनिन रसियाली सामाजिक जनवादी मजदुर पार्टीको चौथो (एकता) महाधिवेशनमा भाग लिन स्टकहोम प्रस्थान गरे । लेनिनले कृषि समस्या, वर्तमान अवस्था र सर्वहारावर्गको वर्गीय कर्तव्य राजकीय दुमा (जारशाही शासनको संसद्) प्रतिको दृष्टिकोण, सशस्त्र विद्रोह र संगठनात्मक प्रश्नहरुबारे गहकिला विचारहरु राखे । महाधिवेशनमा बोल्सेभिक र मेन्सेभिकहरुबीच चर्को बहस भयो । कृषिको प्रश्नमा गम्भीर विवाद भयो । बोल्सेभिकहरुले बिर्ताजग्गाहरु बिनामुआब्जा जफत गर्ने र सम्पूर्ण जमिन राष्ट्रियकरण गर्ने अर्थात् जमिनमाथि व्यक्तिगत स्वामित्व बदर गरेर सरकारी स्वामित्व कायम गर्ने माग राखे । तर, मेन्सेभिकहरु जमिन राष्ट्रियकरण गर्ने प्रस्तावको विरोधमा उत्रे ।

अप्रिल १९०७ मा लन्डनमा भएको रसियाली सामाजिक जनवादी मजदुर पार्टीको पाँचौं महाधिवेशनमा लेनिन सहभागी भए । यस महाधिवेशनले बोल्सेभिकहरुले अपनाएको नीतिको औचित्य स्वीकार गर्यो । सन् १९०५ मा सुरु भएर करिब साढे दुई वर्षसम्म लम्बिएको पहिलो रुसी क्रान्ति विफल भयो । तर, यस क्रान्तिको रुसको जारशाही निरंकुश शासनमा ठूलो प्वाल पार्यो ।

जनवरी १९०८ मा लेनिन स्विट्जरल्यान्डको जेनेभा सहरमा आए । त्यहाँ उनी नयाँ जोश र शक्ति सँगालेर पार्टीको काममा लागे । जेनेभा आएको वर्ष लेनिन त्यहाँबाट लन्डन गए र त्यहाँको ब्रिटिस म्यूजियमको पुस्तकालयमा बसेर एक महिनासम्म निरन्तर अध्ययन गरे ।

अप्रिल १९०८ मा सर्वहारावर्गका महान् लेखक एवं प्रसिद्ध साहित्यकार म्याक्सिम गोर्कीको अनुरोधमा उनीसँग भेट्न लेनिन इटालीको काप्री द्वीप आइपुगे । लेनिन र गोर्कीबीच रुसको तत्कालीन अवस्थाबारे धेरै छलफल भयो । लेनिनले बडो ध्यानपूर्वक गोर्कीको बाल्यावस्था र जवानीबारे, उनको घुमन्ते जीवनबारेका वर्णनहरु सुने र यी सब कुरामा लेख्न अनुरोध गरे । गोर्कीले आफ्ना कृतिहरु मेरो बाल्यावस्था, मानिसहरुको बीचमा र मेरो विश्वविद्यालयमा यी कुराहरु उल्लेख गरेका छन् । लेनिनसँग भएको वार्तलापले गोर्कीमाथि ठूलो प्रभाव पर्यो ।

**उनी भाषण पनि लेखिदिन्थे**

सन् १९१० मा रुसमा फेरि मजदुरआन्दोलन चर्किन थाल्यो । पिटर्सवर्ग, मास्को र अन्य सहरहरुमा हडताल, प्रदर्शन, सभा र अन्य राजनीतिक सक्रियताहरु बढ्न थाले । किसान, स्थलसेना र जलसेना पनि संघर्षप्रति आकर्षित हुन थाले । लेनिनको नेतृत्वको बोल्सेभिक पार्टी यस व्यापक क्रान्तिकारी आन्दोलनको नेतृत्व गर्दै थियो । सन् १९११ मा लेनिनले पार्टी संगठनहरुका भूमिगत मजदुर कार्यकर्ताहरुलाई पढाउनको लागि पेरिस नजिकको लोन्झुयुमो बस्तीमा पार्टी स्कुल खोले । सन् १९१२ मा प्रागमा अखिल रसियाली पार्टी सम्मेलन भयो । सम्मेलनमा लेनिनले पेश गरेको 'वर्तमान अवस्था एवं पार्टी कार्य' शीर्षकको राजनीतिक प्रतिवेदन पारित भयो ।

सन् १९१२ मा पिटर्सवर्ग सहरका मजदुरहरुको तत्परतामा र लेनिनको सहयोगमा वैधानिक दैनिक पत्रिका बोल्सेभिक 'प्राभ्दा' निस्कन थाल्यो । लेनिनले पोल्यान्डको मजदुरआन्दोलन र त्यहाँ रहेका सामाजिक जनवादीहरुसँग अझ आत्मीय सम्बन्ध स्थापित गर्दै उनीहरुलाई सहयोग गरे । 'प्राभ्दा' मा लेनिन आर्थिक पछौटेपनबारे लेख्थे । जनतालाई गरिबी, गुलामी र अन्धकारमा जाक्ने शोषक वर्गहरुको भण्डाफोर गर्थे । सन् १९१२ मै चौथो राजकीय दूमाको लागि चुनाव भयो । 'चुनावमा भाग लिनाले जनसमूहसँग पार्टीको सम्बन्ध दरिलो बन्नेछ, पार्टी संगठनहरुको कार्यमा सक्रियता ल्याउनेछ' भन्ने कुरामा लेनिन विश्वस्त थिए । बोल्सेभिकहरुले चुनावमा तीन मुख्य माग अघि सारेका थिए । लोकतान्त्रिक गणतन्त्रको स्थापना, आठघण्टे कार्यदिनको निर्धारण र समस्त बिर्ताहरु जफत गर्ने । चुनावी परिणामले लेनिनलाई उत्साहित पार्यो । देशका ६ वटा मुख्यमुख्य औद्योगिक प्रान्तहरु जहाँ रुसी सर्वहारावर्गको ४–५ हिस्सा केन्द्रित थिए, त्यहाँबाट मजदुरहरुको तर्फबाट राजकीय दूमामा बोल्सेभिकहरु चुनिए । लेनिन बोल्सेभिक डेपुटीहरु(प्रतिनिधिहरु) लाई निर्देशन दिन्थे । महत्वपूर्ण राजनीतिक विषयहरुमा उनीहरुको भाषण मस्यौदा तयार गर्थे । डेपुटीहरुलाई क्रान्तिकारी प्रचारको लागि कसरी दूमाको मञ्च प्रयोग गर्नुपर्छ भन्ने कुरा सिकाउँथे ।

**विश्वचर्चित क्रान्तिको अगुवाइ**

सन् १९१४ मा साम्राज्यवादी प्रथम विश्वयुद्ध सुरु भयो । यस युद्धमा एकातर्फ जर्मनीको नेतृत्वमा अस्ट्रिया, हंगेरी, टर्की र बुल्गेरिया थिए भने अर्कोतिर बेलायतको नेतृत्वमा फ्रान्स र रुस थिए । पछि यस युद्धमा अमेरिका, जापान र इटालीलगायत अन्य देशहरु सहभागी भए । यसले पछि प्रथम विश्वयुद्धको रुप लियो । यो युद्ध श्रमिकवर्गको हितमा नभएको तर्क राखी लेनिनले त्यसको चर्को विरोध गरे । बोल्सेभिक पार्टीले युद्धविरुद्ध निणार्यक संघर्ष सुरु गर्यो । राजकीय दूमाका बोल्सेभिक प्रतिनिधिहरुले मजदुरहरुको बीचमा क्रान्तिकारी प्रचार गरे । जारशाही सरकारले बोल्सेभिकहरुमाथि भयंकर दमन नीति अपनायो । आफ्नो क्रान्तिकारी क्रियकलापका लागि राजकीय दूमाका बोल्सेभिक प्रतिनिधिहरु साइबेरिया निर्वासित भए । दमनको पर्वाह नगरी लेनिनले युद्धविरुद्ध संघर्ष जारी राखे । उनले सर्वहारा र श्रमिक जनतालाई नयाँ क्रान्तिको लागि तयार गर्दै थिए । लेनिनले बामपन्थीहरुलाई एकजुट पार्न र अवसरवादीहरुविरुद्ध संघर्ष गर्नको लागि जिमरवाल्ड (सेप्टेम्बर, १९१५) र किनटल (अप्रिल, १९१६) मा भएका समाजवादी अन्तर्राष्ट्रिय सम्मेलनहरुमा भाग लिए ।

यसैबीच सन् १९१६ मा लेनिनकी ममतामयी आमा मारिया अलेक्सान्द्रभ्ना उल्यानोभको निधन भयो । सन् १९१७ को फेब्रुअरी महिनामा बोल्सेभिक पार्टीको आह्वानमा पेट्रोगाड सहरमा दुई लाखभन्दा बढी पुरुष तथा नारी मजदुरहरुले आमहड्ताल गरे । यस हड्तालले ठूलो आन्दोलनको रुप लियो । बोल्सेभिक पार्टी केन्द्रीय समितिले घोषणापत्र निकाल्यो । यस घोषणापत्रमा जारशाहीको निरंकुश शासन उल्ट्याउने, अस्थायी क्रान्तिकारी सरकार गठन गर्ने, जनवादी गणतन्त्र खडा गर्ने, आठघण्टे कार्यदिन तोक्ने, बिर्ता जमिन्दारीहरु जफत गर्ने र युद्ध समाप्त गर्नेजस्ता मागहरु समावेश गरिएका थिए । जारशाही सरकारले सेनाको मद्दतबाट बढ्दो क्रान्तिकारी आँधी रोक्ने असफल प्रयास गर्यो । तर, यो कुरा उसको सामर्थ्यभन्दा बाहिरको भैसकेको थियो । सिपाहीहरुले समेत विद्रोही मजदुरहरुसँग मिलेर जारशाही शासनविरुद्ध आन्दोलनमा भाग लिन थाले । लेनिनको भविष्यवाणी साकार भयो । वास्तविक क्रान्तिकारी मार्क्सवादी पार्टीद्वारा निर्देशित मजदुर तथा किसानवर्गले विजय हासिल गरे । युगौंदेखि रुसी जनताको शोषण गर्दैआएको निरंकुश जारशाही शासनको अन्त्य भयो । मास्को तथा अन्य सहरहरुमा मजदुर तथा सिपाहीहरुले यस आन्दोलनको समर्थन गरे । आन्दोलनबाट जारका हाकिमहरु लखेटिए र जारशाही राजतन्त्रीय शासनव्यवस्था ढल्यो । र, आन्दोलनकारीहरुको अस्थायी सरकार गठन भयो । त्यस सरकारको नेतृत्व आन्दोलनकै एक नेता केरेन्स्कीले गरे । उनी बुर्जुवा (पूँजीवादी) विचारधाराका थिए । पछि यो क्रान्ति फेब्रुअरी क्रान्तिको रुपमा प्रख्यात भयो । तर, यस क्रान्तिले मजदुर तथा किसानवर्गको हित गर्ने राज्यसत्ता भने स्थापना गरेन । क्रान्तिपछि छोटो समयमै राज्यसत्तामा बुर्जवावर्गको वर्चस्व स्थापित भयो ।

फेब्रुअरी क्रन्ति सुरु हुनासाथ बोल्सेभिक पार्टी भूमिगत अवस्थाबाट बाहिर निस्कियो र आफ्नो शक्ति सञ्चय गर्न थाल्यो । लेनिनले अस्थायी सरकारलाई विश्वास नगर्न र उनीहरुको सत्ता मजवुत पार्न कदापि दिनुहुन्न भन्ने विचार व्यक्त गरे । र, उनले नयाँ राज्यसत्ता सोभियत (मजदुर तथा किसानप्रतिनिधि)हरुको हातमा सार्नको लागि समस्त शक्ति लगाउनुपर्छ भन्ने कुरामा जोड दिए । लेनिनले आमजनतालाई प्रतिक्रियावादी सत्ताको विकल्पमा समाजवादी क्रान्तिको लागि तयारी गर्ने सल्लाह दिए । अस्थायी सरकारविरोधी क्रान्तिको समर्थनमा एकपछि अर्को गर्दै सभाहरु हुन थाले । जूलुसहरु निस्कन थाले । त्यसबेला लेनिन स्विट्जरल्यान्डमा थिए । आन्दोलनको नेतृत्व गर्न उनले स्वदेश फर्कने तयारी गरे ।

**अक्टोबर क्रान्ति**

१९१७ अप्रिल ३ को राती दशक लामो आफ्नो निर्वासित जीवन त्याग्दै लेनिन रुसको पेट्रोगाड सहर फर्के । उनको स्वागत गर्न लालफन्डा बोकेका हजारौं श्रमिकहरु फिनल्यान्ड स्टेसनमा भेला भए । क्रान्तिकारी फौज र नौसेनाले गार्ड अफ अनर को व्यवस्था गरेको थियो । आफ्नो स्वागत गर्न भेला भएका जनसमूहबीच लेनिनले बोल्दै श्रमिक तथा नौसैनिकहरुलाई नयाँ सर्वहारा क्रान्ति र सोभियत सत्ता स्थापनाको लागि संघर्ष गर्न जोडदार आह्वान गरे ।

लेनिनले रुसको अस्थायी सरकारले पूँजीपति तथा बिर्तावालहरुको स्वार्थरक्षार्थ काम गरिरहेको कुरा प्रस्ट पार्दै उसलाई असहयोग गर्न आमजनतालाई आह्वान गरे । साथै उनले 'सम्पूर्ण सत्ता सोभियतहरुलाई' भन्नेजस्ता नाराहरु अघि सारे । उनले स्पष्ट पार्दै सोभियत सत्ताले मात्र आमजनतालाई शान्ति, किसानहरुलाई जमिन, भोकाहरुलाई रोटी दिन सक्छ भने । उनले बिर्ताहरु बिनामुआब्जा जफत गरिनुपर्छ, देशको समस्त जमिनको राष्ट्रियकरण हुनुपर्छ र सम्पूर्ण कलकारखाना सामाजिक उत्पादन तथा वाणिज्य व्यवस्थामाथि मजदुर नियन्त्रण कायम गर्ने प्रस्ताव राखे ।

यसैबीच लेनिनले महाधिवेशन डाकेर पार्टीको नाम बदलेर बोल्सेभिकबाट कम्युनिस्ट पार्टी बनाए । केरेन्स्कीको अस्थायी सरकारले लेनिन र बोल्सेभिकहरुविरुद्ध घृणा तथा दुष्टतापूर्ण आरोपहरु लगाउन थाल्यो । उनीहरुले लेनिनलाई गिरफ्तार गर्न पुर्जी काटे । लेनिनले करिब साढे तीन महिना भूमिगत भएर काम गरे ।

सन् १९१७ मा लेनिनले भूमिगत अवस्थामा लेखेको कृति 'राज्य र क्रान्ति' प्रकाशित भयो । त्यस पुस्तकबाट लेनिनले राज्यसत्तामा सर्वहारा अधिनायकत्व किन आवश्यक छ र यसको ऐतिहासिक भूमिका के हो भन्ने कुरा खुलस्त पारे । यस पुस्तकमा उनले समाजवाद र साम्यवादलाई साम्यवादी समाजको दुई खुड्किलाको रुपमा व्याख्या गरे । उनले क्रान्तिमा कम्युनिष्ट पार्टीको भूमिकाबारे पनि महत्वपूर्ण विचार प्रकट गरेका थिए । जनता बिस्तारै बोल्सेभिकहरुतर्फ ढल्कन थाले । सोभियतहरुको पुन:निर्वाचनमा बोल्सेभिकहरुले बहुमत पाए । उनीहरुले पेट्रोग्राड र मास्कोका सोभियतहरुमाथि आफ्नो वियन्त्रण कायम गरे । सोभियतहरुको प्रतिष्ठा बढ्यो र उनीहरु फेरि प्रमुख शक्तिको रुपमा देखा परे । लेनिनले विद्रोहको लागि विस्तृत योजना तयार गरे । लेनिनको नेतृत्वमा पार्टी केन्द्रीय समितिले विद्रोहको तयारी गर्दै देशभर सुनियोजित क्रियाकलाप सुरु गर्यो ।

२४ अक्टोवरको दिन बेलुकीपख आफ्नो जीवनलाई खतरामा पार्दै पेट्रोग्राडका ती सुनसान सडक हुँदै लेनिन स्मोलिन आए र विद्रोहको प्रत्यक्ष नेतृत्व गर्न थाले । भोलिपल्ट २५ अक्टोबरमा पेट्रोग्राडका टेलिफोन, टेलिग्राफ तथा रेडियो स्टेसनका कार्यालयहरु, नेभा नदीका पुलहरु, रेल स्टेसन र राजधानीका अन्य मुख्यमुख्य अड्डामाथि विद्रोही मजदुर, सिपाही र नौसैनिकहरुले कब्जा गरे । त्यस्तै क्रान्तिकारी सेनाले आकस्मिक प्रहारद्वारा अस्थायी सरकारका मन्त्रीहरु बसेको शिशिरप्रासाद कब्जा गरे । त्यसपछि कम्युनिष्ट पार्टीले फेब्रुअरी क्रान्तिपछि गठित अस्थायी सरकारलाई अपदस्थ गरेको घोषणा गर्यो । र, लगतै लेनिनको नेतृत्वमा रुसमा सर्वहारावर्गको पहिलो सरकार गठन भयो, जसले समाजवादी शासन प्रणालीको स्थापना र विकासको लागि सर्वहारावर्गको अधिनायकत्व भएको समाजवादी राज्यसत्ताको सुरुवात गर्यो । यो क्रान्ति नै अक्टोबर क्रान्तिको रुपमा विश्वप्रसिद्ध छ ।

**लेनिनको हत्या प्रयास**

सन् १९१९ मा अमेरिकी बेलायती र फ्रान्सेली सेनाहरुले मुर्मन्स्क कब्जा गरे । यस प्रकारले साम्राज्यवादीहरुले सोभियत राष्ट्रविरुद्ध युद्ध सुरु गरे । अपदस्थ बिर्तावाल तथा पूँजीपतिवर्गले विदेशी आक्रमणकारीहरुको सहायताद्वारा गृहयुद्ध सुरु गरे । कम्युनिष्ट पार्टी र सोभियत जनताले छाती फर्काएर मातृभूमिको रक्षा गरे ।

साम्राज्यवादीहरुको निर्देशन र उनीहरुकै पैसामा बाँचेका रुसका क्रान्तिविरोधी शक्तिहरुले सोभियत सरकारविरुद्ध षड्यन्त्र रच्न थाले । लेनिन र उनका सहयोगीहरुको हत्या गर्ने योजना बनाउन थाले । सन् १९१८ अगस्ट ३० मा एसेर पार्टीकी सदस्य काप्लानले लेनिनमाथि गोली चलाइन् र लेनिन सख्त घाइते भए । रातदिन डाक्टरको उपचार र उहाँको आफ्नै धैर्यताको कारणले गर्दा लेनिनको स्वास्थ्य बिस्तारै सुधिँदै गयो । सम्पूर्ण सोभियत जनताले गरेको शिघ्र स्वास्थ्य लाभको कामनाले पनि लेनिनलाई आफ्नो स्वास्थ्य सुधार गर्न थप बल प्रदान गर्यो । सन् १९१९ को अन्त्यतिर लालसेनाले झन्डै सबैजसो मोर्चाहरुमा विजय हासिल गरिसकेको थियो । र, यसबाट राष्ट्रले सास फेर्ने मौका पायो । लेनिनको नेतृत्वमा बोल्सेभिक कम्युनिष्ट पार्टीले तुरुन्तै देशको अधिकाँश शक्ति आर्थिक निर्माणतर्फ लगायो । यातायात, इन्धन, उद्योग तथा अन्य महत्वपूर्ण आर्थिक क्षेत्रहरुको पुनरुत्थान सुरु भयो । समाजवाद तथा साम्यवाद निर्माणको लागि बृहत् उद्योगको विकास गर्नुपर्छ, देशकलाई बिजुलीकरण गर्नुपर्छ भन्ने कुरामा लेनिनले जोड दिए । मास्को नजिकैको सानो गाउँ कासिनोमा आफ्नो उपस्थितिमा बिजुलीबत्तीको उद्घाटन हुँदा लेनिन असाध्यै रमाए ।

लेनिनले अर्थव्यवस्थाको पुनरुत्थान कार्य कृषिबाट सुरु गर्नुपर्छ भन्ने कुरामा जोड दिए । कम्युनिष्ट पार्टी र सोभियत सरकारद्वारा प्रस्तुत नयाँ आर्थिक नीति पूँजीवादबाट समाजवादतर्फको संक्रमणकालको लागि एक मात्र सही नीति थियो । लेनिनले राष्ट्रमा विज्ञान र प्रविधिको क्षेत्रमा भैरहेको विकासप्रति गम्भीर रुपमा चासो दिन्थे । नयाँ आविष्कारप्रति उनी जिज्ञासा राख्थे र आविष्कारकहरुलाई प्रोत्साहित गर्थे । उनी जनतालाई सरकारको सेवा सर्वसुलभ रुपमा दिन र आर्थिक अनुशासनको कठोरतापूर्वक पालना गर्न ध्यान दिन्थे ।

कडा परिश्रमको कारणले सन् १९१८ मा गोली लागेर भएको घाउ बल्झिँदा लेनिनको स्वास्थ्य निकै बिग्रिन गयो । सन् १९२१ को जाडोदेखि डाक्टरहरुको अनुरोधमा उनी अक्सर आराम र उपचारको लागि आफ्नो काम रोक्न बाध्य भए । सन् १९२४ मा उनको स्वास्थ्य झन् बिग्रियो । तर, अस्वस्थ भए पनि लेनिनले हरेक दिन सरकारी कामकाजको रेखदेख गर्न छाडेनन् । सोही वर्ष नोभेम्बरमा ग्लुखोभको कारखानाका मजदुरहरुको एक प्रतिनिधिमण्डलले गोर्की सहरमा लेनिनलाई भेट गर्यो । उनीहरुले १८ वटा चेरीका रुखहरु लेनिनलाई उपहारस्वरुप दिनको लागि लिएर आएका थिए ।

आत्मीय रुपमा भएको यस भेटघाटमा लेनिनलाई मजदुरहरुले महान् सोभियत संघको निर्माणमा उहाँले तयार पारेको विकासको रुपरेखा पूरा गर्न सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरे । प्रतिनिधि मण्डल फर्केपछि लेनिनले आधा रातसम्म ग्लुखोभ कारखानाका मजदुरहरुले पठाएको शुभकामना पत्र बारम्बार पढेर बसे । मजदुरहरुसँग यो उनको अन्तिम भेट थियो । सन् १९२४ जनवरी २१ मा बेलुकी छ बजेर ५० मिनेट जाँदा विश्व सर्वहारा आन्दोलनका महान् नेता र मार्क्सवादका सिर्जनात्मक प्रयोगकर्ता लेनिनको निधन भयो ।

सन् १९२४ जनवरी २१ को दिन राती सोभियत कम्युनिस्ट पार्टीको केन्द्रीय समितिको आकस्मिक प्लेनम बस्यो । केन्द्रीय समतिले जनताको नाममा एक अपिल जारी गर्यो । उक्त अपिलमा भनिएको थियो, 'त्यस व्यक्तिको निधन भएको छ, जसको वीरतापूर्ण नेतृत्वमा हाम्रो पार्टीले युद्धको राँकोबीच दृढतापूर्वक सम्पूर्ण देशभरि अक्टोवर क्रान्तिको रातो झण्डा फहराएको छ, शत्रुहरुको विरोधको बाढी रोकेको छ र भूतपूर्व जारशाही रुसमा श्रमिकहरुको प्रभुत्व कायम गरेको छ । कम्युनिस्ट इन्टरनेसनलका संस्थापक, विश्व साम्यवादका नेता, अन्तर्राष्ट्रिय सर्वहारावर्गको प्रेम र गौरव, पददलित पूर्वेली जनताका झण्डावाहक, रुसी सर्वहारा अधिनायकवादका अगुवा आज हाम्रो बीचमा छैनन् ।'

२३ जनवरीको दिन महान् नेताको देह गोर्की सहरबाट मास्को ल्याइयो र संघीय भवनको स्तम्भ हलमा राखियो । अति जाडो भए तापनि चारदिनसम्म लाखौं मजदुर तथा किसानहरु, लालसेनाका जवानहरु र कर्मचारीहरु, बुढाबुढी तथा बच्चाबच्चीहरु र सोभियत भूमिको कुनाकुनाबाट आएका प्रतिनिधिमण्डलले आफ्ना प्यारा नेतालाई अन्तिमपटक भावपूर्ण श्रद्धाञ्जली अर्पण गरे । २७ जनवरीको दिन दिउँसो ४ बजे लेनिनको अन्त्येष्टी जुलुस निस्क्यो । लेनिनको शव लालमैदानमा विशेष रुपमा बनाइएको समाधिमा राखियो । शोकमा डुबेका सोभियत जनताले आफ्ना नेतासँग विदा लिए । अन्त्येष्टीमा पाँच मिनेटसम्म मौनधारणा गर्ने घोषणा गरियो । मोटर र रेलहरु रोकिए, कलकारखानाहरुमा काम रोकियो । विश्वभरिका श्रमिक जनताले आफ्ना महान् नेता शिक्षक एवं मित्र लेनिनसँग अन्तिम विदा लिए ।

## मालेको...

अमानवीय तथा घोर निन्दनीय छ। नेकपा (माले) उक्त आक्रमणबाट मृत्युहुनेहरुप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसंतप्त श्रीलङ्का सरकार, मृतकका परिवार तथा आफन्तजनमा गहिरो समवेदना व्यक्त गर्दै घाईतेहरुको शीघ्र स्वास्थ्यलाभको कामना गर्दछ।'

## ऊर्जा...

नेपाल आजसँगको कुराकानीमा राजदूत सेफरले धेरै नेपालीले जर्मनमा सिकोको ज्ञान नेपालमा लागू गर्नुपर्ने हुँदा विद्यार्थीलाई प्रोत्साहन गरेको पनि बताए। नेपालले आफूसँग भएको स्रोत साधनको भरपूर उपयोग गर्ने हो भने नेपालबाट धेरै देशले सिक्न सक्ने उनले जनाए। गत अप्रिल १२ देखि सुरु भएको उक्त सोह्र दिने सम्मेलन अप्रिल २६ सम्म हुनेछ।

जर्मनी ऊर्जा रुपान्तरणः जर्मनको उर्जा प्रणालीमा परिवर्तन' नाम गरेको प्रदर्शनी अन्तर्गत विद्यार्थीको लागि उक्त सम्मेलन पनि राखिएको हो। प्रदर्शनीमा नेपाल र जर्मन नागरिकबीचको ६० वर्ष पुरानो सम्बन्धलाई फोटोमार्फत देखाइएको छ। नेपालमा रहेका जर्मन र जर्मनमा रहेका नेपाली नागरिकले सिकेका भोगाई र दुई देश प्रतिको विचारलाई उक्त फोटो प्रदर्शनीमा अभिव्यक्त गरिएको छ।

कार्यक्रममा सहभागी विद्यार्थीले उक्त सम्मेलनले जर्मनको शिक्षा प्रणालीबारे थाहा नभएको कुराहरु उजागर गरिदिएको र उच्च शिक्षाको लागि जर्मन जान प्रेरित गरेको बताए।

नेपाल जर्मन एकेडेमिक एसोसियसन (नेगास) समेतको संलग्नता रहेको उक्त मेलाको सन्दर्भमा राजदुतावासले अप्रिल १९ तारिख साँझ एक रात्रीभोज सहितको अनौपचारिक भेला आयोजना गरेको थियो। उक्त भेलामा नेगासका पूर्व अध्यक्षहरु क्रमस डा. शेखर गुरुंग, डा. दिलिप सुब्बा, डा. रोशाना श्रेष्ठ, सुरेन्द्र ढकाल तथा वर्तमान अध्यक्ष, सचिव र कोषाध्यक्ष क्रमस डा. रमेश मास्के, रुपेश श्रेष्ठ तथा सविना खत्रिको पनि सहभागिता थियो। यी कार्यक्रमहरु नेपाल जर्मन कुटनीतिक सम्वन्ध भएको ६० औं वर्षगाठ अन्तर्गत आयोजना गरिएको हो।

## विस्फोटमा...

समेतका ३७ जना विदेशी नागरिक रहेको श्रीलङ्काको विदेश मन्त्रालयले जनाएको छ। बिस्फोटबाट करिब ५०० व्यक्ति घाइते भएका छन्। उपचार गराइरहेका घाइतेमध्ये अझै केही व्यक्तिको स्वास्थ्य अवस्था गम्भीर रहेको अस्पतालहरुले जनाएको छ। राजधानी कोलम्बोको सेन्ट एन्थोनी चर्च, नेगोम्बोस्थित सेन्ट सेबास्टियन चर्च र बाट्टिकोलोवास्थित चर्चमा बिस्फोट गराइएको थिए।

## बिआरआई...

पूर्वाधारको आपसी सम्बन्ध, सूचना प्रविधि, जनस्तरको सम्पर्क र वित्तीय बन्दोबस्तलाई बृहत् परिधिमा अघि बढाउन केन्द्रित गरिएको छ। यो परियोजनाले संसारका अरू देशलाई पनि चीनले सन् १९७० को दशकमा अङ्गालेको नीतिसँग मिल्ने 'बृहत् सिकाइ' मा सामेल गरेको छ।

तर क्षेत्र र बाटोको अवधारणाको खुलापन र बृहत् आकांक्षाका आधारमा यसलाई कुनै एउटै व्याख्याको ढाँचामा सीमित राखेर हेर्न सकिन्न। यसलाई विभिन्न कोणबाट हेरिनुपर्छ। चीन सरकार स्वयम्ले समेत यसबारे लचकता देखाएको छ। यो परियोजनाको मनसाय र यसको कार्यान्वयनबारे चीन सरकारले केही पटक त आफ्नो रणनीतिक र प्राथमिकता नै पनि परिवर्तन गरिसकेको छ। त्यसको अर्थ हो, सन् २०१३ मा चीनका राष्ट्रपति सी चिनफिडले यो परियोजनाबारे पहिलोपटक प्रस्ताव गर्दादेखि नै यसबारे छलफल र बहस चालू नै छ। केही मानिसले यो परियोजनालाई चीनले अरू देशलाई सल्लाह दिने वा आफ्ना निर्णय थोपर्ने प्रक्रिया भनी आलोचना गरे पनि यसको लक्ष्य त्यो कहिल्यै पनि भएन। यसको एउटै मनसाय भनेको चीनले विकाससम्बन्धी आफूले सिकेका कुरा अन्य देशसमक्ष सम्प्रेषण गर्ने बृहत् परिधिको निर्माण नै हो।

चीनले कसरी पूर्वाधारको विकास गर्‍यो भन्ने विषयमा युरोप उत्सुक हुनु स्वाभाविक हो। चीनले प्रविधिको क्षेत्रमा मारेको फड्को पनि युरोपको लागि उत्सुकताको विषय हो। चीनको प्राविधिक बेल्ट एन्ड रोड इनिसिएटिभको लागि ती प्राविधिक अनुसन्धान आधार बनेका छन्। तर, यो नयाँ कुरा सिर्जना गर्न सहकार्य गर्ने महत्वपूर्ण अवसर पनि हो। जस्तै, यो परियोजनाले अङ्गालेका केही परियोजनाका वित्तीय तथा पर्यावरणीय मोडलमा युरोप र चीनबीच सहकार्य सम्भव छ।

यतिबेलाको महत्वपूर्ण विषय भनेको आपसी परिपूरणका क्षेत्रको पहिचान गरी गुणात्मक संवाद गर्नु हो। बेल्ट एन्ड रोड इनिसिएटिभ ज्यादै ठूलो, महत्वाकांक्षी र खतरापूर्ण भएको तथा चीनको मौलिकतामा आधारित भएको भन्ने विचारले चीनको विकासको अनुभव बाँकी विश्वको लागि किन र कसरी उपयोगी हुनसक्छ भन्ने ज्ञान हासिल गर्ने अवसरबाट वञ्चित गर्नेछ। न त चीनको साझेदारहरूलाई साझा परियोजनामा हुने गल्तीप्रति अनुदारता नै उपयुक्त हुन्छ। अनुभवबाट सिक्नु नै सन् १९७८ यता चीनको मानसिकताको प्रमुख हिस्सा हो। मुख्य विषय कसरी गल्तीबाट पनि सिक्ने र सिकेका कुरा व्यवहारमा लागू गर्ने भन्ने हो।

क्षेत्र र बाटोको आजको युगमा चीन र चिनियाँमात्र होइनन्, हामी सबै नै 'बृहत् सिकाइ' को युगमा छौँ। समकालीन समयमा के भइरहेको छ भन्ने विषयका सबै चासो र चिन्ताका लागि यिनै घटना र प्रक्रियाको कोणबाट हेर्नु सकारात्मक हो। कसरी यतिबेला केही असमझदारी, गलत बुझाइ र गलत एकता भइरहेका छन् भन्ने कुरा पनि सिकाइको हिस्सा हो। यी कुराले पनि सकारात्मक परिणाम दिनेछ। विचारधाराको पूर्वाग्रहका आधारमा र विशुद्ध राजनीतिक कारणले यो परियोजनालाई निषेध गर्ने अवस्थाले उपयोगी र प्रभावशाली सिकाईको मोडलसमेतलाई पूर्णतः तिरस्कार गर्नु हुनेछ। पश्चिमा संसारका धेरै मानिसहरू आजभोलि एसिया, त्यसमा पनि विशेषतः चीनबाट सिक्न उत्साहित छन्। बेल्ट एन्ड रोड इनिसिएटिभ यो सिकाईको एउटा बाटो हो।

यतिबेला युरोपलाई प्राप्त रणनीतिक अवसरका कारण युरोपेली देशहरूले कम्तीमा यो परियोजनालाई फरक प्रकाशमा हेरिरहेका छन् र अमेरिकाले भन्दा यसलाई बृहत् दृष्टिकोणमा लिइरहेका छन्। बेल्ट एन्ड रोड इनिसिएटिभले भौगोलिकरूपमा पनि कुनै न कुनै तरिकाले युरोपका क्षेत्रलाई पनि समेटेको छ। यसको अर्थ युरोपले बेल्ट एन्ड रोड इनिसिएटिभलाई संरा अमेरिकाले हेरेभन्दा फरक कोणबाट हेरिरहेको छ। चीनलाई विकास कसरी गर्नुपर्छ भन्ने कुरा देखाउने र सिकाउने आफ्नो मानसिकतालाई त्यागेर आपसी अनुभवबाट सिक्ने थप सन्तुलित र दोहोरो ठआवश्यकतालाई युरोपले स्वीकार्नुपर्छ। बेल्ट एन्ड रोड इनिसिएटिभको लागि यो नै सबभन्दा महत्वपूर्ण पक्ष हो। तर युरोपलाई यो कुरा स्वीकार्न निकै कठिन हुनेछ। चीनलाई शिक्षकको रूपमा स्वीकार्न धेरै देशको लागि गाह्रो कुरा हो। तर, चीनको विकासको बाटो र विचारलाई पछ्याउँदा धेरै नयाँ विकल्प र बाटा भेटिनेछन्। प्रमुख विषय मानिसहरू यसको निम्ति आफ्नो दिमाग खुला राख्न तयार छन् वा छैनन् भन्ने हो। दिवङ्गत चीन विशेषज्ञ पियरे रेकम्यानले भनेका थिए, 'अरू संस्कृतिप्रति खुला हुनुको अर्थ त्यसप्रति परिवर्तन हुनु हो।'

## नेकपाको...

ल्याए पनि हाम्रो देशमा भारतीय चलखेल र हस्तक्षेपलाई बढाउछ ? जति नै पसीना र रगत बगाए पनि हाम्रा राजनैतिक क्रान्तिहरु किन आमूल क्रान्तिकारी लक्ष्यमा पुग्दैनन् र सम्झौतामा टुङ्गिन्छन्?यसका वस्तुगत कारण के हुन् ? के मनोगत कारणले यस्तो भएको होला ? हामीले यिनको जवाफ खोज्नु पर्छ। सही जवाफ खोजी तिनीहरुबाट हामीले शिक्षा लिनुपर्छ। त्यही शिक्षाबाट हामी हाम्रो आगामी कार्यदिशालाई चहकिलो बनाउन सक्नेछौं।

**आदरणीय सहयोद्धा कमरेडहरू !**

५.आज हामी सबभन्दा पहिले पार्टीको संस्थापक नेता क.पुष्पलाल श्रेष्ठका गहकिलाऐतिहासिक योगदानहरुलाई स्मरण गरौं।

(क) कमरेड पुष्पलाल श्रेष्ठद्वारा विश्वविख्यात '**कम्युनिष्ट घोषणापत्र**'को पहिलो नेपाली अनुवाद २००५ सालमा गरिएको थियो। तर बिभिन्न कारणहरुले गर्दा त्यसको प्रकाशन २००६ साल भदौ (सेप्टेम्बर १९४९) मा मात्र हुनसक्यो। त्यस नेपाली अनुवादको भूमिका लेखमा नेपाली समाजको मार्क्सवादी विश्लेषण गरिएको छ। त्यसले मार्क्सवादलाई नेपाली समाजको वास्तविकतामा सृजनात्मक ढंगले लागु गर्ने कार्यको ऐतिहासिक आरम्भ गरेको हो।

मार्क्सवादलाई नेपाली ठोस वस्तस्थितिमा सृजनात्मक रुपमा लागु गर्ने शिलशिलामा क.पुष्पलालले मस्यौदा गरेको **"नागरिक स्वतन्त्रताकोसम्पूर्ण वर्गलाई आवश्यकता, अतः क्रान्तिकारी नागरिक स्वतन्त्रता समिति बनाऊँ !"** शिर्षकको **पहिलो पर्चा** बैशाख १०, २००६ साल (अप्रेल २२, १९४९सन्) मा प्रकाशित भयो। यसमा नै कमरेड पुष्पलालले नेपालमा 'नवप्रजातन्त्र'को स्थापना गर्नुपर्ने उल्लेख गर्नु भएकोछ।

यही शिलशिलामा क.पुष्पलाले **नेपाल कम्युनिष्ट पार्टीको घोषणापत्र** रचना गर्नुभयो जसलाई नेकपाले ३१ भदौ, २००६ साल (१५ सेप्टेम्बर, १९४९) मा पारित गरी प्रकाशित गर्‍यो। यस प्रकार क.पुष्पलाल श्रेष्ठले नेपाली वस्तुस्थितिमा मार्क्सवादको सृजनात्मक प्रयोग गरी नेपाली क्रान्तिलाई अघि बढाउने कार्यको अगुवाइ थाल्नुभयो।

(ख) क.पुष्पलाल श्रेष्ठले मार्क्सवादी दृष्टिकोणबाट नेपाली समाजको अध्ययन गर्दै त्यो अर्द्ध-सामन्ती तथा अर्द्धऔपनिवेशिक चरित्रको रहेको तथ्यलाई सप्रमाण र तर्कसँगत ढंगले उजागर गर्नुभयो।

(ग) नेपाली क्रान्तिको तत्कालको चरण समाजवादी चरित्रको नभई विस्तारवाद तथा साम्राज्यवादबाट मुक्ति र सामन्तवाद तथा दलाल एवम् नोकरशाही पुँजीवादबाट मुक्तिको राष्ट्रिय तथा जनवादी चरित्रको भएको तथ्यलाई अघि सार्नुभयो।

(घ) अध्ययन-विश्लेषण र विवाद-वहशको प्रकृयाबाट गुज्रदै क.पुष्पलालले २०२५ सालमा आइपुग्दा क.माओत्सेतुङका शब्द सापट लिदै नेपाली क्रान्तिको पहिलो चरणको क्रान्तिको सिद्धान्त नयाँ जनवादी रहेको ब्याख्या गर्नु भयो; साथै त्यसको नयाँ जनवादी कार्यक्रम समेत अघि सार्नुभयो। त्यसलाई नेकपाको तेश्रो ऐतिहासिक सम्मेलन (जेठ, २०२५साल) ले अनुमोदन गर्‍यो।

(ङ) कमरेड, पुष्पलालले आदिम कालको नेपाली समाज मातृसत्तात्मक रहेको र सामाजिक-आर्थिक विकासक्रममा विभिन्न चरणबाट गुज्रदै त्यो त्यस समयमा अर्द्ध-सामन्ती तथा अर्द्ध-औपनिवेशिक हुन पुगेको विश्लेषण गर्दै एउटा पुस्तिका प्रकाशन गर्नुभयो,जो वर्तमान समयमा अर्द्धसामन्तीका साथै अर्द्धऔपनिवेशीक तथा नवऔपनिवेशीक समेत बन्न पुगेको छ। वहाँले **"नेपालमा राजतन्त्रको उत्पत्ति, विकास र त्यसको भविष्य"** सम्बन्धी पुस्तक रचना गरी नेपाली समाज-विकासका साथै शासकीय प्रणालीमा हुने विकासको वैज्ञानिक प्रकृयालाई समेत अघि सार्नुभयो।

(च) क.पुष्पलालले सन् १९७३ (विसं २०२९-३० साल) मा **"नेपाली जनआन्दोलन-एक समीक्षा"** नामक पुस्तक रचना गरी नेपाली समाजको परिवर्तनमा नेपाली जनताको निर्णायक भूमिका रहेको सचाइलाई पुष्टि गर्नुभयो र सामाजिक क्रान्ति सम्पन्न गर्नको निम्ति जनतालाई जागृत, संगठित र परिचालन गर्ने कामको सर्वोपरि महत्व रहेको कुरामा जोड दिनु भयो। पार्टीका नीति लिएर यो काम गर्न नेपाली कम्युनिष्टहरुलाई मार्गदर्शन गर्नुभयो।

(छ) क.पुष्पलालले बिभिन्न विदेशी विद्वानहरुले लेखेका महत्वपूर्ण ऐतिहासिक किताबहरुको अध्ययन गर्दै त्यहाँबाट नेपाल सम्बन्धी महत्वपूर्ण उद्धृतांशहरुको संग्रह गर्नु भयो। उपरोक्त उद्धृतांशहरुको संकलन "ऐतिहासि टिपोटहरु" शिर्षकमा प्रकाशित भएको छ। यो काम गरी क.पुष्पलालले नेपाल र नेपाली क्रान्तिको अन्तर ाष्ट्रिय महत्वलाई नेपाली जनतासामु राख्ने काम गर्नुभयो।

(ज) सर्वोपरि रुपमा क.पुष्पलालले २००७ सालको राजनीतिक (क्रान्ति) परिवर्तन पश्चात् भ्रम र विवादमा रहेको नेपाली क्रान्तिको तात्कालिक कार्यनीति सम्बन्धी सवालको समाधान गर्नुभयो। वहाँले त्यस अवस्थामा **सामन्ती निरंकुशतन्त्रको बिरूद्धर"प्रजातन्त्रको निम्ति संयुक्त जनान्दोलन गर्ने कार्यनीति** अघि सार्नु भयो। त्यसको प्रभावकारीता अद्यावधि समाप्त भएको छैन। यस कार्यनीतिले नेपाली कम्युनिष्ट आन्दोलनका पहिलो पुस्ताका नेताहरुको जीवनकालमा उद्घाटित हुन नसकेका नेपाली समाज र क्रान्तिमा रहेका विशिष्टताहरुलाई उजागर गर्ने अवस्था सृजना गरिदियो।

**प्रिय सहयोद्धा कमरेडहरू !**

६. माथि उल्लेख गरिएका नेपालका तीनवटा राजनीतिक क्रान्तिले उब्जाएका प्रश्नहरुको उत्तर खोज्ने क्रममा हामी नेकपा (माले) जनले नेपाली समाजकार क्रान्तिको प्रकृयाका विशेषताहरूलाईचिन्हित गरेका छौं। तिनीहरु निम्न प्रकार छन्:(१) पछिल्लो राष्ट्रिय एकीकरण पश्चात् आजसम्म पनि नेपालको स्वतन्त्रता सुनिश्चित नहुनु, (२) देशको भूराजनीतिक सम्वेदनशीलता बढिरहनु, (३) अद्यावधि देश व्यवहारतः भारतवेष्ठित नै रहनु, (४) नेपाली समाजवहुविविधतायुक्त समाज रहनु र (५) भारत जस्तो प्रजातान्त्रिक आवरणको छिमेकी देशले ब्रिटिश औपनिवेशिक-कालदेखि नै नेपालप्रति विस्तारवादी रणनीति एवम् नीतिहरू अवलम्बन गर्दै रहनु जस्ता ५ वटा कुरा नेपाली समाजका विशिष्टता बनेका छन्, जो एकमुष्टरुपमा विश्वको अरु कुनै मुलुकमा पाइँदैनन् ।तिनले नेपाली क्रान्तिको (विकास) प्रकृयालाई समेत प्रभावित पारी त्यसलाई विशिष्ट बनाएका छन्। उपरोक्त विशिष्टताहरूले गर्दा नेपाली क्रान्तिको विकास प्रकृया पटक-पकट अग्रगामी परिवर्तन हुँदै अनुकुल अन्तर्राष्ट्रिय तथा राष्ट्रिय स्थितिमा मात्र वलपूर्वक आमूल सामाजिक परिवर्तन हुन सक्ने प्रकृतिको बनेको छ। यो अन्य मुलुकका क्रान्तिकारी प्रकृया भन्दा भिन्न र विशिष्ट छ।

उपरोक्त विशिष्टताहरुलाई समेट्दै नेकपा (माले) ले देशको नयाँ जनवादी क्रान्तिलाई अघि बढाउने क्रममा मार्क्सवाद-लेनिनवाद तथा माओत्सेतुङ बिचारधारालाई नेपाली वस्तुस्थिति र विशिष्टताहरूमा लागू गर्ने **मार्गसूचक सिद्धान्तको रूपमानेपाल चिन्तन** अघि सारेको छ। यो नेपाली वस्तुस्थिति तथा विशिष्टताहरूमा मार्क्सवाद-लेनिनवादलाई नवप्रवर्तनकारी (Innovative) ढंगले लागु गर्ने सिद्धान्त हो। मार्क्सवादलाई नवप्रवर्तनकारी ढंगले नेपाली वस्तस्थितिमा लागु गरेर मात्र हामी क्रान्तिका जग-ढुंगा, नायक र योद्धाहरूका सपनाहरूलाई साकार पार्ने रणनीतिक लक्ष्य हाँसिल गर्न सक्तछौं।

**प्रिय सहयोद्धा कमरेडहरू !**

**७.यस अवस्थामा हामी देशभक्त वामपंथी, लोकतान्त्रिक तथा राष्ट्रवादी शक्तिहरूको कार्यसूची आधारित गठवन्धनको निर्माणबारे छलफल गर्नेछौं** :देश आन्तरिकरूपमा अव्यबस्था, आपसी बेमेल र अविश्वास, अन्यौल, अन्यमनस्कता तथा अनिश्चितताबाट गुज्रिरहेकोछ; यद्यपि देशमा करिव दुइतिहाई वहुमतको समर्थनप्राप्त नेकपा (नेकपा) नामक दलको "शक्तिशाली" सरकार कायम छ। विश्व द्वन्दग्रस्त बनिरहेको छ। विश्व सन् १९९० को दशकमा केही बर्ष रहेको एक ध्रुवीयताको अवस्थाबाट नउल्टिने गरी बहुध्रुवीयतातर्फ प्रवेश गरिसकेको छ। जनगणतन्त्र चीन सन् १९८० को दशकदेखि तीब्र गतिले आर्थिक विकास गर्दै विश्वको दोस्रो ठूलो अर्थतन्त्र निर्माण गर्न र **"क्षेत्र तथा बाटोको पहल"** नामक शान्ति, स्थीरता, साझा विकास र साझा लाभको उद्देश्य भएको पूर्वाधार निर्माणको महापरियोजनालाई विश्वमा सकृयताका साथ अघि बढाउन सफल भएकोले विश्व-व्यवस्था परिवर्तनको सकारात्मक दिशातर्फ बढिरहेको छ। यस्तो परिवर्तनशील विश्व-स्थितिमा शक्ति-राष्ट्रहरूबीच प्रतिस्पर्द्धा, तनाव र द्वन्द बढ्नु अस्वभाविक हुन्न, जुन वर्तमान विश्वमा भइरहेको छ। त्यसको प्रत्यक्ष प्रभाव नेपाल जस्तो संवेदनशील भूराजनीतिक अवस्थिति रहेको मुलुकमा परिरहेकोछ।

वैश्विक (Global) स्तरको आफ्नो प्रतिद्वन्दी र राजनैतिक व्यवस्थाको हिसाबले आफ्नो बैरी **आफ्नै विशेषताहरू सहितको समाजवादी व्यवस्था**भएको जनगणतन्त्र चीनलाई माथ दिनको निम्ति संयुक्त राज्य अमेरिकाले विगत कालको प्रशासनदेखि नै **एशिया प्रशान्त क्षेत्रलाई आफ्नो रणनैतिक क्षेत्र मान्दै आएको हो।** वर्तमान (सन् २०१६ देखि यताको) अमेरिकी प्रशासनले त्यसलाई कायम राख्तै त्यसलाई हिन्द महासागरीय क्षेत्रसँग जोडी हिन्दप्रशान्त क्षेत्र भनी नामाकरण गरेको छ। अहिले संयुक्त राज्य अमेरिकाले हिन्द-प्रशान्त क्षेत्रका देश र तिनका साधन-श्रोत एवम् शक्तिलाई आफ्नो वैश्विक प्रतिद्वन्दी जनगणतन्त्र चीनलाई थला बसाइदिनको निम्ति परिचालित गर्ने रणनीति अपनाएको छ। **यो अमेरिकाको हिन्द-प्रशान्त क्षेत्रीय रणनीतिको "केन्द्रीय कार्य" बनेको छ।**

हाम्रो दक्षिणको छिमेकी देश गणतन्त्र भारत ब्रिटिश-भारत औपनिवेशीक कालदेखि नै नेपालप्रति विस्तारवादी नीतिलाई अपनाउदै आएको छ। सन् १९७० को अगस्टमा भारत र सोभियत सङ्घ बीच २० बर्षे रणनैतिक सन्धी सम्पन्न भएपश्चात् भारतले दक्षिण एशियामा आफ्नो क्षेत्रीय रणनीति लागु गर्दा भएका पाकिस्तानको विभाजन, सिक्किमको भारतमा विलय, श्रीलंकाको गृहयुद्ध आदि परिघटनाहरू इतिहासको कालो पार्टीमा अंकित भएका छन्। २०५२ सालदेखि नेपालमा जनगणतन्त्र स्थापना गर्नको निम्ति नेकपा (माओवादी) ले शुरु गरेको सशस्त्र संघर्ष (जसलाई पछि "जनयुद्ध" भनी नामाकरण गरिएको थियो) शान्ति तथा लोकतन्त्रमा अवतरण हुने प्रकृयामा र उक्त आन्दोलनद्वारा प्राप्त "विविध उपलब्धीहरू"लाई संविधानसभाद्वारा नेपालको संविधानमा संस्थागत गर्ने प्रकृयामा भारत लगायत अन्य वाह्य शक्तिहरूका हस्तक्षेपहरू अनि २०७२ साल असोज ३ गते संविधानसभाबाट जारी भएको नेपालको संविधानद्वारा भारतीय रणनीतिका सबै अभिष्टहरु नसमेटिएको अवस्थामा नेपाल विरुद्ध भारतले गरेको आर्थिक नाकावन्दी, आदिले भारतीय शासकका नेपालप्रतिको विस्तारवादी नीतिलाई थप उजागर गरेका छन्। त्यसपछि पनि भारतको त्यो नीति जारी रहेको छ।

यस प्रकार वर्तमान अवस्थामा नेपाल अत्यन्त चर्को वाह्य दवाव र हस्तक्षेपको अवस्थाबाट गुज्रिरहेको छ। अमेरिकी विदेशमन्त्री पम्पियोले नेपालका विदेशमन्त्री प्रदीप ज्ञवालीलाई अमेरिकाको भ्रमण गर्न बोलाई (२-५ पुष, २०७५ साल) **नेपालले हिन्द-प्रशान्त क्षेत्रमा "केन्द्रीय भूमिका" पुरा गर्न आग्रह समेत गरिसकेका छन्। यो "केन्द्रीय भूमिका" हिन्द-प्रशान्त रणनीतिको "केन्द्रीय कार्य"नै हो भन्नेबारे हामीले स्पष्ट हुनुपर्छ।** यसै सन्दर्भमा वर्तमान सरकारले संयुक्त राज्य अमेरिकाको सरकारमार्फत् '**मिलेनियम च्यालेन्ज कर्पोरेशन**'को कोषबाट प्राप्त गरेको करिव नेरु. ५६ अर्वको शर्त सहितको अनुदानलाई स्वीकारेको घटनाबाट यो सरकार **अमेरिकी हिन्द-प्रशान्त रणनीतिको माखेसाङ्लोमा फसिसकेको देखिन्छ।** अतः यस्ताक्षेत्रीय र अन्तर्राष्ट्रिय दवाव र हस्तक्षेपको प्रतिवाद गर्नको निम्ति वामपन्थी, लोकतान्त्रिक र राष्ट्रवादी राजनीतिक बिचारधारमा बाँडिएका देशका सबै देशभक्त राजनीतिक शक्ति र व्यक्तिहरूका बीच समझदारी र सहकार्य कायम गरिनुपर्छ। त्यसको निम्ति देशका विविध ज्वलन्त बिषयहरुलाई सम्बोधन गर्ने उपयुक्त कार्यसूचीमासहमति कायम गर्नु अत्यावश्यक बनेको छ। यस मान्यतालाई हामीले २०७४ सालको निर्वाचनदेखि निरन्तर पक्षपोषण गर्दै आएका छौं।

साझा कार्यसूचीको आधारमा माथि उल्लेखित विविध राजनैतिक बिचारधाराका देशभक्त शक्ति, व्यक्ति र जनसमुदायहरु सम्मिलित एउटा वैकल्पिक देशभक्त लोकतान्त्रिक चरित्रको **"देशभक्त वामपंथी, लोकतान्त्रिक तथा राष्ट्रवादी गठवन्धन"**निर्माण गर्नु आजको तात्कालिक अभिभारा बनेको छ। यस्तो राजनीतिक शक्तिले मात्र राजनीतिक संघर्षद्वारा वर्तमान सरकारका लोकतन्त्र, जनता र राष्ट्र विरोधी कृयाकलापहरुलाई रोक्न र आवश्यकता अनुरुप देशलाई तात्कालिक राजनैतिक विकल्प समेत प्रदान गर्नेछ। यस्तो तात्कालिक राजनीतिक विकल्प निर्माण गर्ने र त्यसद्वारा संचालित हुने राजनीतिक संघर्षले नयाँ जनवादी क्रान्तिका बाँकी रहेका निर्णायक अभिभाराहरुलाई पूरा गर्ने रणनैतिक लक्ष्यको सेवा गर्नेछ। आज यही नै जनताको जनवादी जनगणतन्त्र स्थापना गर्ने रणनीतिक लक्ष्य लिएको देशभक्त क्रान्तिकारी शक्तिले अवलम्वन गर्नुपर्ने कार्य नीति हो।

**सहयोद्धा कमरेडहरू !**

**८. अव हामी हाम्रा तात्कालिक कार्यभारहरू** :मानव समाजमा भएका परिवर्तनहरु, विज्ञान तथा प्रविधिमा भएको विकास, जलवायु परिवर्तनको परिघटना, पर्यावरणमा भइरहेको विनाश र जनवादी एवम् समाजवादी समाजको निर्माणमा भइरहेका नयाँ प्रयोगहरु आदिलाई समेट्दै मार्क्सवादलाई समृद्ध पार्नु हामी नेपाली कम्युनिष्टहरुको पनि पहिलो महत्वपूर्ण जिम्मेवारी हो।

नेपाली समाजको परिवर्तित स्थितिको वस्तुवादी विश्लेषण गर्नु, नेपाली समाजका पाँचवटा विशेषताहरुलाई मध्यनजरमा राख्तै नेपालको विशिष्ट क्रान्तिकारी प्रकृयालाई आत्मसात गरी वर्तमान स्थितिमा माथि उल्लेखित साझा कार्यसूचीमा आधारित **देशभक्त, वामपन्थी, लोकतान्त्रिक तथा राष्ट्रवादी गठवन्धनको** निर्माण गर्दै समाजको अग्रगामी परिवर्तनको निम्ति राजनीतिक संघर्ष गर्नु हाम्रो दोश्रो महत्वपूर्ण जिम्मेवारी हो।

उपरोक्त जिम्मेवारीहरुलाई कार्यान्वयन गर्दै वर्गसंघर्ष उठाउने र समाजका अन्य जातीय, जातपातीय, लैङ्गीक, क्षेत्रिय आदि लगायतकोअन्तरविरोधहरुलाई सम्बोधन गरी नेपाली समाजलाई नयाँ जनवादी क्रान्ति सम्पन्न गर्ने दिशातर्फ अघि बढाउन सकिनेछ, जसले देशमा चौथो राजनीतिक क्रान्तिको अवस्था सृजना गर्नेछ। नेकपा (माले) को प्रयत्न त्यसलाई नयाँ जनवादी क्रान्तिमा परिणत गर्ने बिषयमा केन्द्रीत हुनेछ।

**सहयोद्धा कमरेडहरू !**

**९. म उपसंहारमा भन्न चाहन्छु** : कमरेडहरु ! मैले यहाँ नेकपा (माले) ले नेपाली कम्युनिष्ट आन्दोलनबाट केही बर्ष अघिदेखि लिन खोजेको शिक्षा र त्यसको आधारमा आज हामीले लिनुपर्ने कार्यदिशाको बारेमा संक्षिप्त रुपमा चर्चा गरेको छु। म चाहन्छु : तपाईंहरुले यी बिषयहरुलाई देशका परिवर्तनकामी सकृय राजनीतिक कर्मीहरुको बीचमा लगी यिनीहरुवारे वहश र छलफल चलाउने काम सकृयतापूर्वक गर्नु हुनेछ र आफ्नो पङ्गतिबाट पार्टीको वर्तमान राजनीतिक कार्यदिशालाई कार्यान्वयन गर्ने/गराउने कार्यमा सचेत भएर सकृयतापूर्वक लाग्नु हुनेछ। अन्त्यमा म नारा लगाउन चाहन्छु : नेकपाको देशभक्त उत्तराधिकारी नेकपा (माले) जिन्दावाद ! महान लेनिन अमर रहुन्। धन्यवाद ! लाल सलाम !

## घाटाको...

चीनबाट ३७ दशमलव ८ प्रतिशत आयात भएको छ। वस्तुगत आधारमा पेट्रोलियम पदार्थ तयारी पोसाक, एमएस बिलेट, हवाईजहाज तथा पार्टपुर्जा, विद्युतीय सामग्री लगायतका वस्तुको आयात बढेको छ भने सिमेन्ट, दूरसञ्चारका उपकरण तथा औजार, सुपारी लगायतका वस्तुको आयात घटेको छ। भन्सार नाकाका आधारमा निर्याततर्फ रसुवा भन्सार कार्यालय, कृष्णनगर भन्सार कार्यालय र सुख्खा भन्सार कार्यालय बाहेकका ठूला भन्सार नाकाबाट गरिएको निर्यातमा वृद्धि भएको छ।

आयाततर्फ भने सबै नाकाबाट भएको आयातमा वृद्धि भएको छ। राष्ट्र बैंकको आठ महिनाको समीक्षा अवधिमा निर्यात आयात अनुपात ६ दशमलव ५ प्रतिशत कायम भएको छ। अघिल्लो वर्षको सोही अवधिमा सो अनुपात ७ प्रतिशत थियो। निर्यात आयात मूल्य सूचकांक २०७५ फागुनमा भन्सार तथ्यांकमा आधारित निर्यातको एकाई मूल्य सूचकांका वार्षिक विन्दुगत आधारमा १ दशमलव ५ प्रतिशत र आयात मूल्य सूचकांक ४ दशमलव ३ प्रतिशतले बढेको छ। २०७४ फागुनमा ४ दशमलव २ प्रतिशतले घटेको व्यापारको समीक्षा महिनामा २ दशमलव ७ प्रतिशतले घटेको छ। सेवा समीक्षा अवधिमा खुद सेवा आय १२ अर्ब ३० करोड रुपैयाँले घाटामा छ। अघिल्लो वर्षको सोही अवधिमा खुद सेवा आय २ अर्ब ४५ करोडले घाटामा थियो।

## कति आउँछ...

नेपाल राष्ट्र बैंकका अनुसार मुलुकमा दैनिक २ अर्ब ४२ करोड रुपैयाँभन्दा बढी रेमिट्यान्स भित्रिने गरेको छ। चालु

आर्थिक वर्षको ८ महिनामा कुल ५ खर्ब ८२ अर्ब १९ करोड रुपैयाँ रेमिट्यान्स भित्रिएको राष्ट्र बैंकको तथ्यांकले देखाएको छ। यो रेमिट्यान्स अघिल्लो वर्षको सोही अवधिको तुलनामा २३ दशमलव ४ प्रतिशतले बढी हो। अघिल्लो वर्षको सोही अवधिमा विप्रेषण आप्रवाह ४ दशमलव ९ प्रतिशतले बढेको थियो।

अमेरिकी डलरमा विप्रेषण आप्रवाह ११ दशमलव ६ प्रतिशतले वृद्धि आएको छ। अघिल्लो वर्ष यस्तो आप्रवाह ९ दशमलव ५ प्रतिशतले बढेको थियो। अघिल्लो वर्षको सोही अवधिमा यस्तो आय शून्य दशमलव ७ प्रतिशतले घटेको थियो। अन्तिम श्रम स्वीकृति (संस्थागत तथा व्यक्तिगत र वैधानिककरण) का आधारमा वैदेशिक रोजगारीमा जाने नेपालीको संख्या ३८ दशमलव ३ प्रतिशतले घटेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो संख्या ५ दशमलव ४ प्रतिशतले घटेको थियो। पुनः श्रम स्वीकृतिका आधारमा वैदेशिक रोजगारीमा जाने नेपालीको संख्या ४ दशमलव ६ प्रतिशतले बढेको छ।

पछिल्लो समय अमेरिका, दक्षिण कोरिया, भारत लगायतका मुलुमबाट बैंकिङ च्यानलमार्फत रेमिट्यान्स भित्रिएको राष्ट्र बैंकले जनाएको छ। गत वर्षसम्म नेपालमा साउदी अरबबाट सबभन्दा बढी रेमिट्यान्स भित्रिँदै आएको थियो। तर पछिल्लो समयमा मलेसिया रोजगारीमा प्रतिबन्ध लागेसँगै अमेरिका र कोरियाबाट भित्रिने रेमिट्यान्सको हिस्सा बढेको हो।

## सिमानाका...

एक थान कट्वा पेस्तोल र त्यसमा लाग्ने एक थान गोली बरामद भएको छ। घटनाको विषयमा रौतहट प्रहरीले अनुसन्धान अघि बढाएको छ। भारतीय चुनावमा नेपालतिर कुनै गडबड नहोओस् र भारततिर अपराध गरेर नेपालतिर नभागोस् भन्ने सुरक्षा नीतिअन्तर्गत दिन र रात सुरक्षा जाँच बढाइएको जिल्ला प्रहरी कार्यालय रौतहटका प्रमुख एसपी भूपेन्द्र खत्रीले बताएका छन्।

## मालेको...

आवश्यक रहेको बताउनुभयो। मैनालीले विश्व कम्युनिस्ट आन्दोलनको अभ्युदय, लेनिनको भूमिकादेखि लिएर वर्तमान अवस्थासम्मको समीक्षा गर्दै नेपालमा कम्युनिस्ट पार्टीको स्थापना, विकास, आरोहअवरोह र आगामी कार्यभारबारे प्रस्ट पार्नुभएको थियो। (महासचिव मैनालीको सन्देश यसै अंकमा प्रकाशित गरिएको छ।)

नेकपा माले स्थायी समिति सदस्य डम्बर श्रेष्ठको सभापतित्वमा भएको अन्तर्क्रिया कार्यक्रममा पोलिटब्युरो सदस्यहरु जनक चालिसे, निलम केसी, सुरेन्द्र ढकाल, कृष्ण राना, कुमार श्रेष्ठ अतिथिको आसनमा रहनुभएको थियो भने सञ्चालन स्थायी समिति सदस्य कुमार वेल्वासेले गर्नुभएको थियो। नेकपा मालेका केन्द्रीय सदस्यहरु, सल्लाहकारहरु, जनवर्गीय संगठनका नेताहरु तथा शुभेच्छुकहरुको सहभागिताले कार्यक्रमको हल खचाखच भरिएको थियो।

## राष्ट्रवाद...

ब्रिटेन र रसियासँग सन्तुलित सम्बन्ध बनाए, त्यहाँका शाह अर्थात् राजाले। सुरुमा दुवै देशको प्रभाव देखिए पनि सन् १९१७ को अक्टोबर क्रान्तिपछि रसियाले पर्सियाबाट आफ्ना सेना फिर्ता लग्यो। सन् १९२१ मा 'इरानको राष्ट्रवादलाई अपमानित हुन नदिने' उद्घोषण गर्दै सैनिक अधिकृत रेजा पहलवीले सैनिक विद्रोह गरेर शासनसत्ता हातमा लिए। उनले राष्ट्रवादी सरकार बनाए। आफैँ रक्षामन्त्री (युद्धमन्त्री) भए। विदेशीले खोलेका तेल कम्पनी सेनाले कब्जा गर्‍यो। सेनाको तर्क थियो- इरान इरानीको मात्र हो, विदेशीको रजाइँ गर्ने ठाउँ होइन।

इतिहास पढ्दा हामी रोमाञ्चित हुन्छौं। राष्ट्रको धर्म, संस्कृति, परम्परा, मूल्य/मान्यता र इतिहास नै मासिने अवस्था आउँदा धेरै राष्ट्रमा जनता, सेना, बुद्धिजीवी सबै जाग्छन्। त्यसबेला विदेशीका आज्ञाकारी भाग्छन्।

ब्रिटेनले अफगानिस्तानमा हुकुम चलाउने निहुँमा ब्रिटिस फौजले अफगानिस्तानसँग युद्ध ग(यो। 'भाडाका सिपाही' बनेर नेपालबाट गएका 'गोर्खाली' युवक पनि युद्धमा सामेल भए। अमानुल्लाह खानले ब्रिटेनका नचाहिँदा सर्त स्वीकार गरेर राष्ट्रलाई क्षति पुर्‍याएकामा जनता रिसाए। सेना पनि रिसायो। फलतः उनलाई अपदस्थ गरेर सन् १९२९ मा महमद नादिर शाहले सेनाको मद्दतले राष्ट्रवादी सरकार बनाए। ४ वर्षपछि उनको हत्या भयो। त्यसपछि उनका छोरा जाहिर शाहलाई जनताले राजा बनाए।

राजा महेन्द्रको शासनकालमा जाहिर शाहले नेपाल भ्रमण गरेर आफ्ना अनुभव सुनाए। विदेशी शक्तिको दबाबबाट राष्ट्रलाई सुरक्षित राख्न शासक, जनता र सेना मिलेर बस्नुपर्छ भन्ने सल्लाह-सुझाव दिए। सन् १९४६ मा संयुक्त राष्ट्रसंघको सदस्य बन्यो, अफगानिस्तान। जनताका लागि हजारौँ सत्कर्म गरे पनि बाह्य शक्तिको षड्यन्त्रमा परेर सन् १९७३ मा उनको सत्ता पल्टाइयो। त्यसपछि त्यहाँ गृहयुद्ध गराए विदेशीले। लाखौँ मानिस मरे। लाखौँ जना शरणार्थी भए। जनता सयममै ब्युँझिएर विदेशी षड्यन्त्रकारीलाई लखेटेनन् भने विदेशीले हामीलाई शरणार्थी बनाउने निश्चित छ भन्ने शिक्षा यस्ता उदाहरणबाट लिन सकिन्छ। राष्ट्रको धर्म, संस्कृति, परम्परा, मूल्य/मान्यता र इतिहास नै मासिने अवस्था आउँदा धेरै राष्ट्रमा जनता, सेना, बुद्धिजीवी सबै जाग्छन्। त्यसबेला विदेशीका आज्ञाकारी भाग्छन्।

सन् १९४८ फेब्रुअरीमा स्वतन्त्र भयो श्रीलंका। भियना महासन्धि (सन् १८१५) अनुसार डच शासकले ब्रिटेनलाई सो भूमि हस्तान्तरण गरेपछि स्वतन्त्रताका लागि जनताले संघर्ष गरिरहे। लामो संघर्षपछि स्वतन्त्र भएको श्रीलंका (पुरानो नाम सिलोन) आफ्नो प्रभावमा रहोस् भनेर अंग्रेजहरूले अनेकौं कोणबाट खेलिरहे। सन् १९५६ मा राष्ट्रवादी दल सत्तामा आएपछि राष्ट्रवाद प्रबल हुन थाल्यो। सन् १९८० को दशकमा भारतीय मूलका तमिलहरूलाई उकासेर भारतले श्रीलंका टुक्र्याउन खोज्यो। गृहयुद्धमा लाखौँ मानिस मरे। तर शासक, सेना र जनता राष्ट्रवादी भएकाले देश टुक्रिन पाएन। राष्ट्र सर्वोच्च हुन्छ भन्ने सत्यलाई आत्मसात् गरे उनीहरूले।

फ्रान्स र ब्रिटेनको षड्यन्त्रमा परेको थाइल्यान्डले सतर्क भएर कूटनीति सञ्चालन गरिरह्यो। सन् १९४६ मा राष्ट्रसंघको सदस्य भएको सो राष्ट्रमा पटकपटक सैनिक विद्रोह भए पनि राजा, सेना र जनता विभाजित छैनन्। राष्ट्रिय हितका विषयमा सेनाले सूक्ष्म अध्ययन गरिरहन्छ। राष्ट्रघातीलाई सत्तामा जाने मौकै दिँदैन।

राष्ट्रवादको आवरणमा घोर अराष्ट्रवादी र विदेशीका कठपुतली पनि शक्तिशाली बन्न सक्छन्। जर्मनी र नर्वेबीच सम्बन्ध बिग्रँदैं गएपछि नर्वेका नेता क्विजलिङलाई सच्चा राष्ट्रवादी भन्दै जर्मन सरकारले प्रायोजितरूपमा प्रचार गरायो। रक्षामन्त्री भएका बेला उनले आफ्ना राजालाई परास्त गर्न जर्मन फौज बोलाए। जनताले पछि उनलाई मृत्युदण्ड दिए। नेपालमा पनि एकजना कम्युनिस्ट नेताले भारतीय सेना ल्याएर भए पनि राजनीतिक परिवर्तन गर्नुपर्ने प्रस्ताव राख्दा (२०४६ सालमा) मदन भण्डारीले उनको सातो लिएका थिए। जुन कुरा राधाकृष्ण मैनालीले आफ्नो पुस्तकमा लेखेका छन्। तेह्रथुमका वामपन्थी नेता खगेन्द्रराज सिटौलाका अनुसार ललितपुरको एउटा गोप्य बैठकमा रौतहटका एक चर्चित नेताले भारतीय सेना ल्याएर राजा वीरेन्द्रलाई पाता फर्काउनुपर्छ भनेका थिए।

कार्यनीति र रणनीति राष्ट्रवादी देखाउने तर व्यवहारमा महाकाली सन्धिजस्ता राष्ट्रघात गर्ने र क्रिस्चियन गुरुको वीर्यमिश्रित रक्सी (होली वाइन ?) पिएको भन्दै सत्तासीनहरूकै बदनामी भएको छ। सर्वहारा वर्गलाई आजका कम्युनिस्ट शासक चिन्दैनन्। राष्ट्र टुक्र्याउँछु भन्ने र सेना भनेको 'बलात्कारी फौज हो' भन्नेहरू वर्तमान प्रधानमन्त्रीका परम मित्रशक्ति हुन् भने राष्ट्रनिर्माताका सन्तति, राष्ट्रवादी शक्ति र धर्म-संस्कृति रक्षा गर्नुपर्छ भन्नेहरूलाई प्रधानमन्त्रीले शत्रुवत् व्यवहार गर्दै आएका छन्। आफ्नै दलका राष्ट्रवादीहरूलाई समेत उनी शत्रु ठान्छन्। अब भन्नुहोस्, यो सरकार कति राष्ट्रवादी हो ?